अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको परिचय

संस्कारको अर्थ हो - शुद्ध गर्ने वा पूर्ण बनाउने प्रक्रिया वा विधि । हाम्रो हिन्दू जीवनदर्शनअनुशार मानिसले संसारमा जन्म लिएर मात्र पुग्दैन । जन्म केवल एउटा घटना हो । जन्म बाट जीवन प्राप्त गरेपछि त्यसलाई सफल र अर्थपूर्ण बनाउन आजीवन लागिरहनुपदर्छ । यसो नगरे यो जीवन असफल हुन्छ नै, भावी जीवनमा समेत यसको प्रतिकूल असर पर्न जान्छ । यसकारण, व्यक्तिले जीवनमा अनेक प्रकारका धार्मिक र सामाजिक कार्यहरु सम्पन्न गरी जीवनलाइ शुद्ध र परिष्कृत बनाउनु आवश्यक छ । यही धारणा बाट प्रेरित भएका हाम्रा पूर्वजहरुले जीवनलाई उत्सवमय बनाउन थुप्रै अवसरहरुको सृजना गरे । ती अवसरहरुलाई नै हामी हिन्दू संस्कार भन्दछौ (खत्री, बि.स. २०५८, पृ:१२७) ।

यस शोधमा कास्की जिल्लाका ब्राह्मण समुदायमा प्रचलित प्रमुख संस्कारहरु - जातकर्म, नामाङकरण, अन्नप्राशन, उपनयन, चुडाकर्म, विवाह र अन्त्यष्टिको वर्तमान अवस्थाको अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

हिन्दू धर्ममा पुनर्जन्ममा विश्वास गरिन्छ । भगवान विष्णुले २४ पटक सम्म अवतार लिनुभयो । हामि हिन्दु धर्मालम्वीहरुले शरिर नासवान हुन्छ, आत्मा अमर हुन्छ भन्ने धार्मिक विश्वास लिई रहेका छौ । जव हामिले देह त्याग गर्दछौ तव हाम्रो आत्मा अन्य जीवनमा प्रवेश गरी क्रियासिल रहिरहन्छ भन्ने हाम्रो

मान्यता छ । हिन्दू धर्ममा बेद, गाई, देवमुर्तिको पुजा गरिन्छ । कारण वेदमानै मन्त्र विधि, पुजा विधि, गौपुजा र गोरक्षा आदिको ब्यबस्था छ । त्यस्तै गाईलाई पुज्नु, गाईदान (गोदान) गर्नु, आत्मा शुद्धिका लागि पञ्चगब्य (गाईको दुध, दहि, घिउ, गहुत र गोबर मिसाई बनाईएको पवित्र वस्तु) खानु, गोवध नगर्नु, गोवशको रक्षा गर्नु अनिवार्य गरिएको छ । हिन्दू धर्मका प्रतिकका रुपमा भगवान नारायण, ब्रह्मा, विष्णु, महेश्वर, श्रीराम, श्रीकृष्ण, भगवती दुर्गा, महाकाली, महालक्ष्मी, महासरस्वती आदिलाई मानिन्छ । भगवान शिवको प्रतिकको रुपमा शिवलिङगलाई पुजा गर्ने परम्परा हिन्दूधर्ममा पहिले देखिनै रहिआएको छ । अर्थात देवि देवताको मुर्ति बनाई पुजा गर्ने परम्परा हिन्दू संस्कारभित्र पर्दछ ।

समाजमा विविध किसिमका जातजाति धर्म, संस्कार, संस्कृति, परम्परा र इतिहास भएका मानिसहरुको बसोबास भएको पाइन्छ । जसले गर्दा समाज एक बृहत मानविय अन्तरसम्बन्धको जालो हो । जन्म देखि मृत्युसम्ममा गर्ने गरिने विविध संस्कारले समाजमा आआफ्नो प्रकार्य गरिरहेका हुन्छन् । जसमा मानिस यस पृथ्वीमा पाइला टेकिसकेपछि वा मानिस जिवनमा सर्वप्रथम गरिने एक महत्वपुर्ण संस्कारका रुपमा जन्मसंस्कारलाई लिईन्छ । ब्रतवन्ध, विवाह र अन्तमा अन्त्यष्टि संस्कार गरिन्छ । यी सामाजिक संस्कारहरुले समाजको संरचना निर्माण भएको हुन्छ ।

ब्राह्मण जातिमा जन्म संस्कार अनिवार्य, महत्वपुर्ण र आवश्यकिय संस्कार हो । मृत्यु संस्कारले मृतकलाई मोक्षमार्ग तिर अग्रसर हुन सजिलो पर्दछ । ब्राह्मण जातिमा जन्म देखि मृत्यु संस्कारमा परम्परागत समयमा र वर्तमान समयमा के परिवर्तन आएको छ ? हाल आएर सुचना, आधुनिकीकरण, विश्वव्यापीकरण, शहरीकरण, र चेतनाको वृद्धी र विकासले गर्दा के परिवर्तन ल्याएको छ ? जन्म देखि मृत्य संस्कारमा विगतमा के गरिन्थ्यो ? सस्कारमा आवश्यककिय सामानहरु के के थिए ? पुर्व रुपमा जन्म संस्कार विधि कस्तो थियो ? मृत्यु भनेको के

हो?पहिला यो विधि कस्तो थियो र हाल आएर केकस्तो परिवर्तन भईरहेको छ ? विधिहरु के कस्तो छन् आदि । यो अध्ययनको क्रममा निम्न बुदाहरुलाई शोध समस्या का रुपमा प्रस्तुत गरिनेछ ।

१.कास्की जिल्लाका ब्राह्मण समुदायको बसोवासको अवस्था बारेमा खोजी नहुनु ।

२. कास्की जिल्लाका ब्राह्मण समुदायमा कति संस्कारहरु हाल प्रचलनमा छन भन्ने कुराको खोजी नहुनु ।

३ कास्की जिल्लाका ब्राह्मण समुदायको प्रमुख संस्कारहरु सम्पन्न गर्ने वर्तमान विधि र त्यसको अवस्था खोजी नहुनु ।

## १.३ अध्ययनको उद्धेश्य

अनुसन्धानका प्रकृति अनुसार आ-आफ्नै किसिमका उद्धेश्यहरु हुन्छन । जसले गर्दा यस अध्ययनको पनि अफ्नो मौलिक उद्धेश्यहरु छन् । यहाँ कास्की जिल्लाका ब्राह्मणहरुको संस्कारगत क्रियाकलापको बारेमा विस्तृत रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ । यस अध्ययनमा सैद्धान्तिक र व्यवहारिक महत्व रहने छ । यस अध्ययनबाट प्राप्त हुने जानकारीले ब्राह्मणहरुको संस्कारगत पक्षको वर्तमान स्वरुप र अवस्थाको बारेमा थाहा हुन्छ । परम्परा, चालचलन, रितिरिवाज आदिको बारेमा पनि सैद्धान्तीक ज्ञान प्राप्त हुन्छ । यस ज्ञानवाट अन्य जातिसँगको अन्तरसम्बन्ध एवम् सैद्धान्तीक ज्ञान प्राप्त हुन सक्दछ । यस अध्ययनको अर्को पक्ष व्यवहारिक महत्वलाई लिन सकिन्छ । यस अध्ययनको संस्कारगत पक्षको वर्तमान अवस्थाको बारेमा प्राप्त हुने जानकारीले ब्राह्मण समुदायमा विगतसमयम जन्म एवम मृत्यु संस्कारका वस्तुस्थीतीका बारेमा अध्ययन र मुल्याकन गर्ने जस्ता व्यवहारिक कार्य उपयोगी हुन सक्छ ।

ब्राह्मण जातिमा संस्कार , संस्कृति, र पहिचानको संरक्षण सम्वर्द्धन र परिमार्जनले  आफ्नो समाजकोनै उत्थान हुन्छ । परम्परागत रुपमा ज्यादै

महत्वपुर्ण रहेको मौलिक संस्कारहरु लोपहुन नदिन र आफ्नो संस्कार संस्कृतिलाई यथासम्भव कायम गरी पछिल्लो समयका सन्ततिहरुलाई क्रमिक रुपमा हस्तान्तरण गर्ने यस अध्ययनको एक उद्धेश्य हो । त्यस्तै ब्राह्मणहरुको जन्म देखि मृत्यु संस्कारको परिचयात्मक महत्व उजागर गर्दै संस्कारगत परिवर्तनका कारक तत्वहरु वा परम्परागत मुल्य मान्यतालाई विस्थापित गर्दै जाने तत्वहरुको पहिचान गरी, जसको निराकरण गर्दै आफ्नो संस्कारको संरक्षण र सम्वर्द्धन गर्नु यस अध्ययनको उद्धेश्य रहेको छ ।

विशेषतः यस अध्ययनको मुख्य उद्धेश्य कास्की जिल्लाका ब्राह्मण जातिको प्रमुख संस्कारहरुको अध्ययन, अनुशन्धान, वर्तमान अवस्था र तत्थ्यपरक विश्लेषण गर्नु रहेको छ । यी मुख्य लक्ष्य प्राप्तगर्नका लागि निम्नानुसारका विशिष्ट उद्धेश्यहरु राखिएको छ ।

१.कास्की जिल्लाका  ब्राह्मण समुदायको बसोवासको अवस्था बारेमा खोजी गर्नु ।
२. कास्की जिल्लाका ब्राह्मण समुदायमा कति संस्कारहरु हाल प्रचलनमा छन भन्ने कुराको खोजी गर्नु ।

३ कास्की जिल्लाका ब्राह्मण समुदायको प्रमुख संस्कारहरु सम्पन्न गर्ने वर्तमान विधि र त्यसको अवस्था खोजी गर्नु ।

## १.४ पूर्व साहित्यको समिक्षा :

नेपालको पुर्वमेचि देखि पश्चिम महाकालिसम्म विभिन्न जातजातिहरुको वसोवास रहेको छ । यी क्षेत्रहरुमा बसोबास गर्ने जातजाति, भाषा, धर्म, रितितिवाज फरक फरक छन् । नेपालमा सांस्कृतिक अध्ययन र अनुशन्धान गर्नका लागि निकै सम्भावनाका विषयहरु देखिन्छन् तर अध्ययन त्यति पुरानो देखिदैन । बि.स. २००७ सालमा राणा शासनको अन्त्यपछी नेपालमा सांस्कृतिक अध्ययनको सुरुवात भएको पाईन्छ ।  स्वदेशी तथा विदेशी संस्कृतविदहरुले खोज मुलक

कार्यहरु गरेको पाईन्छ । प्रथमतः गोपाल सिहं नेपालीद्धारा (१९६५) मा किर्तिपुरको पाँगामा वसोवास गर्ने नेवार समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक पक्षको बारेमा अध्ययन गरेको पाइन्छ । ब्राह्मणहरुका संस्कार संग सम्बन्धित सान्दर्भिक साहित्यको पुनरावलोकन निम्न अनुशार प्रस्तुत गर्न सकिन्छ ।

बिस्ट (२००७) ले सबै जातिको फुलबारी भन्ने पुस्तकमा बहुजातिय व्यवस्था भएको मुलुक हो । जहा जात विशेष अनुशार आ-आफ्नै संस्कार संस्कृति र परम्पराहरु रहेका छन । जसले गर्दा नेपाल विविधता भित्र एकता भयको मुलुक हो । यहा म र मेरो होइन हामि र हाम्रो भन्ने भावनाले आपसी सम्वन्ध विस्तार भएको कुरा गर्नु भएको छ । बाहुन क्षेत्रिलाई अधिराज्य भित्र सवैभन्दा प्रख्यात जाति भने हुन्छ । किनभने अधिराज्यको हरेक भाग हिमाल देखि मधेशसम्म र महाकाली देखि मेचि सम्म जहा खोजेपनि पाइने जात बाहुन क्षेत्रिनै हुन । अधिराज्यभरि यक्तिकै ब्यापक रुपमा फैलिएर बसेका अरु कुनैपनि वर्ग छैनन् । बाहुन क्षेत्रिको विहेवारि साधारणतया आफ्नो जातभित्रमात्र हुन्छ । तर आफ्नै थरभित्र पुस्ता जोड्न नसकिनेमा पनि दाजुभाई मान्ने चलन हुनाले एउटै थर भित्र साधारणतः विहे गरी लेनदेन गर्ने चलन हुदैन । ठकुरी र राणाहरुमा बाहेक अरुमा फुपुचेला र मामाचेला पनि विहे गर्दैनन् ।

महिलाहरु विवाहपछि र लोग्ने मानिसको व्रतवन्धपछि मात्र जातले पाउने उचित स्थान पाई पुरा जातमा उकालिन्छन् । विहे नभएकी छोरि र ब्रतबन्ध नभएको छोराले जातको थान्को पाएका हुदैनन् । त्यसैले बाहुनका छोराले सात वा नौ वर्षमा र क्षेत्रिका छोराको कही ढीलो तेह्र चौध वर्ष भित्र ब्रतबन्ध गर्ने चलन छ । तर आजकल अत्याधुनिक पढेलेखेका केटा विहे हुनुभन्दा अघि मात्र ब्रतबन्ध गर्ने पनि गर्छन । तर हिन्दुधर्मको परिष्कृत चालचलन बसालिसकेका र यसको असरमा परेका बाहुन क्षेत्रिले मात्र यो चलन पछ्याउछन् । मान्छे मर्दा छोरा वा नजिकका दाजुभाईले तेह्रदिन जुठो बार्ने चलन हुन्छ । छोरा हुनेका छोराहरुले र

नहुनेका भाइभतिजाले तेह्रदिन किरियाबसी पितृलाई प्रेतलोकबाट उतारी स्वर्गलोकमा पठाईदिनु पर्दछ । यति नगरे प्रेतभई आफुले दुख भोग्ने र बाच्ने इस्टमित्रलाई समेत दुख दिने गर्दछन् भन्ने बिस्वास छ ।

मरेका पुर्खालाई वर्षको एकपल्ट श्राद्धगरी पिण्ड तर्पण पनि गरिन्छ । श्राद्ध गरी पिण्ड तर्पण दिने काम छोराले गर्नुपर्ने हुदा र यस्तो नगरेमा मरेका मानिसको अर्को लोकमा नराम्रोभई अगति पर्ने हुनाले बाहुनक्षेत्रिहरुमा अरु कारणले नभएपनि यति नै कारणका लागी मात्र पनि छोरो कमसेकम एउटा पाउने ठूलो प्रेरण हुन्छ । त्यसैले छोरा बेलैमा नभएमा तिर्थवर्त, दानदक्षीणा र अरु किसिमका धर्म पनि गर्छन । छोरो जन्माउन नसक्नेहरु वडो चिन्तित र दुखि हुन्छन ।

मर्दाको जुठो बाहेक बाहुनक्षेत्रिका आइमाई सुत्केरि हुदा एघार दिनसम्म सुतक भनि बार्ने गर्दछन र त्यस अवधिभित्र सुत्केरी आइमाई र बालकलाई छुनु हुदैन । एघार दिनमा बालकको नामाङकरण गरी बाहुन पुरोहितले चोख्याएपछि मात्र सवैले छुन हुन्छ । आइमाई रजस्वला हुदा तिनदिनसम्म बाबु दाजुभाई आदि समेतको मुख हेर्न नहुने हुदा लुकेर कडा प्रतिवन्धका साथ बार्ने काम गर्नुपर्दछ । तर यि सवै चलन आधुनिकताको नाममा अति चाडो छुट्दै गएका छन् । हुनसक्छ दुईचार वर्ष अघि पहिलो पटक पुरोहितबादको सम्पर्कमा आउदा त्यक्तिकै चाडो नै यी चलनहरु आधुनिकताकै नाममा खसहरुले सिकेका पनि थिए होलान ।

शर्मा (२०३९) ले हाम्रो समाज एक अध्ययन मा वैवाहिक प्रसंङ्ग मा एउटा उच्च जातिको ब्यक्तिले आफुभन्दा निम्न जातकी स्त्रीसित विवाह गर्न सक्दछ तर निम्न जातको ब्यक्तिले उच्च जातकी स्त्रीसीत विवाह गर्न सक्दैन किन्तु केहि स्मृतिकारहरुले एउटा तेस्रो मार्ग पनि निकालेको पाईन्छ । यदि एउटै जातका मातापितावाट कुनै सन्तति भयो भने त्यस्तो संन्तान जन्मले नै त्यसै जातिको हुन्छ तर एउटा उच्चजाति वा वर्णको ब्यक्तिले आफुभन्दा निम्न जातकी स्त्रीसित विवाह गर्‍यो भने त्यस्तो विवाहलाई अनुलोभ विवाह भनिन्छ । त्यस्तो विवाहबाट

उत्पन्न सन्ततिलाई अनुलोभ नै भनिन्छ । यसै प्रकार कुनै उच्च जातिको स्त्रीको विवाह कुनै निम्न जातको पूरुषसित भयो भने त्यस्तो विवाहलाई प्रतिलोभ विवाह भनिन्छ । । त्यस्तो विवाहवाट उत्पन्न सन्तानलाई पनि प्रतिलोभ सन्तति भनिन्छ । वैदिक साहित्यमा अनुलोभ प्रतिलोभ शव्द विवाहको अर्थमा प्रयुक्त भएको पाइदैन । वृहदारण्य कोपनिषद, कौषीतकी ब्राहणोपनिषद्का अनुशार एउटा ब्राहमण ब्रहमज्ञानका लागि कुनै क्षत्रिय कहा गयो भने त्यसलाइ प्रतिमोल गति भनिन्छ । संभवत यही भावना पछि विवाहको अर्थमा पनि प्रयक्त हुन थाल्यो होला । प्रतिलोभ को भावना उत्पन्न भएपछि अनुलोभको भावना स्वतः आउने नै भयो भनेका छन ।

त्यसै गरी उनले आफ्नो पुस्तकमा उपाध्याय ब्राह्मणमा कुनै सजातिय स्त्रीको जारी विवाह, पुर्नविवाह वा विधवा विवाह स्वीकृत छैन र त्यसो भयो भने त्यसवाट जन्मेको बालक उपाध्याय नभएर जैसी हुन जान्छ तर जैसी समाजमा त्यस्तो भएमा त्यसको जातक जैसी नै हुन्छ । भनाइको तात्पर्य हो जैसी समाजमा सजातिय स्त्रीसित जारी विवाह वा जातिको विधवा विवाह पनि स्वीकृत छ । त्यस्तो विवाहवाट उत्पन्न जातक हीनवर्ण वा जातिको मानिदैन । जैसिहरु उपाध्यायका सधवा अथवा विधवासित पनि पुर्नविवाह गर्दछन् । र यस्तो विवाहवाट उत्पन्न सन्तति उत्तमकोटिको जैसि मानिन्छ । त्यसैकारण उपाध्येका विधवा जैसिका विर्ता भन्ने उखान नेपालि समाजमा पैख्यात भएको छ । जैसि बाहुनले आफुभन्दा निम्न पानी चल्ने सम्म जातकी स्त्रीसित जुनसुकै प्रकारको विवाह गरे पनि त्यसवाट जन्मेको संन्तती क्षेत्रिय कहलाउदछ तर ठकुरी जातकी क्षेत्रिय स्त्री भए त्यो उपाध्यायको संन्तती जस्तै हमाल हुन आउछ भन्ने कुरा उल्लेख गरेका छन ।

खत्री (२०४४) ले नेपाली समाज र संस्कृति मा जीवन खराव तत्वहरुको असर पर्न नदिनु र असल गुणको समावेश औ अभिवृद्धि गरी जीवन लाई स्वच्छ

सुखमय बनाउनु संस्कारहरुको उदेस्य हो । वैदिककालका हाम्रा पूर्वजहरुलाई आफ्ना वरिपरि तलमाथी अनेक प्रकारका खराव तत्वहरु छन् तिनिहरुले मानवलाई अनेक कष्ट दिइरहन्छन भन्ने विश्वास थियो । फलतः उनिहरु यी सवै प्रकारका तत्व हरुवाट छुट्करा पाउन सधै सचेत रहन्थे । यसैक्रममा उनिहरुले केहि संस्कारहरुको सृजना गरे । पछि तिनिहरुमा धेरै नया कुराहरु थपिदै गए । मानिसले यस अवसरमा आफ्नो भौतिक सम्पत्तिको वृद्धि, सुखप्राप्ती जस्ता कामनाहरु थपिदै गए । मानिसले यस अवसरमा आफ्नो भौतिक सम्पत्तिको वृद्धि, सुख प्राप्ती जस्ता कामनाहरु कुनै अदृष्य शक्ति समक्ष राख्न थाल्यो । तर पनि संस्कारहरुको अध्यात्मीक पक्ष सधै प्रवल नै रहिरह्यो । प्रशिद्ध विधिशास्त्री मनुले जिवनमा सवै अपवित्रताहरुलाई हटाउननै विभिन्न संस्कारहरु सम्पन्न गर्नुपरेको कुरो उल्लेख गरेका छन् । यस्ता संस्कारहरु लाई पुरा नगर्ने लाई ब्रात्य भनेर प्राचिन कालमा घृणाको दृष्टिले हेरिन्थ्यो । संस्कारको अर्को प्रमुख तात्पर्य स्वर्ग वा मोक्ष प्राप्ती पनि हो । यसरी वाचुन्जेल ब्यक्तिको ब्यक्तित्व विकाश गर्न र मरेपछि स्वर्ग स्थान प्राप्त गर्न सहायता गर्ने हुनाले हिन्दू संस्कारहरु जीवनका आवश्यक अंग समान महत्वपुर्ण मानि आजसम्म सम्पन्न गरिदै आएका हुन ।

जन्म देखि मृत्यु सम्म पुरा गरिने हिन्दु संस्कारलाई संस्कृतिविधहरुले पाच वर्गमा वाडेका छन् ।

क) जन्म लिनुभन्दा पहिले मनाइने संस्कारहरु जस्तै गर्भाधान, पुंसवन, सीमान्तोनयन आदि

ख) बाल्यकालका बृद्धि संस्कारहरु जस्तै जातकर्म, नामकंरण, निष्क्रमण, अन्नप्राशन, चुडाकर्म, कर्णवेध आदि

ग) बृद्धि एवम् शैक्षिक संस्कारहरु जस्तै विधारम्भ, उपनयन (ब्रतवन्ध) र वेदारम्भ

घ) वैवाहिक संस्कार र

ङ) अन्त्यष्ठि - मृत्युसित सम्वन्धीत संस्कार

बासु बराल (२०४४) ले हिन्दू सामाजिक सङ्गठनको प्रारुप पुस्तकमा खासगरी गृहसुत्रहरुमा संस्कारबारे प्रसस्त उल्लेख भएको भेटिन्छ । धर्मसुत्र तथा स्मृति हरुमा समेत संस्कारहरुको उल्लेख भएको पाइन्छ तर यस सम्वन्धमा कसैको पनि मतैक्यता छैन । विभिन्न आचार्य एवं विद्धानहरुले संस्कारका विभिन्न भेदहरुको बर्णन गरेका छन् । गौतम धर्मसुत्रले हिन्दुहरुको जिवनमा चालिस संस्कारहरु छन् भनि उल्लेख गरेको छ । बैखासन गृहसुत्रले अठार संस्कारहरुको वर्णन गर्दछ भने पारस्पर, बौद्धाकन, बाराह गृहासुत्र तथा मनुस्मृतिमा तेह्र संस्कारहरुको वर्णन भेटिन्छ । त्यो हो गर्भाधान, विवाह र मृत्यु । यजुर्वेदमा उपनयन र मुण्डनको पनि उल्लेख छ । ब्राह्मणग्रन्थ र उपनिषदमा समेत एउटा ब्यवस्थित संस्कारको रुप फेला पर्दैन । तर पछि गएर मात्र संस्कारहरुको संख्या निश्चत गर्ने प्रयास भएको दृष्टिगोचर हुन्छ । एकताका त संस्कारहरुको संख्या बढाउन धर्मसुत्रहरुमा होड चलेको बुझिन्छ । किनकि अश्वलायनले एधार, पारस्कर, बौद्धयान र मनुस्मृतिले तेह्र तथा गौतम धर्मसुत्रले चालिसवटा संस्कारहरुको वर्णन गरेको छ । अनि ऋषि दयानन्दले सवैलाई समन्वयन गरी सोह्र संस्कारहरु निर्धारण गरे । अतः सख्याको विवादलाई यहि टुग्याई उनले केहि मुख्य संस्कारहरु ( गर्भाधान पुंसवन, जातकर्म, नामाकरण, निष्क्रमण, अन्न प्राशन, चुणार्कम, विधारम्भ, उपनयन, विवाह, अन्त्यष्टि) लाई समावेश गरेका छन् ।

चापागाई (२०६४) ले समाज र संस्कृति पुस्तकमा संस्कृति भनेको परापुर्व कालदेखि वा हाम्रो पुर्खाले विगत देखि गर्दै आएको रितिरिवाज चालचलनलाई नै हामि संस्कार, संस्कृति का रुपमा लिन्छौ । जसमा हामि परिमार्जन गर्दै हाम्रो परम्परालाई निरन्तरता दिनु भनेको हामिले निर्माण भैसकेको भवनमा केही ईटाहरु थप्ने काम गरेका हौ भन्ने कुरा प्रष्ट्याउनु भएको छ । जसका अनुशार संस्कृति मानिसका सिर्जनात्मक संस्कृति शक्ति र योग्यताहरुको तथा समाजको विकासको ऐतिहासीक : निर्धारित स्तर हो । यो स्तर मानिसहरुको जिवन र क्रियाकलापको

संगठनका रुप एवं किसिमहरुमा तथा मानिसहरुद्धारा निर्मित भौतिक एव आध्यात्मिक मुल्यहरुमा व्यक्त हुन्छ ।

डा. नारायण प्रशाद अधिकारी (२०७५) ले हाम्रा सोह्र संस्कारमा सम्बन्धित कर्म गर्दा उच्चारण गरिने बेदमन्त्रहरुको पावन तथा शक्तिशाली ध्वनीतरङ्गले, यज्ञिय बातावरणले र त्यस बखत मनमा राखिने शुभ भावनाले वा तिनको संयुक्त स्पन्दनले ब्यक्तिको गुण, कर्म र स्वभावमा विशिष्ट परीवर्तन ल्याईदिन्छन् । यही नै यसवाट हुने आध्यात्मीक र मनोवैज्ञानिक उपचार हो । यस्तो उपचारले ब्यक्तिको ब्यक्तित्व विकासमा आश्चर्यायजनक परिणाम प्राप्त हुन्छ । र ब्यक्तिलाई सुसंस्कृत, विकसित, सौजन्यपुर्ण र कर्तब्यपरायण बनाउन मद्धत गर्दछ । शास्त्रहरुमा यस्ता संस्कारहरुको विस्तृत चर्चा गरिएको पाईन्छ । ऋषिहरुले देश, काल, पात्र र परिस्थिती अनुशार संस्कारहरुको संख्या कहि १२, १३, १६, २४, ३१ र कही ४८ सम्म रहेको पाइन्छ । हाम्रो परम्परामा ती मध्य सोह्र संस्कार बढी चर्चीत भएतापनि ब्यबहारमा भने ती सबैको समुचित पालना भएको पाइन्न । गर्भाधान त हुन्छ तर त्यसलाई संस्कारको रुप दिइन्न । पुसंवन, सीमन्तोन्नयन, जातकर्म जस्ता अत्यन्त महत्वपुर्ण संस्कारहरु गर्नै छोडिएका छन् । नामाङकरण ब्रतवन्ध, विवाह र अन्त्यष्टि संस्कारहरु विधिपूर्वक गरिएको देखिन्छ तर तीनका प्रयोजनको अज्ञानताले गर्दा विधिविधानमा त्रुटि देखिन्छन् । निष्क्रमण, अन्न प्राशन, मुण्डन वा छेवर, कर्णवेध, अक्षरारम्भ जस्ता कर्महरु परम्परित रुपमा मात्र गरिन्छन् । तर तिनमा प्रयक्त हुने विधिविधानहरुको प्रवाह गरिदैन । चुडाकर्म, उपनयन, बेदारम्भ र समावर्तनलाई ब्रतवन्धकै नामबाट त्यही समयमा एकैसाथ सम्पन्न गरिन्छ । तिनको पृथक महत्ववोध गर्न छोडिसकिएको छ । नाक, कान छेड्ने जस्ता परम्परागत कुराहरु पनि श्रृङ्गारका लागि गहना लगाउने उदेश्य बाहेक अरु प्रयोजन नदेखिनाले छुट्दै गएका छन् । सोह्र संस्कारहरु गर्भाधान, पुसवन, सीमन्तोन्नयन, जातकर्म, नामाङकरण, निष्क्रमण, अन्न प्राशन, केशान्त, कर्णवेध, अक्षरारम्भ, चुडाकर्म, उपनयन, वेदारम्भ, समार्वतन, विवाह र

अन्त्यष्टिहुन । यी वाहेक षष्ठी पुजन (छैठी), जन्मोत्सव र विवाहोत्सवलाई पनि आवस्यक संस्कार ठानियका छन् ।

यसरी विभिन्न विद्धानहरुले आफ्ना पुस्तक मार्फत हिन्दु धर्म र हिन्दु संस्कारहरुका विषयमा चर्चा गरेतापनि कास्की जिल्लामा बसोवास गर्ने ब्राह्मण समुदायमा के कस्ता संस्कारहरु प्रचलनमा रहेका छन ? र ति संस्कारहरुको वर्तमान अवस्था के कस्तो रहेको छ भन्ने वारेमा विस्तृत चर्चा नगरेको हुनाले यो शोध कार्य गर्नु परेको हो ।

## १.५ अध्ययनन  विधि

अध्ययन क्षेत्रमा रहेका ब्राह्मण हरुमा प्रचलित प्रमुख संस्कारहरुको वर्तमान अवस्थाको बारेमा यो अध्ययन केन्द्रीत रहेको छ । ब्राह्मण समुदायका मानिसहरुको आफ्नै मौलिक संस्कार र संस्कृति छ साथै आफ्नै रितिरिवाज, जन्म संस्कार, विवाह संस्कार, दाह संस्कार,चाडपर्व आदि छन् । यस्ता मौलिक संस्कार संस्कृतिलाई संरक्षण र सम्वर्द्धन गर्नु आजको आवश्यकता हो ।  त्यसैले यो शोधकार्य गर्न लागिएको हो । यो अनुसन्धान गुणात्मक अनुसन्धान हो त्यसैले यसका लागि सोहि वमोजिमको शोध विधि अवलम्वन गरिएको छ ।

**अध्ययनको ढाचा** :यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिने छ । अध्ययन क्षेत्रमा रहेका उल्लेखित समुहहरुको वर्तमान अवस्था, संस्कार तथा सास्कृतिक एकाईहरु, संस्काररु सम्पन्न गरिने स्थानहरु, तिनिहरुको वर्तमान अवस्था, साङ्केतिक अर्थ । उदेस्यहरुको अध्ययन गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ भने संस्कारहरुको वर्तमान अवस्थाको बारेमा अध्ययन गर्न अन्वेषणात्मक विधि तथा वर्णनात्मक अध्ययन विधिबाट यस क्षेत्रका ब्राह्मण हरुको प्रमुख संस्कारहरुको वर्तमान अवस्थाको बारेमा अन्वेषण गरिने छ ।

**तथ्याङ्कको प्रकृति र स्रोत :** यस अध्ययनका लागि प्राथमिक र द्धितिय स्रोतको प्रयोग गरिने छ । प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली, अन्तवार्ता, स्थलगत अध्ययन, अवलोकन, सम्वन्धित विषयमा विज्ञ व्यक्तिहरुसगको अन्तरक्रिया, समुहगत छलफल बाट तथ्यांक संकलन गरिने छ । द्धितिय स्रोत अन्तगर्त ब्राह्मण हरुको संस्कार संस्कृतिसगं सम्वन्धित विभिन्न लेख, रचना, पुस्तकहरु साथै वंशावली, विभिन्न पाण्डुलिपिहरु, केन्द्रीय तथ्याकं विभागबाट प्राप्त तथ्याङ्क लिइने छ ।

यस अध्ययनमा शोधकर्ताले पढेका, देखेका, भोगेका विषयवस्तुलाई अनुभवका आधारमा प्रस्तुत गरिने छ । कास्की जिल्लाका ब्राह्मणहरुका प्रमुख संस्कारहरु सम्पन्न गर्ने पण्डितहरु संग पनि प्रत्यक्ष अन्तवार्ता लिईएको थियो । विशेषत : अन्तर्वाता, सहभागी अवलोकन,  तथा तस्वीर संकलन आदी विभिन्न तरिकाले प्रयोग गरी प्राप्त सूचना र अनुभवहरुलाई तथ्य संकलनको आधार वनाइएको छ ।

**समग्रता र नमुना छनौट :** यस क्षेत्रका ब्राह्मण समुदायका मानिसहरुको कुल जनसंख्या १३६८३४ रहेको छ । अन्तर्वाताका लागी बिभिन्न स्थानका मानिसहरुलाई लिइने छ । कास्की जिल्लाका प्राय सवै क्षेत्रहरुमा ब्राह्मण समुदायको वसोवास रहि आएको छ । र तिनिहरुले गर्ने प्रमुख संस्कारहरुमा समानता देखिन्छ । संस्कार गराउने तथा संस्कारका विधिविधानको वारेमा विशेष जानकारी भएका उक्त अध्ययन क्षेत्रका ब्यक्तिहरु (पुरोहित) हरुलाई विशेष उत्तरदाता को रुपमा राखि संस्कारका विधिविधानहरुको विस्तृत जानकारी अन्तरवार्ता द्धारा प्राप्त गरिएको छ । संस्कारहरुका विधिविधानहरुमा आएका परिवर्तनहरुको बारेमा सवैभन्दा धैरै ज्ञान विधि गराउने पण्डितहरुलाईनै हुने भएकाले सुविधापूर्ण अन्तरवार्ताका लागि  उपलब्ध पण्डितहरुलाई  नमुना छनोट गरी  तथ्य संकलन गरिएको छ ।

**तथ्याकं संकलन विधिहरु :**यस शोधकार्यका लागि अनुसन्धानकर्ता आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरु प्रयोग गरि तथ्याकं संकलन गरिने छ ।

**१) प्राथमिक स्रोत** : प्राथमिक स्रोत अर्न्तगत निम्न विधिहरुबाट तथ्य संकलन गरिएको छ ।

**क) अन्तरवार्ता** : प्राथमिक तथ्याङ्क संकलनका आगि अन्तर्वाता एक महत्वपुर्ण विधिका रुपमा लिइन्छ । यस अन्तर्गत शोधकर्ता आफैले तयार पारेको प्रश्नावलीको आधारमा प्रमुख संस्कारहरुको वर्तमान अवस्था सम्बन्धी जानकारी लिइने छ । मुख्यत यसका लागि विभिन्न किसिमका पुजाआजा गर्ने व्यक्ति, पण्डीत, जातिगत संस्कारका अगुवा व्यक्ति (बुढापाका) , परम्परागत संस्कार र संस्कृति सम्बधी विज्ञ व्यक्तिहरुलाई पनि अध्ययनको तथ्याकं संकलनको आधार वनाइएको छ ।

**ख) अवलोकन :** अवलोकन विधिबाट सुचनादाताहरुले अनुशन्धानकर्तालाई दिन नचाहेको तथ्याकंहरु पनि संकलन गर्न सकिन्छ । यसमा अनुसन्धानकर्ताले आफुले देखेको तथा अनुभव गरेको तथ्यहरु संकलन गरिने हुदा सो तथ्याङ्कहरु गुणात्मक र औचित्यपूर्ण हुने विश्वास राखियको छ । यस अध्ययनमा प्रत्यक्ष सहभागिता मूलक अवलोकन विधिद्धारा संस्कारका वर्तमान अवस्थाको बारेमा तथ्याङ्क संकलन गरिएको छ ।

**ग) समुह छलफल :** अध्ययनको विषयसग सम्बन्धित सुचनाहरु संकलन गर्नका लागि ब्राह्मण वाहुल्य रहेका कतिपय ठाँउमा ससानो समुहमा संस्कारका जानकार व्यक्तिहरुलाइ समुहगत छलफल गराएर पनि सुचना संकलन गरिएको छट। छलफलमा विशेषगरी पण्डीतहरु र जानकार व्यक्तिहरुलाई सहभागी गराई छलफलको आधारमा सुचनाहरु संकलन गरिएको । कास्की जिल्लाका ब्राह्मण

हरुका संस्कार सम्वन्धि गरिने रितिरीवाज, मुल्य, मान्यता परम्पराका बारेमा विज्ञ व्यक्तिहरु, अनुगवी, बुढापाका, शिक्षक, राजनितीकर्मी, वुद्धीजिवी, समाजसेवी व्यक्तिहरुलाई मुख्य सुचनादाताका रुपमा लिएर तथ्याकं संकलन गरिएको छ ।

**ग) तस्वीर संकलन** : प्राथमिक स्रोत अन्तरगत संस्कारहरु सम्पन्न भैरहेका तस्वीरहरु संकलन गरेर पनि तथ्यहरु संकलन गरिएका छन ।

**२. द्वितीय स्रोतः**

यस अध्ययनमा प्राथामिक स्रोतका साथै द्वितीयस्रोतवाट पनि तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत ब्राह्मण समुदाय सम्वन्धि पुस्तक, पत्र पत्रिका, लेख रचना, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कलाई द्वितीय स्रोतका रुपमा लिई यिनिहरुबाट प्राप्त सुचना संकलन गरिएको छ । यसका लागि पश्चिमान्चल क्षेत्रिय पुस्तकालय पोखरा, केन्द्रिय पुस्तकालय किर्तिपुर लगाएत बिभिन्न अन्य पुस्तकालयको अध्ययन बाट प्राप्त तथ्याङ्ग संकलन गरीएको छ ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया** : यस शोधपत्रलाई व्यवस्थित र पुर्ण वनाउनका लागी प्राथमिक र द्वितीय स्रोतका माध्यमवाट संकलन गरियका तथ्याङ्कहरुलाई तिनीहरुको प्रकृति अनुशार वर्गिकरण गरिने छ । यसरी वर्गिकरण गरियका तथ्याकंहरुलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिने छ । गुणात्मक प्रकृतिको सुचनाहरुलाई आवश्यकता अनुशार व्याख्या र विश्लेषण गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई विस्तार गरिने छ । परिणात्मक प्रकृतिको तथ्याकंहरुलाई आवश्यकता अनुशार तालिका बनाई सुचनाहरुलाई तुलनात्मक र बोधगम्य बनाउन सांख्यिक विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिने छ ।

## १.६ अध्ययनको सिमा

कुनै पनि अध्ययन अनुसन्धानको आआफ्नै सिमाहरु हून्छन, सिमा बन्धित गर्नु पनि आवस्यक हुन्छ । त्यसैले यस अध्ययनलाई पनि यसरी सिमा बन्धित गरिनेछ ।

**भौगोलिक सीमा** : यो शोध कास्की जिल्लाका ब्राह्मण समुदायमा मात्र केन्द्रीत रहेको छ । कास्की जिल्ला बाहेक अन्य स्थानमा वस्ने ब्राह्मण समुदायको संस्कारहरुको विषयमा यो शोधकार्यले समेटेको छैन ।

**विषयगत सीमा** : साधारण रुपमा कास्की जिल्लाका ब्राह्मण समुदायको प्रमुख संस्कारहरुको वर्तमान अवस्थाको बारेमा मात्र यो शोधमा खोजि गरिएको छ । यस वाहेक कास्की जिल्लाकै ब्राह्मण समुदायको सामाजिक, सांस्कृतिक तथा अन्य धार्मिक अवस्थाको खोजि नगर्ने गरी यसको सीमा निर्धारण गरिएको छ ।

## १.७ अध्ययनको महत्व र औचित्य

सांस्कृतिक दृष्टिकोणले समाजमा रहने कुनै एक समुदायको अध्ययन एउटा महत्वपुर्ण विषय हो । यस्ता अध्ययनहरुले स्थानिय स्वरुप, जातजातिहरुको भुमिका, सामाजिक, सांस्कृतिक लगाएतका विविध पक्षको जानकारी गराउनुका साथै संस्कार र संस्कृतिको संरक्षण र सम्वर्द्धन पनि गर्दछन् । हरेक समुदायको आफ्नो मौलिक मुल्य, मान्यता, परम्परागत संस्कारहरु रहेका छन् । प्रत्यक संस्कार, संस्कृतिले राष्ट्रिय पहिचान र समाजलाई व्यबस्थित रुपले सञ्चालन गर्न महत्वपुर्ण भुमिका खेलिरहेका हुन्छन् । पश्चिमिकरण, विश्वव्यापीकरण र आधुनिकरणको प्रभावबाट मौलिक तहलाई बचाई परिवर्तनशील समाजमा समायोजन हुन सक्नु वर्तमान र भविस्यका लागि चुनौतीको विषय हो । वर्तमान

अवस्थामा हिन्दु ब्राह्मण हरुको संस्कारगत क्रियाकलापको बारेमा विस्तृत रुपमा अध्ययन गर्ने प्रयास गरिएको छ । यस अध्ययनवाट प्राप्त हुने जानकारिले ब्राह्मणहरुको सामाजिक, संस्कारगत तथा अन्य विविध पक्षको वर्तमान स्वरुप र वर्तमान अवस्थाको वारेमा थाहा हुन्छ । अरु जातजातिहरु तथा समुदायहरुको अन्तरसम्बन्ध तथा सैद्धान्तिक ज्ञान प्राप्त हुन सक्दछ भने ब्राह्मण समुदायमा विगत समयका संस्कारहरुका बस्तुस्थिति एवम संस्कारगत क्रियाकलापका बारेमा अध्ययन तथा मुल्याङकन गर्ने आदि व्यवहारिक ज्ञान प्राप्त हुन सक्दछ ।

यसको अध्ययनबाट हुने जानकारिले ब्राह्मण समुदायको संस्कारगत अध्ययनको बारेमा ब्याख्या गर्नेछ । त्यसैले पठन पाठनमा सहयोग पुग्दछ । संस्कारहरुको बारेमा ब्याख्या गरिने हुदा संस्कारहरु सम्पन्न गर्दा आवस्यक सामाग्रिहरु तथा विगत तथा बर्तमानमा संस्कारगत भिन्नताहरुको ज्ञान प्राप्त गर्न सकिन्छ ।

आफ्नो संस्कार, संस्कृति, मुल्य, परम्परालाई संरक्षण र सम्वर्द्धन गर्नका लागि बैज्ञानिक खोज, अध्ययन, अनुसन्धान गर्न आजको आवश्यकता हो । त्यसैले यस अध्ययन बाट कुनैपनि समुदायमा प्रचलित संस्कृति संरक्षणमा राम्रो फाईदा पुग्दछ । यसको अध्ययनले कुनै एक समुदायमा प्रचलित संस्कार एवम सस्कृति मात्र नभै सबै हिन्दुहरुको संस्कृति तथा सास्कृतिक गतिविधिहरुको संरक्षणमा मद्धत गर्दछ ।

अध्याय दुई

# कास्की जिल्ला र ब्राह्मण समुदायको परिचय

कास्की जिल्लाका ब्राह्मण समुदायमा प्रचलित संस्कारहरुको शोधकार्यगर्नु अघि कास्की जिल्लाको संक्षिप्त परिचय र यस जिल्लामा ब्राह्मण समुदायको वसोवासको अवस्था र उनिहरुको धार्मिक पृष्टभूमिको परिचय दिनु आवस्यक देखिन्छ। त्यसैले यहाँ यि पक्षहरुको संक्षेपमा चर्चा गरिएको छ।

## २.१ कास्की जिल्लाको परिचय

कास्की जिल्ला को परिचय : नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, ४ नं. प्रदेश गण्डकी अंचलका ६ जिल्ला मध्ये कास्की जिल्ला एक सुगम पहाडी जिल्ला हो । यो जिल्ला नेपालको भुगोलको केन्द्र भाग स्थित विश्व प्रशिद्ध अन्नपुर्ण हिमश्रृंखलाको दक्षिण काखमा अवस्थित रहेको छ। यो जिल्ला समुन्द्र सतहवाट न्युनतम करिब ४५० मिटर (मादी नदीको किनार) देखी अधिकतम करिब ८०९१ मिटर (अन्नपुर्ण प्रथम हिमाल) सम्म उचाईमा रहेको छ। उत्तर तर्फको मनमोहक हिम श्रृखला, सेती नदिको गहिरो गल्छी, पातले छ्रागो, प्राकृतिक गुफाहरु र फेवातालमा माछापुच्छ्रेको प्रतिविम्व यस जिल्लाका आभुषण तथा पर्यटकलाई आर्कषण गराउने महत्वपुर्ण प्राकृतिक सम्पदा तथा निधीहरु हुन । यस जिल्लाको क्षेत्रफल २०१७ वर्ग कि. मि. रहेको छ। यस जिल्लालाई पुर्वमा लम्जुङ र तनहुँ, पश्चिममा स्याङजा र पर्वत, उत्तरमा मनाङ र म्याग्दी र दक्षिणमा स्याङजा र तनहुँले सिमाना छुट्याएको छ । नेपालको दोस्रो ठुलो शहर पोखरा, दोस्रो ठुलो ताल फेवाताल र नौ तालको शहरको रुपमा परिचित क्षेत्रफलमा नेपालको सबै भन्दा ठुलो महानगरपालिका पोखरा महानगरपालिका यसै जिल्लामा पर्दछ। यस

बाहेक चारवटा गाउपालिकाहरु अन्नपुर्ण, माछापुच्छ्रे, मादि र रुपा गाउँपालिकाहरु यस क्षेत्रमा पर्दछन । स्थानिय तहको रुपमा यस जिल्लालाई पोखरा महानगरपालिकामा ३३ वडा र ४ वटा गाउँपालिकामा ३९ वटा वडा गरी जम्मा ७२ वटा वडामा बाडिएको छ । राष्ट्रिय जनगणना २०६८ अनुशार कास्की जिल्लामा ४९२०९८ जना मानिसहरु अक्सर वसोवास गरेका छन् । यस जिल्लाले नेपालको क्षेत्रफलको १.३७ प्रतिशत । जनसंख्याको १.८६ प्रतिशत अंश ओगटेको छ । ब्राह्मणहरुको जनसंख्या यस जिल्लामा अन्य समुदायको तुलनामा सवैभन्दा बढि ३२.२३ प्रतिशत रहेको छ ।जसअनुशार ब्राह्मण जनसंख्या १३६८३४छ । ७५ जिल्ला मध्य कास्की क्षेत्रफलमा २७ औ र जनसंख्यामा १९ औ स्थानमा रहेको छ । (कास्कीको तथ्याङ्कीय झलक, बि.स २०७४)

## २.२ कास्की जिल्लामा ब्राह्मण समुदाय र उनीहरुको वसोवासको अवस्थाः

आर्य जातिका मानिसहरु पश्चिम एशियातिरबाट आई भारतको पञ्जाब र त्यसपछि गंगाको फाटमा पुगेर वैदिक र पौराणिक हिन्दू धर्म तथा संस्कृतिको विकास गर्ने जाति थिए । त्यसैगरी आजको नेपाली राष्ट्रभाषा पनि आर्यहरुले बोल्ने संस्कृत भाषासित सम्बन्धित भारोपेली परिवारको उत्तर भारतीय भाषाहरु भित्रको हो । तीन हजार वर्ष भन्दा पनि पहिलेदेखि सिन्धु र गंगा नदीको फाँटमा हिन्दू धर्म र सभ्यताको ठूलो विकास हुदै आएको हो । (विष्ट, २००२,६८) हिन्दूस्थान तथा हालको पाकिस्तानमा रहेको सिन्धु नदी वरिपरीका क्षेत्र र त्यहाँ बसोवास गर्ने निवासीलाई वैदिक कालमा फारसीहरुले हिन्दू क्षेत्र र हिन्दू जाति भन्दथे । नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, इरान, वङ्गलादेशको सम्पूर्ण भूभागलाई पहिला पहिला आर्यवर्त र त्यसपछि हिन्दूस्थान भनिएको रहेछ । ( लामिछाने, २०६४, २) । आर्य जातिका मानिसहरु यसरी नेपालको पश्चिम क्षेत्र

प्रवेश गरी केही समय बसोवास गरी विविध कारणले नेपालभर फैलिएको हुनु पर्दछ । यही क्रममा कास्कीमा पनि ब्राह्मणहरु प्रवेश गरे र कास्कीमा आइ सकेपछि कास्कीकै विभिन्न गाँउ तथा नगरमा वसोवास गरिरहेका छन् ।

नेपालमा आर्यहरुको आगमन भारतबाट र मंगोलहरुको आगमन चीनतर्फबाट भएको हो । यही क्रममा नेपालका अधिकांश जाति समुदाय पश्चिम नेपाल बाट देशैभरी सवै जिल्लामा फैलिएको मानिन्छ । ब्राह्मणहरु जिल्लाका प्राय सबै क्षेत्रहरुमा कहि छरिएर र कहि एकृकित रुपमा पनि बसेका छन् । ब्राह्मणहरुको प्रमुख संस्कारहरुमा विधिविधानहरुमा समानता देखिन्छ । नामाङकरण, ब्रतबन्ध, विवाह र अन्त्येष्टि संस्कारहरु प्रमुख हुन । ब्राह्मणहरु उपाध्याय र जैसिहरुको संस्कारमा एकरुपता देखिन्छ । कास्की जिल्लाका ब्राह्मणहरुका मुख्य थरहरु आचार्य, अधिकारी, लामिछाने, सिग्देल, कोइराला, पराजुली, बराल, ढकाल, बस्ताकोटी, भट्टराई, रेग्मी, गिरि, पौडेल, घिमिरे, बजगाई, तिमिल्सेना, सापकोटा, दाहाल, सिग्देल, ढुङ्गाना, ढुङ्गेल, गौतम आदिको मुख्य बाहुल्यता रहेको छ । यस बाहेकका थरहरु पनि यहा प्रचलित छन् । ब्राह्मणहरुमा एकै थर भएका उपाध्याय र जैसि दुबै हुने गर्दछन तथापि यिनिहरुको संस्कारगत समानता देखिन्छ । यस क्षेत्रका ब्राह्मणहरुको थर विभिन्न आधारमा रहेका छन् । तिनिहरुमा ठाउका आधारमा, पदका आधारमा, गोत्रका आधारमा र ऋषिका आधारमा छन् । जस्तै ठाउका आधारमा थर रहनेमा स्याङजाको लामिछाना भन्ने स्थानबाट बासस्थान भई आएकाहरुको थर लामीछाने रहन गयो ।दैलेखको दहमा बसोवास गरेको कारणले दाहाल थर रहन गएको हो । पछि विविध कारणले कास्कीको ढिकुरपोखरीमा बसाइँ सरी आएको देखिन्छ । सुवेदी थर कास्की सुबिधा भन्ने स्थानबाट आएको हो । सिग्देलहरु बाग्लुङको सिग्दी बाट आएका हुनाले रहन गयो । पेशाव्यबसायको आधारमा आचार्य, उपाध्याय आदि थरहरु रहन गएका हुन । आफ्ना पुर्वज ऋिषिहरुको नामको आधारमा रहेका थरहरुमा गौतम, गर्ग, कश्यप, माहत्म्य आदी छन् । यसैगरी

बनस्पतीका आधारमा कोइराला बनस्पती फाडेर बसेका हुनाले कोइराला थर रहन गयो । प्रशासनिक पद धारण गर्नेहरु अधिकारी हुन । स्टोरको रेखदेख गर्ने (खराती) लाई भण्डारी भनियो । (डा. नारायण अधिकारी)

इतिहास हेर्ने हो भने पोखरामा शाह खानदानकै प्रथम राजा कुलमण्न शाहले बस्ती बसाएका थिए । तत्कालिन समयमा कुलमण्डन शाहले हिउद याममा कास्कीकोटबाट र बर्षा याममा बाटुलेचौरबाट शासन सत्ता संचालन गर्दै आएको इतिहास भेटिन्छ । अहिलेको वरपाटन स्कुल वरपर त्यसका अवशेषहरु पनि भेट्न सकिन्छ । खासगरी तत्कालिन समयमा पोखराका दुई सभ्यता थिए । एउटा सेतिपारिको सभ्यता, अर्को सेती वारीको सभ्यता । सेति पारीको हकमा सिग्देल, गैह्पाटनमा पराजुली, बास्तोला, बिन्दबासिनीमा पराजुली र रेग्मीहरुको बस्ती थिए । त्यो बेला पनि मान्छेहरु पढ्नका लागी कि काशी जानु कि कास्की जानु भन्ने गर्थे । कास्कीको सल्यानमा चलेको पिढि पाठशाला र त्यसपछि बिन्दबासिनीमा पराजुली र रेग्मीहरुले चलाएको पाठशालाले त्यो बेला शिक्षाक्षेत्रमा कास्कीको साख जोगाएका थिए । त्यसैले शिक्षा क्षेत्रमा कास्कीले धेरै पहिलेदेखि नै राम्रो प्रभाव राखेको पाईन्छ । (तीर्थ श्रेष्ठ, संस्कृतिविध, फेसबुक पेजबाट ) । कास्कीमा विभिन्न स्थानहरुमा ब्राह्मणहरुको बसोवास रहेको पाइन्छ । यस्ता ठाउहरुमा ढिकुरपोखरी, कास्कीकोट, हेम्जा, धिताल, घाचोक, माछापुच्छ्रे, सराङकोट, भलाम, कृस्तीनाच्नेचौर, भरतपोखरी, चापाकोट, भदौरे तामागी, हंसपुर, आर्वा, तारकाङ, मकैखोला, विजयपुर, काहुँ, लेखनाथ, शिशुवा आदि पर्दछन् ।

अहिले आएर  कास्कीका विभिन्न स्थानहरुमा बिशेषगरी पोखरा शहर क्षेत्रमा संस्कारगत क्रियाकलापहरु जस्तै अन्नप्राशन, ब्रतबन्ध, विवाह आदिको कार्य सुशम्पन्न गर्न सार्वजनिक भबनहरु, समुहगत भबनहरु तथा विन्ध्यवासिनी

मन्दिर, भद्रकाली आदि मन्दिरहरुमा गर्ने गरिन्छ । घरैमा पनि र घरवाहिर मन्दिरहरु, नदिकिनारमा उपनयन, ब्रतबन्ध गरीन्छ भने विवाह संस्कार आधुनिक पार्टिप्यालेसमा पनि हुने गर्दछ । अन्त्यष्टि संस्कार हुनेले आफ्नै घरमा नहुनेले किरियापुत्री भवनमा सम्पन हुने गरेको छ । यस बाहेक संस्कारहरुमा जन्मबार्षिकोत्सव र बिवाह बार्षिकि पनि हुने गर्दछ ।

## २.३ कास्की जिल्लाका ब्राह्मण समुदायको सांस्कृतिक परिचय :

यस क्षेत्रमा बसोवास गर्ने अन्य समुदायहरुको तुलनामा ब्राह्मणहरुको वर्चस्व रहेको छ । यहाका ब्राह्मणहरु सबैभन्दा प्रख्यात जात भने हुन्छ । कास्की जिल्लाका ब्राह्मण समुदाय आर्य प्रजातिका समुदाय हो । यहा बस्ने ब्राह्मणहरु दुब्लो शरिर भएका, अग्लो बनाबट, नाक चुच्चो भएका हुन्छन् । पुरुषको तुलनामा महिलाहरुको उचाइ केहि कम हुन्छ । पुरुषहरुको शरिरको प्राय सबै भागहरुमा देखिने गरी रौहरु पलाएका हुन्छन । पुरुषहरु कपाल र दारी फाल्ने तथा जुगाँ राख्ने गर्दछन् । नेपाल एउटा पितृसत्तात्मक मुलुक हो । हुन त संसारका अधिकांश पितृसत्ता कायम छ । तथापि कुनै मुलुकको कुनै कुनै समुदायमा मातृसत्तात्मक स्थिति पनि पाइन्छ । नेपालमै पनि आर्य जातिमा भन्दा मंगोलियन जातिमा मातृसत्तात्मक अवस्था छ । ब्राह्मण समुदायमा पितृसत्ता कायम छ । त्यसैले ब्राह्मणहरुका पुरुषहरु घर मुलीको साथसाथै लेनदेनमा पनि उनकै हैकम कायम हुन्छ । तिनले भने गरेका कुरा नै अन्तिम निर्णयको रुपमा लिइन्छ । ब्राह्मण समुदायमा परिवारको मूली पिता वा अभिभावक नै हुन्छन । उसको आज्ञा आदेश अनुशार परिवार चल्दछ । महिला अगाडि सरेर घर व्यवहार समालेमा पोथी बासेको भन्ने चलन ब्राह्मण समुदायमा पनि छ । यदि पुरुष नभएको वा श्रीमान वितेको परिवारमा भने छोरा जान्ने सुन्ने नभइन्जेल महिलाले नै घर व्यवहार घरमूलीको रुपमा चलाएको पाइन्छ ।

कास्कीका ब्राह्मणहरुमा भेषभुषामा मौलिकता झल्कन्छ । यहाका महिला तथा पुरुषहरुमा प्रचलित प्रचलननै अनुशरण गरेको पाइन्छ । पुरुषहरु दौरा र सुरुवाल लगाउदछन् भने महिलाहरु सारि र ब्लौजमा सजिएका हुन्छन् । युवाबर्गमा भने सर्ट तथा पाइन्ट बढि प्रचलनमा रहेको पाइन्छ । त्यस्तै महिलाहरुमा पनि कुर्था र सुरवाल लगाउने चलन छ । यहाको मौसम सामान्यतया साधारण किसिमको भएकोले त्यसै अनुशारको भेषभुषामा प्रभाव परेको पाइन्छ । लोग्ने मानिसहरुमा शिरमा ढाका टोपि हुन्छ । जाडोयाममा टोपि, गलवन्दी, सुइटर तथा ज्याकेट लगाइन्छ भने गर्मियाममा सर्ट वा टिर्सट तथा पाइन्ट लगाउने गरिन्छ । यस्तै महिलाहरुका जाडोका कपडाहरुमा चोलो, सुइटर, सारी आदि लगाउदछन् । महिलाहरु बिभिन्न किसिमका गरगहनाले सुसज्जित रहेका हुन्छन् । महिलाहरुको नाकमा फुलि अनिवार्य जस्तै हो । यो आभुषण प्राय सुनको हुने गर्दछ । कतै चादिको पनि बनाइन्छ । यस्तै शरिरका अन्य भागहरुमा जस्तै कानमा झुम्का, टप आदि लगाईन्छ । हातमा बाला र घाटिमा सिक्रि तथा विवाहित महिलाहरु मंगलसुत्र लगाउने गर्दछन । बिबाहित महिलाहरुको शिउदोमा शिन्दुर रहेको हुन्छ । पुरुषहरु शिरमा ढाकाटोपि,  हातमा घडि आदि लगाउने गर्दछन् ।

कास्की जिल्लाका ब्राह्मण समुदायका बहुसङखेक मानिसहरुको कृषिनै मुख्य पेशा हो । यसपछि निजामति र प्राविधिक सेवामा पनि ब्राह्मणहरु छन् ।कोहिकोही बाहुनहरु पुरोहित्याई पनि गर्छन तर धेरै जसोले भने गाउको बसाइ भए खेतिपाति र शहरको बसाई भएकाहरुले नोकरिलाईनै जिवनको मुख्य पेशा बनाएका छन् । पोखरा क्षेत्रमा भएकाहरु ब्यापारलाई नै आफ्नो प्रमुख पेशा अपनाएर बसेका छन् ।यसवाहेक शिक्षण, प्राध्यापन, ड्राइभिङ, बैदेशिक रोजगार, उद्योग आदि पेशाहरु अपनाएको देखिन्छ । ब्राह्मण समुदायका मानिसहरु आम

रुपमा जहाँ बसोबास गरेपनि सामाजक कार्यमा अग्रसर रहेको देखिन्छ । कास्की जिल्लाका बिभिन्न गाउमा रहेका ब्राह्मण समुदायका सदस्यहरु विद्यालय निर्माण गर्न, बाटो घाटो, पुल पुलेसा निर्माण गर्न, पानी, पार्टी पौवा निमार्ण जस्ता सामाजिक कार्य गर्न अग्रसर देखिन्छन् । भलै सामाजिक कार्य सानो वा ठूलो जस्तो सुकै पनि हुन सक्दछ । त्यसै गरी गाउ, शहर र देशकै सार्वजनिक महत्वका जिम्वेवारी लिने र आफ्नो बलबुताले भ्याएसम्म जनसेवामा रहने देखिएकोले गर्दा समाजमा उनीहरुको उच्च स्थान देखिन्छ ।

कास्की जिल्लाका ब्राह्मणहरुको शैक्षिक अवस्था राम्रो रहेको छ । यहाका प्राय सवै जसो ब्राह्मणहरु पढेलेखेका छन् । अन्य जात तथा समुदायको तुलनामा कास्कीमा ब्राह्मणहरुको सात्क्षार प्रतिशत बढी रहेको छ । पढ्ने र पढाउने दुबै ठाउमा ब्राह्मणहरुनै अग्रस्थानमा पाइन्छन् । यसका साथै संस्कृत भाषा तथा शिक्षामा पनि केहि ब्राह्मणहरुको संङलग्नता रहेको छ । कास्की जिल्लाको सदरमुकाम पोखराशहर भित्र रहेका संस्कृत विद्यालय तथा सांस्कृतिक गतिविधिहरु हुने स्थानहरु मुख्यतः विन्ध्यवासिनी मन्दिर परिसरमा संस्कृत शिक्षाको पठनपाठन हुने गर्दछ ।

यहाका ब्राह्मणहरुले मनाउने मुख्य चाड भनेको विजया दशमी हो ।दशै राष्ट्रिय चाडको रुपमा आउछ । आश्विन शुक्ल प्रतिपदाको दिनलाई घटस्थापना भनिन्छ । यस दिन घरघरमा र कोत घरको पुजाकोठामा कलश थापेर नवदुर्गाको पूजा गरिन्छ । त्यसै ठाउमा वालुवाको वेदीमा जौ, मकै, गहूँ आदि छरेर जल छर्काइ जमरा राखिन्छ । दशैको विशेष चाड चाही सप्तमीदेखी शुरु हुन्छ । सप्तमीको दिनलाई फूलपाती भनिन्छ । यस दिन गोर्खाबाट काठमाण्डौको हनुमानढोकामा फूलपाती भित्राइने परप्परा छ । कास्कीकोटबाट विन्धबासिनीमा फुलपाती भित्राइने चलन छ । अष्टमी र महानवमीका दिन देवीका मन्दिरहरुमा

वलि दिने, मार हान्ने, मौलो पूजा गर्ने चलन छ । अष्टमीको राती कालरात्रि गर्ने चलन पनि छ । दशमीलाई विजया दशमी पनि भनिन्छ । पौराणिक कथा अनुशार त्रेतायुगमा रामले लङ्काका रावणलाई पराजित गरी सो समयदेखि विजया दशमी मनाउदै आइएको भन्ने भनाइ रहेको छ । विजया दशमीको दिन मान्यजनको हातबाट टीका, जमरा लगाइ आशीर्वाद लिने र दान दक्षिणा गर्ने चलन छ । कास्कीमा वसोवास गर्ने ब्राह्मण समुदायमा विजया दशमीको दिन दाजुभाइ, इष्टमित्र, मावली, समुराली आदिको हातबाट मात्र टीका जमरा लगाई उमङगका साथ दशै मनाउने परम्परा यद्यपी कायम छ । यस पछि तिहार अथवा दिपावलि मनाउने चलन छ । यो दशैं पछिको ठूलो चाड हो । तिहार वा भाइ टीका कात्तिक कृष्ण त्रयोदशीका दिनदेखि कात्तिक शुक्ल द्धितीयाका दिनसम्म पाँच दिन मनाइन्छ । तिहारका पाच दिनलाई यमपञ्चक पनि भनिन्छ । पहिलो दिन काग तिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन गाई तिहार, चौथो दिन गोरु र पाचौं दिन भाइ टीका लगाइ मनाइन्छ । भाइ टिकाको दिन अष्टचिरञ्जीवी यम यमुनाको पूजा गरी आफ्ना दाजु, भाइलाई टिका लगाई दिन्छन भने दाजुभाईले दिदी बहिनीलाई गच्छे अनुशार दान दक्षिणा दिन्छन् ।

यस्तै अरु चाडपर्वहरुमा चैते दशैं चैत शुक्ल अष्टमी वा सो दिन मनाइने चाड हो । यो चाड चैत महिनामा पर्ने हुनाले चैते दशैं भनिएको हो । ब्राह्मण समुदायका मानिसले वडा दशैंपछि चैते दशैं पनि मनाउने गरेको पाइन्छ । यसैगरी नारीहरुले सौभाग्य र समृद्धिका निम्ति धार्मिक परम्पराअनुशार शिव पार्वतीको उपासना र पूजा गर्ने, भाद्र शुक्ल तृतीयाको दिन हरितालिका तीज हो । तीजमा दाजु भाइ तथाबाबु आमाले आफ्ना दिदि बहिनी तथा छोरीलाई लिन जाने र रमाइलो सगं तीज पर्व खुशी र हर्षउल्लास पूर्ण वातावरणमा मनाउने गरेको पाइन्छ । यसैगरी अन्य चाडहरुमा नया वर्ष, साउने सक्रान्ति, नाग

पञ्चमी, जनै पुर्णिमा, शिवरात्रि,श्रीपञ्चमी, फागुपुर्णीमाआदि छन् । अरु चाडपर्वहरुको तुलनामा दशै र तिहार धुमधामले मनाउने गरिन्छ।

## २.४ कास्की जिल्लाका ब्राह्मण समुदायको धार्मिक पृष्टभूमि :

अध्ययनका क्रममा कास्की जिल्लामा बसोवास गर्ने सम्पूर्ण ब्राह्मण समुदायका मानिसहरु सनातन हिन्दूधर्मावलम्वी रहेको पाइयो । किनभने ब्राह्मण समुदायमा सोह्र संस्कारहरु रहेको पाइन्छ । यी सोह्र संस्कार हिन्दू धर्मालम्बीले पालना गर्ने संस्कार हुन र ब्राह्मण समुदायमा पनि यी संस्कार पाइन्छ साथै विभिन्न चाड पर्वहरु जस्तै बडादशै, चैतेदशै, तिहारलाई पनि हिन्दूहरुको चाडको रुपमा मानिन्छ । यी चाडपर्वहरु ब्राह्मण समुदायले मनाउने चाडपर्व हुन् । साथै ब्राहमणहरु आआफ्नै कुलदेवताको पूजा गर्दछन् । विभिन्न ठाउका देवी देउरालीमा पूजा आजा गर्दछन् । विभिन्न धार्मिक क्षेत्रमा धर्मकर्मको लागि जाने गर्दछन् । जस्तै मुक्तिनाथ, हरिद्धार, वद्री, केदार, चारधाम आदिको भ्रमण आदि ब्राह्मण समुदायका मानिसहरुले गर्ने हुदा ब्राह्मण समुदायलाई हिन्दू धर्मालम्बी भनिन्छ । इष्ट देवताको पूजा आदि गर्ने, हिन्दू दर्शन सप्ताह, हरिवंश, चण्डीपाठ आदि ब्राह्मण समुदायका मानिसहरुले गर्ने हुदा ब्राह्मण समुदायका मानिसहरु हिन्दू धर्मालम्बी हुन् । यदाकदा केही ब्राह्मणले धर्म परिवर्तन गरी इसाइ धर्म ग्रहण गरेको सुनियतापनि कास्कीमा रहेकाले सनातन हिन्दू परम्परानै अनुशरण गरेको पाइन्छ ।  हिन्दु धर्म अन्तर्गत रहेका शैव, बैष्णव, शाक्तहरुप्रति यिनिहरु आस्था राख्दछन् । शिव मन्दिरहरु यहाका हरेक ठाउहरुमा प्रशस्त रहेका छन् । यस्ता मन्दिरहरुमा शिब रात्रि तथा श्रावण महिनाभरिनै घुइचो लाग्दछ । यस क्षेत्रका प्रमुख शैब पिठहरुमा केदारेश्वर र गुप्तेश्वर महादेव प्रमुख छन् ।यो पोखरा शहरमा पर्दछ । विशेषतः शिवरात्रिमा यहा धुप, धिप, अक्षता सहीत गाईको दुध चढाइन्छ । बैष्णव मन्दिरहरुमा राम मन्दिर र श्रीकृष्ण प्रणामि प्रख्यात स्थलहरु

हुन । यहा राम नबमि र श्रीकृष्ण अष्टमिमा अनेक पुजाआाजा गर्ने गरिन्छ । कास्की जिल्लाका प्रमुख शक्तिपिठहरुमा ब्राह्मणहरुको आस्था र विश्वास रहेको छ । यज्ञ गर्ने , विवाह, व्रतवन्ध आदि जस्ता अनेक संस्कारहरु सम्पन्न गर्ने काम विध्यवासिनी, भद्रकाली तथा तालबाराहिमा हुने गर्दछन् । विन्ध्यवासिनी आराध्यदेवी हुन् । मूल देवता शिव हुन् ।

कास्कीका ब्राह्मणहरु वेद तथा वैदिक ग्रन्थहरुमा आश्था राख्दछन् । मुख्य बेद चारवटा छन् ऋकवेद, यजुर्वेद, सामवेद र अथर्ववेद जसलाई संहिता पनि भनिन्छ । यसमा ऋकवेद सबैभन्दा पुरानो वेद हो । वैदिक ग्रन्थहरुमा रामायण र महाभारत पनि मुख्य ग्रन्थ मानिन्छन् ।

यहा हिन्दु धर्म अन्तर्गतका सबै देवदेविहरुको पुजाआजा गर्ने गरिन्छ । भगवान शिव प्रमुख देवता मानिन्छन् । शिवजिलाई शिवरात्रिका दिन विशेष रुपमा पुजाआजा तथा दुध र बेलपत्र चढाइन्छ । त्यसपछिका देवताहरुमा विष्णु र ब्रह्मा हुन । भगवान विष्णु तथा बैष्णव सम्वन्धित आस्थाका केन्द्रहरु प्रशस्तै रहेका छन् । यस्तै गणेश, अग्नि, सुर्य आदिको पुजाआजा गर्ने गरिन्छ । लक्ष्मि, सरस्वति, भद्रकाली, तालबाराही, विन्ध्यवासिनि आदि शक्ति पिढहरुमा ब्राह्मणहरु आस्था राख्दछन् । भद्रकालि, तालबाराहि र बिन्ध्यवासिनी यस क्षेत्रका प्रमुख देवीका मन्दिरहरु हुन । आराध्यदेवी विन्ध्यवासिनी हुन् । विन्ध्यवासिनी देवीको मन्दिर कास्की जिल्लाको पोखरामा रहेको छ । जहाँ विन्ध्यवासिनी देवीको पूजा हरेक साँझ विहान गरिन्छ । विजया दशैको प्रतिपदादेखि पूर्णिमासम्म विशेष पूजा पाठ हुन्छ । विन्ध्यवासिनी माईलाई सदा सर्वदा पूजा अर्चना गर्ने गरीएको छ । यसैगरी ब्राह्मण समुदायमा आआफ्नो वशंको छुट्टाछुट्टै कुलायनको पुजा गर्दछन् । कुलायनको पूजा गर्दा अहिले कास्की जिल्लाको विभिन्न गाउँमा कुलायनको मन्दिर बनाइएको छ । यसरी मन्दिर निर्माण गर्दा मूल थलोबाट कुलायनको ढुङ्गा (प्रतिमा)

लिएर आएर पाई पर्ने स्थानमा कुलायन स्थापना गरी मन्दिर वनाई पुजा गर्ने गरेको पाइन्छ । सात दिनमा सम्पन्न गरिने भागवत, पुराण वा धार्मिक अनुष्ठानको पाठलाई सप्ताह भनिन्छ । सप्ताह एक हप्तासम्म चल्ने धार्मिक कार्यक्रम हो । भागवत अठार महापुराणमध्ये  विशेषत कृष्णको कथाहरुको वर्णन गरिएको एक प्रशिद्ध महापुराण हो । हरेक यस्ता कार्य गर्दा सोही दिन रुद्री स्थापना गर्नु पर्छ । ब्राह्मण समुदायमा सप्ताह लगाउने चलन छ । जसको सन्तान ढिलो हुन्छ वा सन्तान विस्तार कमी दखिएमा हरिवशं पुराण लगाउने परम्परा ब्राह्मण समुदायमा छ । हरिवंश अठार पुराण मध्यको एक पुराण हो । यसैगरि तीन दिनसम्म भागवत पाठ गरी लघुरुद्री सम्पन्न गर्ने पनि गरिन्छ भने एकै दिनमा पूरा गरिने सात ब्राह्मणद्धारा गरिने श्रीमद्भागवत पुराणको पाठलाई एकाह भनिन्छ । एकाहमा पनि रुद्री स्थापना गरिन्छ । रुद्रीको स्थापनाविना कुनै पनि कार्य गरिदैन । रुद्रीको पूजा तथा उपासनाका निम्ति शिवलिङ्गमा अविच्छिन्न जलधारा दिदै गरिने वैदिक पाठलाई रुद्री भनिन्छ । यो कार्य हरेक शुभकार्य गर्दा गर्नुपर्दछ यसैले ब्राह्मण समुदायमा रुद्री सानोदेखि ठूलो जुनसुकै धार्मिक कार्य गर्दा गर्नुपर्ने भएकोले यसको ज्यादै महत्व रहेको छ । नयाँ घर निर्माण गरिसकेपछि सर्वप्रथम रुद्री जुराएर गरिने कार्यलाई घरपैचो भनिन्छ । घरपैचो गरिसकेपछि मात्र अन्य शुभकार्य गरिन्छ । यो कार्य नगरी अन्य ब्रतबन्ध, बिबाह, सप्ताह आदि गर्न हुदैन भन्ने भनाइ कास्की जिल्लाका ब्राह्मण समुदायमा रहेको छ ।

समग्रमा कास्कीका ब्राह्मण सहुदायका मानिसहरुको धर्म प्रतिको रुचि रहदै आएको पाइन्छ । अहिले पनि ब्राह्मणहरु बिभिन्न देवदेविको पुजापाठ गर्दछन्, संस्कारहरु गर्दछन् । गरिनेसंस्कारहरुमा केहि परिवर्तनहरु अवस्य भयका छन् । बिधिविधानहरुमा अलिअली परिवर्तन हुने कुरा सामान्यनै मानिन्छ ।

## २.५ कास्की जिल्लाका ब्राह्मण समुदाय र आश्रम व्यवस्था :

प्राचिन हिन्दु समाजमा प्रचलित संस्कारहरुको प्रत्यक्ष सम्वन्ध तत्कालिन आश्रम व्यवस्थासंग रहेको थियो । हिन्दु समाजमा प्रचलित आश्रमहरु मध्ये कतिपय संस्कारहरु ब्रम्हचर्य आश्रमको अवधिमा पुरा गरिन्थे कतिपय संस्कारहरु गृहस्थाश्रममा सम्पन्न गरिन्थे । त्यसै गरेर कतिपय संस्कारहरु वानप्रस्थआश्रम र केही सन्याश्रमको समय अवधिमा पुरा गरिन्थ्यो । हाल कास्की जील्लामा वसोवास गर्ने ब्राह्मण समुदायले प्राचिन आश्रम व्यवस्था कसरी पालन गरिरहेका छन भन्ने कुराले उनिहरुको संस्कारको वर्तमान अवस्था निर्धारण गर्ने भएकोले उक्त समुदायमा आश्रम व्यवस्थाको वर्तमान अवस्था र यो व्यवस्थालाई उनिहरुले अपनाउदै आएका छन वा छैनन भन्ने कुराको अध्ययन गर्नु आवस्यक देखिन्छ । अतः यहाँ यो आश्रमव्यवस्थाको चर्चा गरिएको छ ।

हिन्दु सामाजिक सङ्गठनको संरचनाकालागि नीति, धर्मशास्त्रआदिले प्रतिपादन गरेको व्यवस्थानुशार मानवजीवनलाई एक लामो र जीवनपर्यन्तको पाठशाला र एक महत्वपुर्ण यज्ञका रुपमा हेरिनु र तदनुकुल व्यवहार गर्न चरित्र र व्यक्तिको विकास गर्नु आवश्यक छ । यसरी जीवनको हरेक मोड, उतार चढाव र अवस्थाको सामना गरी उचितव्यवहार गरी जीवनमा सफलता हासिलगर्न सम्पुर्ण जीवनलाई चार आश्रममा विभाजित गरियो । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास । तिनलाई आश्रम भनियो । प्रत्येकमानवले ती चारैवटा अवस्थाबाट गुज्रिन प्रेरित गरियो । योसित गासिएको अर्को धारणा के थियो भने मानिस जन्मनासाथ उसले अनेक दायित्व सम्हाल्नु पर्दछ । ती दायित्व ब्यक्तिगत र पारिवारिक, सामाजिक पनि हुन्छन् । अर्थात व्यक्तिले आफ्नो जीवन र क्रियाकलापलाई परिवारएवम् समाजकालागी समर्पित गर्नुपर्दछ । तवमात्र जीवनव्यवस्थित तथा सार्थक बन्न सक्छ । यस उदेश्यले पुरुषार्थको सिद्धान्तको व्याख्याशास्त्रकारहरुले गरे । धर्म, अर्थ, काम र मोक्ष जस्ता पुरुषार्थको धारणासित

जोडिएको अर्को सिद्धान्त छ ऋणको सिद्धान्त र ती हुन देवऋण, ऋषिऋण, पितृऋण र अतिथीऋण । मानवजीवनको कुन निश्चित उमेरमा नै निश्चितकर्तब्यको बोध हुन सक्छ भन्ने धारणामा तिनको वर्गीकरण भएको देखिन्छ । क्रमानुसार चार आश्रम हुन् ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, सन्यास । मनुस्मृतिले तिनको प्रष्ट व्याख्या गरेको छ ।

अव कास्की जिल्लाका व्राह्मण समुदायमा यी चार आश्रमको अवस्था वारेमा यहाँ संक्षेपमा चर्चा गरौ ।

**२.५.१ ब्रम्हचर्याश्रम :**जिवनको आरम्भीक समयमा  गर्नु पर्ने कर्तव्य तोकिएको आश्रम ब्रम्हचर्याश्रम हो । यस आश्रममा उपनयन संस्कार सम्पन्न गरेका हिन्दूहरु प्रवेश गर्दथे र २५ वर्षको उमेरसम्म यो संस्कार कायम रहन्थ्यो । यस अवधिमा हिन्दूहरु गृहत्याग गरेर गुरुकुलमा वस्ने गर्दथे । साधारण जिवन यापन गरी वर्ण अनुसारको शिक्षा आर्जन गर्दथे । यस अवधिमा साररिक सुख त्याग गरि व्रह्मचर्य जिवन यापन गर्नु पर्दथ्यो  । अवलोकनको क्रममा आजभोलि कास्की जिल्लाका ब्राह्मण समुदायमा यो आश्रम पालन गरेको देखिएन । गुरुकुल प्रस्थान गरेको, भिक्षाटन गरी जिवन यापन गरेको जस्ता परम्पराहरु उपनयनको समयमा औपचारिक रुपमा मात्र पुरा गरेको पाइएको छ । त्यसैले गुरुकुलमा सम्पन्न हुने कतिपय शैक्षिक संस्कारहरु कास्की जिल्लाका ब्राह्मण समुदायमा लोप भै सकेको तथ्य अध्ययनको क्रममा प्रकाशमा आएको छ ।

### २.५.२. गृहस्थाश्रमः

लामो समयसम्म पठन पाठनमा गुरुछेउ समयविताई ज्ञान हासिल गरि घर फिरेपछि ब्रह्मचारीले नियमपुर्वक विवाह गरी गृहस्थाश्रममा प्रवेश गर्नुपर्थ्यो । सन्तानको उत्पादन गरी वंशवृक्षलाई कायम राख्नु, अतिथिहरुको सेवा गर्नु, परिवारमा बाल, वृद्ध, वनिताको रक्षा तथा पालनपोषण गर्नु नैतिक र

मर्यादितएवम् वर्णाश्रम धर्मअनुशारको पेशाअपनाई आवश्यक अर्थ उपार्जन गर्नु गृहस्थको मुख्यकर्तब्य थियो । विवाह गरेर सन्तानको उत्पादन गरेपछि पितृऋणवाट मुक्तभएको मानिन्थ्यो भने अतिथिऋण तिर्ने आश्रम पनियहीथियो, गृहस्थीको सबै कर्तब्य  पुरा गर्दागर्दै पनि उसले आफुले पहिले आर्जन गरेको ज्ञानको अभ्यास गर्ने, पठनपाठन, चिन्तनकायम राख्ने एवम् पछिका आश्रमकालागि आफुलाई तयार राख्न यज्ञ, दानधर्म आदिकार्यमा संलग्न रहनु पनि गृहस्थको कर्तब्यथियो । सपत्नीकभई अनेक यज्ञ, संस्कारहरुको आयोजना गर्नु पनिउसको कर्त्तब्यथियो । यसरी हेर्दा सबै आश्रम भन्दा गृहस्थआश्रमको कर्तब्य बढि ब्यापक र कठिन भएकोले यसको महत्वपनि निकै थियो ।

कास्की जिल्लाका ब्राह्मण समुदायमा यो आश्रम २५ वर्षको उमेर नपुग्दै प्रवेश गर्ने गरेको देखिन्छ । शैक्षिक कार्य पुरा नहुँदै गृहस्थमा प्रवेश गर्ने गरेको कुरा स्थलगत अध्ययनको क्रममा देखिएको छ । यस आश्रममा सम्पन्न हुने प्रमुख संस्कार विवाह सँस्कार हो । यो संस्कार भने उनिहरुमा केहि भिन्न रीति र संक्षिप्त विधि विधानका साथ सम्पन्न हुने गरेको पाइएको छ । जसको चर्चा पछिल्लो अध्ययायमा गरिएको छ ।

### २.५.३ वानप्रस्थाश्रम

गृहस्थआश्रममा करिव २५ वर्ष  व्यतित गरि आफ्नो सन्तान गृहस्थमाप्रवेश गर्नेताका वा गरेपछि गृहस्थले वानप्रस्थीहुनु आवश्यकथियो । वानप्रस्थको अर्थ हो वनतिर प्रस्थान गर्नु । यो शाब्दिकअर्थमात्र नभई वास्तवमै गृहस्थले आफनो परिवार, कुल र गाउँत्यागी बनतिर लाग्नु यस अवस्थामा आवश्यक मानिन्थ्यो । पुर्वआश्रमका क्रियाकलापले भोगतर्फ लालायित इन्द्रियहरुलाई जित्न बोक्रा वा जनावरका छालाको पहिरन लिनु, बस्न सुत्नमापनि कठोर ब्रतको पालन गर्नु वानप्रस्थीका लागि आवश्यक थियो । उसको समय वेद, उपनिषद्, साहित्य पढ्नमा व्यतीतहुन्थ्यो । अथवा एक प्रकारले यस आश्रममा

पहिले ब्रह्मचर्याश्रमताका पढेको ज्ञानको पुनःअभ्यास गर्नु उचितमानिन्थ्यो, ध्यान । अध्ययन वानप्रस्थीमा दैनिककार्य हुन्थे । सबै प्राणीप्रति दयाभाव राख्नु उसको कर्तब्यहो भनि मनु तथा याज्ञवल्क्यले उल्लेख गरेका छन् । यस्तो आचरण र प्रवृतिभएको वानप्रस्थी संयोगवश परलोक भएमाउसले मोक्ष प्राप्त गर्न सक्छ भन्ने मनुको भनाइ छ । परिवार र पारिवारिक बन्धनबाट श्रमिक रुपमा टाढिई जानु वानप्रस्थीकालागि प्रमुखशर्त थियो ।

स्थलगत अवलोकनको क्रममा कास्की जिल्लाका ब्राह्मण समुदायमा बानप्रस्थमा आश्रममा प्रवेश गरी गृहत्याग गर्ने र वनमा प्रस्थान गर्ने परम्परा लोप भैसकेको देखियो ।

## २.५.४ सन्यास आश्रम

चार आश्रममध्ये सन्यास आश्रम अन्तिमहो । वानप्रस्थाश्रममा नै आफुलाई सांसारिक मायामोहजस्तो बन्धनबाट पृथ कगर्द व्यक्ति मोक्षको बाटोतर्फ लागिसकेको हुन्थ्यो । जपतप, पुजा पाठ नै उसको दैनिककार्य हुन्थ्यो । तर सन्यास आश्रममा मर्नुको तार्त्पय हो सबै प्रकारको सांसारिक बन्धनबाट पुर्ण रुपले मुक्तहुनु । यस आश्रमको मुख्यकर्तब्य हुन्थ्यो विविधधार्मिक यज्ञ, क्रियातथा ब्यबहारले आफुलाई परमात्माको नजिक पुर्‍याउनु । सन्यासीले आफ्नो, पुर्वपरिचय त्यागेर नया नामपनि लिन्थे, जसमा थर र गोत्र छुटिदैनथ्यो । फल, कन्दमुलखानु, गाउदेखि टाढा बस्नु आवश्यक मानिन्थ्यो । भौतिक सम्पत्तिको नाउमा सन्यासिसित केहीहुदैनथ्यो पुर्ण रुपले भिक्षाटनबाट उसको गजारा चल्दथ्यो । उसलाई भोक प्यास , जिवन मृत्युको कुनै चिन्तावाआभास हुनु हुदैन भन्ने मनुको निर्देश छ । महाभारतले पनि यो तथा अन्यआश्रमको कर्तब्यको उल्लेख मनु, याज्ञवल्क्यसित मिल्दोजुल्दो ढङ्गले गरेको छ । कौटिल्यले अर्थशास्त्रमा यस्तै ब्याख्या प्रस्तुत गरेका छन् ।

सारांशमा, हिन्दुजीवनमा कर्तव्यको बोध गरी जीवनलाई परिवार, कुटुम्ब, समाजएवम् समुदायका लागि उपयोगी बनाई असल, धर्म एवम् कर्तब्यनिष्ठ ब्यक्तित्वको विकास गर्न उपनिषद्कालीन हिन्दुशास्त्रकारहरुले आश्रमब्यबस्थाको रचना गरेको विस्वास गरिन्छ । वर्णाश्रम धर्मको सहीरुपले पालन गर्न, सबै प्रकारका ऋणहरुबाट मुक्तभई मोक्ष प्राप्त गर्न जीवनलाई समयावद्ध र आयुवद्ध गरी विभाजित गर्नु त्यस बेलाको सामाजिक अवस्थामा उपयुक्त मानियो । कतिपय अवस्थाकामानिसहरु मोक्षमालागि ब्रह्मचर्य आश्रमवाट सोझै सन्यासतर्फ आग्दथे तापनि, सबै प्रकारका ऋणहरु तिरि सम्पुर्ण प्राणीको सेवा र धर्म पालन गर्न गृहस्थाश्रम उत्तम मानिएकोले विवाहअनिवार्य ठानियो । महाभारतमा द्वैपायनव्यासले युधिष्ठिरलाई उनको इच्छाको विपरीत सल्लाहदिदै गृहस्थाश्रममा बस्नु ठुलो धर्म हो भन्ने बताएका छन् । कारण, यस आश्रममै तीनवटा पुरुषार्थ धर्म , अर्थ र कामको अभ्यास हुनसक्छ । वानप्रास्थ र सन्यास आश्रममा मोक्षकालागि प्रयास गरिन्छ । यसरी आश्रमव्यवस्थाले यो लोक र परलोक दुवैका बिच राम्रो तादात्म्यकायम गरेको थियो । कालान्तरमा यो व्यवस्था खुकुलीदैगई समाजको आदर्श मात्रहुनपुग्यो । तर के कुरा प्रष्ट छ भने आश्रमले प्राचिन समयमाजीवनलाई बढी सयंमित, कर्तव्यनिष्ठ, मर्यादित । अनुशासित बनाई यस लोकमा पुण्यप्राप्तीबाट परलोक सुधार्न प्रयत्न राखेको हो । दोस्रो , आश्रमले भौतिकजीवन र सुखभन्दामाथि आध्यात्मीकचिन्तन छ र भौतिक सक्षमताको आवश्यकउपभोग र आध्यात्मिकजीवनसित यसको सन्तुलनबाट मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने धारणा पनि आश्रमब्यवस्थाले प्रतिपादित गरेको छ ।

स्थलगत अवलोकनको क्रममा कास्की जिल्लाका ब्राह्मण समुदायमा बानप्रस्थमा आश्रममा प्रवेश गरी गृहत्याग गर्ने र वनमा प्रस्थान गर्ने परम्परा लोप भैसकेको देखियो ।

यसरी आश्रम व्यवस्थाको पुर्ण पालना गर्ने परम्परा हराउँदै गएको कारणले कास्की जिल्लाका ब्राह्मण समुदायमा प्राचिन हिन्दु समाजमा प्रचलनमा रहेका कतिपय संस्कारहरु पनि लोप भएको र सीमित संस्कारहरुमात्र प्रचलनमा रहेको देखिन्छ ।

अध्याय तीन

# कास्की जिल्लाका ब्राह्मण समुदायमा प्रचलित प्रमुख संस्कारहरुको वर्तमान अवस्था

## ३.१ हिन्दू संस्कार परिचय

हिन्दूहरुले आफ्नो व्यक्तिगत तथा सामाजिक जिवनलाई व्यवस्थित पारी पूर्णतातिरको मार्ग अनुसरण गर्न जुन पद्धति अथवा संस्थागत व्यवस्थाहरु अवलम्बन गरेका छन्, तीन मध्ये एउटा संस्कार पनि हो, हिन्दूहरुको जीवनमा धर्मको सर्वोपरि महत्व छ। परिशुद्धता र पवित्रता धर्मको आवश्यक अङ्ग हो। अतः धर्मको माध्यमद्धारा व्यक्तिको जीवनलाई पवित्र र शुद्ध पार्ने हेतुले उनीहरुकले संस्कार अपनाएको प्रत्यक्ष दृष्टिगोचर हुन्छ। किनभने धार्मिक क्रियाद्धारा नै मनुष्यले मोक्ष पाउन सक्छ भन्ने विश्वास हिन्दूहरुमा छ।

## ३.२ संस्कारको अर्थ र महत्व

संस्कार शब्दको प्रयोग अनेक अर्थमा भएको छ। संस्कारको शाब्दिक अर्थ शुद्धि सुधार अथवा सफाइ हो। जीवनलाई शुद्ध पार्न समुचित तरिकाले गरिएको कार्य पद्धति नै संस्कार हो। यसै शाब्दिक अर्थको आधारमा संस्कार मार्फत आत्मा शुद्ध हुन्छ भन्ने कुरा ज्ञात हुन्छ। जन्मदेखि मृत्युसम्मको परम्परागत क्रिया हिन्दूहरुका लागि अत्यावश्यक छ। किनभने संस्कार विना जीवनको परिशुद्धि अथवा आत्माको उन्नति असम्भव हुन्छ। (बराल, बि.स २०४४, पृः २२)

जन्मदेखि मृत्यु पर्यन्तको जीवनसित सम्बन्धित विभिन्न पक्षहरु नै मानवका जटिल प्रक्रिया हुन्। डा. राजवली पाण्डेको मत अनुसार, "हिन्दु संस्कारहरुमा आरम्भिक विचार, धार्मिक विधि-विधान, सहवर्ती नियम तथा

अनुष्ठानहरु छन्, तिनको उद्देश्य दैहिक संस्कार मात्र नभएर व्यक्तिको सम्पूर्ण व्यक्तित्वको परिष्कार शुद्धि एवं पूर्णता पनि हो”

हिन्दूहरुको सम्पूर्ण जीवन संस्कारहरुद्धारा घेरिएको छ । शिशु जन्मनु भन्दा अगाडि अर्थात गर्भाधान गरेदेखि नै अनेक संस्कारहरुको अनुसरण गर्नु पर्दछ । संस्कारलाई यति महत्व दिएर के विश्वास गरिएको छ भने संस्कार विना व्यक्तिको जीवन कदापि पूर्ण हुँदैन । संस्कारको मुख्य उद्देश्य शुद्धि र जीवनलई बाधा मुक्त पार्नु हो । अनेक संस्कारहरुमा यज्ञ अथवा हवन आदिको विधान छ । अशुभको नाश र शुभको आगमनका लागि संस्कारमा अग्नि, जल एवं मन्त्रहरुको प्रयोग गरिन्छ । मन्त्रहरुको उच्चारण, दण्डधारण, देव रपमा पुरोहितद्धारा आशीर्वचन यी सबैको उद्देश्य अशुभको नाश हो । आत्मशुद्धि गर्न र जीवनलार्य बिघ्नबाधारहित पारी उन्नतिको मार्गतिर सदा अग्रसर गराउने धार्मिक र सामाजिक चेष्टा नै संस्कार हो । कास्की जिल्लाका ब्राह्मणहरुको सांस्कृतिक स्थितिको अध्ययन गर्दा निम्नानुसार सोह्र संस्कारहरु रहेको पाइन्छ । ति हुन गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, षष्ठिकापूजा, नामांकरण, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्यष्ठी । हिन्दू दर्शनहरुमा उल्लेख गरिएका यी संस्कारहरु ब्राह्मणहरुमा पनि अवलम्बन गर्दछन् ।

## ३.३ कास्की जिल्लाका ब्राह्मण समुदायमा प्रचलित प्रमूख संस्कारको वर्तमान अवस्था :

नेपाल भौगोलिक आधारमा सानो भएतापनि विविधताले भरिएको छ । धरातलको आधारमा नेपाललाई हिमाल, पहाड र तराई प्रदेशमा विभाजन गरिएको छ । यहाँ बहुजाति, बहुभाषा, बहुसाँस्कृतिक, बहुधार्मिकपक्षले भरिएको छ । हिमाल देखि तराईसम्म र पुर्व मेचीदेखी पश्चिम महाकालिसम्म जम्मा १२६ जनजातिहरु र १२३ मातृभाषा बोल्ने जातजातिहरु बसोबास गर्दै आएका छन् । (केन्द्रिय तथ्याकं विभाग, बि.स. २०११) जसको आ-आफ्नो इतिहास, संस्कार र संस्कृतिहरु

छन् । संस्कार, संस्कृति र परम्परामा विविधता हुनु भनेको देश र राष्टियताको सम्पत्ति र पहिचान पनि हो ।

नेपालमा हिन्दू बाहुल्यता छ । र यसको मौलिक परम्परा पनि आफ्नै छ । नेपाली हिन्दूको छुटै संस्कार, संस्कृति, परम्परा, इतिहास, भाषा हुनु भनेको एउटा नेपाली जात र सम्प्रदायको मात्र सम्पत्ती नभई समस्थ नेपाली र हिन्दू धर्मकै सम्पत्ति र पहिचान हो । ब्राह्मणहरु नेपालमा पूर्व मेची देखि पश्चिम महाकाली र हिमाल, पहाड, तराईमा फैलिएर बसेका छन् । परापुर्वकाल देखीनै नेपालका प्राय सबै क्षेत्रहरुमा ब्राह्मणहरु व्यापक रुपमा फैलिएर रहेको पाइन्छ । ब्राह्मणहरु पहिल्लैबाट लेखपढ गर्ने, पुजापाठ गराउने आदि कार्यहरु गरेको अध्ययनले थाहा हुन्छ ।

संस्कृतिले सिङ्गो मुलुकको पहिचान गर्दछ । त्यसैले नेपालको राष्ट्रिय संस्कृतिमा हिन्दू ब्राह्मण संस्कृतिको ठुलो र महत्वपुर्ण योगदान छ । हिन्दूहरुको आफ्नो ब्यक्तिगत तथा सामाजिक जीवनलाई ब्यवस्थीत पारि पुर्णतातिरको मार्ग अनुशरण गर्न जुन पद्धति अथवा संस्थागत ब्यवस्थाहरु अवलम्वन गरेका छन तिनमध्य एउटा संस्कार पनि हो । हिन्दूहरुको जिवनमा धर्मको सर्वोपरि महत्व छ । परिशुद्धता र पवित्रता धर्मको आवस्यक अगं हो । अतः धर्मको माध्यम द्वारा ब्यक्तिको जीवनलाई पवित्र र शुद्ध पार्ने हेतले उनिहरुले संस्कार अपनाएको प्रत्यक्ष दृष्टिगोचर हुन्छ । किनभने धार्मिक क्रियाकलापद्धारानै मनुस्यले मोक्ष पाउन सक्छ भन्ने विश्वास हिन्दूहरुमा छ । जन्म देखि मृत्यु पर्यान्तको जिवनसित सम्वन्धित विभिन्न पक्षहरुनै मानवका जटिल प्रक्रिया हुन । हिन्दूहरुको सम्पुर्ण जीवन संस्कारहरुद्धारा घेरिएको छ । शिशु जन्मनु भन्दा अगाडी अर्थात गर्भधान गरेदेखिनै अनेक संस्कारहरुको अनुशरण गर्नु पर्दछ । संस्कारहरुलाई यति महत्व दिएर के विश्वास गरिएको छ भने संस्कार विना ब्यक्तिको जीवन कदापि पुर्ण हुदैन । संस्कारको मुख्य उदेस्य शुद्धी र जीवनलाई बाधा मुक्त पार्नु हो । अनेक

संस्कारहरुमा यज्ञ अथवा ध्वन आदिको विधान छ । अशुभको नास र शुभको आगमनको लागि संस्कारमा अग्नि, जल एवं मन्त्रहरुको प्रयोग गरिन्छ । मन्त्रहरुको उच्चारण, दण्डधारण, देव रुपमा पुरोहितद्धारा आर्सिवचन यी सवैको उद्धेस्य अशुभको नास हो । आत्मशुद्धि गर्न र जीवनलाई विध्न बाधारहित पारि उन्नतिको मार्गतिर सदा अग्रसर गराउने धार्मिक र सामाजिक चेष्टा नै संस्कार हो । (बराल, बि.स २०५०, पृ:४०)

कास्की जिल्लाका ब्राह्मणहरु जन्मदेखि मृत्यु सम्म विभिन्न संस्कारहरु मान्ने गर्दछन् । यस्ता संकार, परम्परामा नेपाल र नेपालीको संस्कृति झल्किएको हुन्छ । कास्की जिल्लाका ब्राह्मण समुदायको भाषा र संस्कार, संस्कृति र परम्परालाई निरन्तरता दिन र संरक्षण गर्नका लागि सबैको सहयोग र समन्वय आवस्यक पर्दछ । भाषा, कला, संस्कार, संस्कृति, धर्म, मुल्य, मान्यता, परम्पराहरु राष्ट्र र राष्ट्रियताको समेत महत्वपुर्ण सम्पत्ति पनि हो ।

कास्की जिल्लाका हिन्दूब्राह्मणहरु विविध देविदेवताहरुको पुजाआजा गर्दछन र हिन्दु धर्म सम्वन्धित मठ मन्दिरमा पुजाआजा लगाउने गरिन्छ । जसले गर्दा बाचुञ्जेल सुख प्राप्त र मरेपछि स्वर्गमा बास हुन्छ भन्ने विश्वास गरिन्छ । देशमा पर्ने जस्तै प्राकृतिक प्रकोप, बालीनाली बोटविरुवा सप्रिउन रोगव्याधि नलागुन भन्ने कामना गर्दै पुजा आजा गर्ने चलन पनि छ । ब्राह्मण संस्कृतिमा नवजात शिशुको जन्मदेखि मृत्यु पर्यान्तसम्म विभिन्न संस्कार, परम्पराहरु प्रचलित छन् । आमाले नवजात शिशुलाई जन्म दिइसकेपछि छोरा वा छोरी दुवैको ९ दिनमा न्वारन गरिन्छ । यसमा सवै आफन्तहरुलाई भोज भतेर गरिने चलन छ । साथै बच्चाको नामाङकरण पन्डीतद्धारा गराईन्छ । ब्राह्मण समाजमा जन्म संस्कारमा गर्नुपर्ने विधि अत्यन्त मौलिक प्रकारको छ । जातकर्म, चुडाकर्म जस्ता संस्कारहरु घर परिवार तथा सम्वन्धित ब्यक्तिको स्वास्थ्य तथा सरसफाई सम्वन्धित हुनाले तिनिहरुको सांकेतिक महत्व छ । नामाङकरण, उपनयन, अन्त्यस्टि आदि

संस्कारहरुको सामाजिक र आर्थिक महत्व छ । यी संस्कार नगरेमा ब्यक्तिको सामाजिक स्तर तल खसेको मानिन्छ । धार्मिक दृष्टीकोणले पनि यो अपराध हुन जान्छ । विधिहरुको सामाजिक, धार्मिक र नैतिक महत्व छ । विवाह अघि सम्पन्न गरिने उपनयन र वेदारम्भ संस्कारहरु शैक्षिक संस्कार मानिन्छन । जिवनको अन्तिम संस्कार अन्त्यष्टी मृत्युसंग सम्वन्धित छ । स्मृतिकालमा संस्कारहरु जन्मदेखि सुरु भएर अन्त्यष्टीमा सकिन्छ भन्ने धारण लोकप्रिय थियो । यस पहिले भने संस्कार विवाह वाट सुरु भएको मानिन्थ्यो । अन्त्यष्टी संस्कारको एक मात्र मुख्य लक्ष्य हो मुक्ति, किनभने जीवनमा सुख र दुख सित संघर्ष गर्दै आएको ब्यक्ति एकदिन मृत्यु सम्म पुग्दछ । मृत्यु अथवा अन्त्यष्टि हिन्दूहरुको अन्तीम मुख्य संस्कार हो । तर यसो हुदाहुदै पनि यस विषयमा पर्याप्त मात्रामा अध्ययन अनुशन्धान र शोधकार्य नहुनु तथा यसको नविनतम् सत्य तथ्य थाहा पाउन र थप जानकारी प्राप्त गर्ने उद्धेस्यले यो अध्ययन गरिएको छ ।

शास्त्रहरुमा संस्कारहरुको विस्त्रीत चर्चा गरेको पाईन्छ । कृषिहरुले देश, काल, पात्र र परिस्थिति अनुशार संस्कारहरुको संख्या फरक फरक निर्धारण गरेका छन् । त्यसैले संस्कारहरुको संख्या कहि ११, १२, १३, १६, २४, ३१ र  कहि ४८ सम्म रहेको पाईन्छ । हाम्रो परम्परामा तीमध्य १६ संस्कार बढि चर्चित भएतापनि ब्यबहारमा भने ती सबैको समुचित पालना भएको पाइन्न । गर्भाधान त हुन्छ तर त्यसलाई संस्कारको रुप दिइन्न । पुंसवन, सीकन्तोन्नयन र जातकर्म जस्ता संस्कारहरु छोडिएका छन् । नामाङकरण, ब्रतवन्ध, विवाह र अन्त्यष्टि संस्कारहरु गरिएको देखिन्छ तर तिनमा प्रयोजनको अज्ञानले गर्दा विधिविधानमा प्रशस्त त्रुटि देखिन्छ । निष्क्रमण, अन्नप्राशन, मुण्डन वा छेवर, कर्णवेध, अक्षरारम्भ जस्ता कर्महरु परम्परित रुपमा मात्र गरिन्छन तर तिनमा प्रयुक्त हुने विधिविधानहरुको पर्वाह गरिन्न । चुडाकर्म, उपनयन, वेदनरम्भ र समावर्तन ब्रतवन्धकै नामवाट त्यही समयमा एकैसाथ सम्पन्न गरिन्छ । तीनको पृथक महत्व वोध गर्न छोडिसकिएको छ । नाक, कान छड्ने जस्ता परम्परागत कुराहरुलाई पनि

श्रृङ्गारका लागि गहना लगाउने उदेश्य बाहेक अरु प्रयोजन नदेखिनाले छुट्दै गएका छन् (अधिकारी, बि.स.२०७५, पृ:५) ।

कास्की जिल्लाका ब्राह्मण समुदायका प्रमुख संस्कारमा जातकर्म, नामाङकरण, अन्नप्राशन, चुडाकर्म, उपनयन, विवाह र अन्त्यष्टि संस्कारहरु पर्दछन् । बालको जन्म हुनुभन्दा पहिला गर्भाधान, पुंसवन तथा सीमन्तोन्नयन तीन संस्कार हुन्छन । जन्म भएपछिको पहिलो संस्कारजातकर्म संस्कार हो । मनुस्मृति अनुशार यो संस्कार नालच्छेदन भन्दा अघि सम्पन्न गर्नु पर्दछ किनकि नालछेदन पछि सूतक लाग्छ र यस्तो अवस्थामा जातकर्म संस्कार गर्न निषिद्ध छभनिएको छ । व्यवहारको सिद्धि, आयु एवं ओजवृद्धिको लागि नामाङकरण संस्कार गर्नुपर्ने स्मृतिसंग्रहमा बताएको छ । यस्तै बल, आयु एवं तेजको लागि चुणाकर्म संस्कार गरिन्छ । उपनयन बिना देवकार्य र पितृकार्य गर्न नसकिने कुरा धर्मशास्त्रग्रन्थहरुमा उल्लेख छ । विवाह संस्कार पछि नै ब्रह्मचार्य आश्रमबाट गृह्स्थआश्रममा प्रवेश गर्दछ । मनुजीका अनुशार आयुको द्धितीय भाग अर्थात २५ देखि ५० वर्षको अवस्था विवाह तथा गृहस्थाश्रममा विताउनु पर्दछ । अन्तिम संस्कार भनेको अन्त्यष्टि संस्कार हो । यो संस्कार मूख्यरुपमा दुइरुपमा सम्पन्न गरिन्छ । पहिलो पक्ष मरणासन्न अवस्थाको र दोस्रो पक्ष मृत्युपछिको कर्म हो । संस्कारहरुलाई पालना गर्ने क्रममा संस्कारको मुख्य बिशेषता लाई आधार बनाउनु पर्दछ ।

संस्कारको अर्थ कुनै ब्यक्तिलाई शुद्ध गर्ने वा पूर्ण बनाउने विधि हो । संस्कारलाई हिन्दूहरुको एउटा महत्वपुर्ण विशेषता मानिन्छ । यो शुद्ध र अशुद्ध भन्ने मान्यतामा आधारित छ । यस धर्म अनुशार मानिसले जन्म लिएर मात्र पुग्दैन यसलाई सार्थक र पुर्ण परिष्कृत र शुद्ध वनाउन विभिन्न क्रिया उत्सवहरु गर्नुपर्दछ । जन्मदेखि मुत्युसम्म पुरा गरिने हिन्दु संस्कारहरुमा जन्म लिनुभन्दा पहिले मनाइने संस्कारहरुमा गर्भाधान र पुंसवन, बाल्यकालका वृद्धि संस्कारहरुमा

विधा आरम्भ, उपनयन (ब्रतवन्ध) र वेदारम्भ । त्यसपछि बैवाहिक र मृत्यु ( अन्त्यष्टि) आदि संस्कारहरु पर्दछन् । अतः यी माथिका संस्कारहरुमध्ये जन्मदेखि मृत्युसम्म प्रचलित केहि प्रमुख संस्कारहरुलाई यहा चर्चा गरिन्छ ।

## ३.३.१ जातकर्म संस्कार :

शिशु जन्मिएपछि गरिने शास्त्रीय संस्कारलाई जातकर्म संस्कार भनिन्छ । जातकर्मको सिलसिला शिशु जन्मिनुभन्दा अघि आमालाई व्यथा लागेदेखि नै सुरु हुन्छ । पृथ्विमा जन्म लिनु मानवजीवनको एक महत्वपुर्ण घटना हो । लामो समयसम्म जुन कष्टले आमाले उसलाई जन्म दिन्छिन, त्यसलाई क्षणिक मात्र सोचेमा हामि गम्भीर हुन्छौ । कारण के हो भने प्राचिनकालदेखीनै बालकको जन्म एक महत्वपुर्ण घटना ठानिन्थ्यो आज हामि त्यसलाई प्राकृतिक प्रक्रिया मान्छौ, तर उसबेला यो कुनै अलौकिक वा देवी प्रक्रिया ठानिन्थ्यो (खत्रि, बि.स २०५८, पृ: १२८) । साँच्चि नै , जुन अवस्थामा आमाले शिशुलाई जन्म दिन्छिन्, त्यो दृश्य अति मार्मिक हुन्छ । यसैले प्राचिन हिन्दूहरुले यस घटनाको पछि कुनै अदृश्य शक्तिको उचित सतर्कता आदि प्राचिन क्रियाकलापहरुले पछि गएर संस्कारको रुप दिए ।

वेदहरुमा शिशुको राम्ररी जन्म होस् भनेर पुषन्को प्रार्थना गरिएको छ । पछि गुह्यसुत्रहरुमा चाहि यसलाई एक संस्कारको रुप दिइएको छ । यस संस्कारमा सर्वप्रथम चाडै जन्मन लागेको शिशुकी आमालाई राख्न एक शुभ दिनको शुभ मुहर्तमा सुतिकाभवन तयार गरिन्थ्यो । यो ठाउ घरको दक्षिण पश्चिमको कोठा उपयुक्त मानिन्थ्यो । प्रसव हुनुभन्दा केही दिनअघि भावी मातालाई त्यस ठाउमा अगी अनेक देव देवताको पुजा अर्चना गर्न लगाइन्थ्यो । यस प्रकारको पुजावाट भुतप्रेत आदि हटेर जानेछन् भन्ने विश्वास उसबेला थियो । त्यस कोठामा अग्नि, जल, लट्ठी, बत्ती र हतियारहरु राखिन्थ्यो। यिनको आवश्यकता बालकको रक्षाकै लागी हो । बालकले जन्म लिइसकेपछि पनि भुतप्रेत

आदिलाई हटाउन आगो बाल्ने काम गरिन्थ्यो । दस दिनसम्म यो आगो रहिरहन्थ्यो र नामकरण भएपछि यसलाई अपवित्र मानी निभाइन्थ्यो (खत्रि, बि.स २०५८, पृः १२९) ।

नाल नकाटुन्जेल शिशु नाभिद्वारा आमासंग जोडिएको हुन्छ । त्यसैले उसको शरीरलाई आमाको शरीरभन्दा भिन्न ठानिदैन । नाल काटिसकेपछि मात्र ऊ आमाबाट छुटि्न्छ । अनि मात्र दाजुभाइहरुलाई सूतक लाग्छ । नाल काट्दा शिशुको नाभिस्थानतिर आठ अङ्गल (अमल) छोडेर काँचा धागाले कसेर बाँध्नू र सके सुनको टुक्रा साथमा राखेर शिशुको मङ्गल कामना गर्दै खिया नलागेको सफा र धारिलो हतियारले एकै पटकमा काटिदिनूपर्दछ । यसो गर्दा बाँधेको गाँठो शिशुको नाभितिरै परोस् । यदि साल नझरिकनै नाल काठ्नुपर्ने भए माथि भनेअनुशारको गाँठोपछि चार अङ्गलको अन्तरालमा अर्को गाठो पार्नू र ती दुबै गाठाका बीचबाट नाल कट्नूपर्दछ । शिशु छोरो होस् वा छोरि दुवैमा भेदभाव गरिनुहुदैन । हाम्रो मूल संस्कृतिमा छोरीलाई उपेक्षा गर्ने दृष्टी छैन , बरु भनिएको छ ( दशपुत्रसमा कन्या यस्य शीलवती सुता) अर्थात सुन्दर शीलस्वभाव भएकी एउटै कन्या दशपुत्र बराबर हुन्छिन्  (अधिकारी, बि.स.२०७५, पृः ३१) । तर मनुस्मृतिमा यो केवल पुत्रको लागि मात्र गरिन्छ कन्याको गरिदैन पनि भनिएको छ । यस्तै नालछेदन पुर्व नै यो संस्कार गरिनुपर्दछ किनकी नालछेदन पछि सूतक लाग्दछ र सुतकमा जातकर्म गर्न निषिद्ध गरिएको छ । बालकको जन्मपछि निर्णायात्मक व्यवस्था अनुशार बाह्र घडी (चार घण्टा) अथवा सोह्र घडी (लगभग साढे छ घण्टा) मा नाल काट्न पर्दछ । यो समयमा जातकर्म सम्वन्धी समस्त कर्म पूर्ण गरिनु पर्दछ ।

**विधिः** शिशु जन्मिइसकेर नाल काटेपछि शिशुका पिता वा अभिभावकले शिशुको मुख हेर्नू र नवजात शिशुलाई पनि दही वा दुधसहित मनतातो पानीले नुहाइदिएर सफा पार्ने व्यवस्था मिलाउनू पर्दछ । अनि आफूले  पनि नदीमा वा घरैमा

कपडैसित सुनपानीले नुहाउनू पर्दछ । सफा लुगा फेरेर पितृहरु र ऋषिहरुलाई मन्त्रसहितले नमस्कार गर्नु अनि तिलक आदि लगाएर सुत्केरी कोठामा प्रवेश गर्नूपर्दछ । शिशुलाई सफा लुगामा पूर्वतिर शिरगरी लिन लगाएर पिताले वा कर्ताले मन्त्र पढ्नूपर्दछ ।अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा ।

यः स्मरेत् पुण्डरीकाक्षं स बाह्याभ्यान्तरः शुचिः ॥

र कुशतिल मिसाएको शुद्ध जलले आफू र शिशुलाई सेचन गर्नू पर्दछ(अधिकारी, वि.स २०७५,पृः ३२)। ग्रहदोष र अन्य दोषको परिहारका लागि सुन, पैसा वा अन्य वस्तुहरु दान गर्नू वा दान गर्ने सङ्कल्प गर्नू वा दानका लागि छुट्याउनूपर्दछ ।

**मेधाजनन**ः खास गरी शिशुको मेधा वा बुद्धिशक्ति जगाउन गरिने महत्वपूर्ण कार्य हो । यसमा शिशुका पिताले वा अन्य शुभेच्छु अभिभावकले नवजात शिशुलाई घिउ तथा मह चटाउने गरिन्छ । महान् आयुर्विद् सुश्रुतका अनुशार यस अवस्थामा चटाएको घिउ र महले शिशुको मानसिक विकासमा सहयोग पुर्‍याउछ। यसले शिशुको सौन्दर्य र मेधाशक्ति बढाउनुका साथै लाग्न सक्ने अपस्मार, शिरोवेदना, मृगी, अपच, ज्वरो जस्ता रोगहरु निवारण गर्छ र पाचनशक्ति, स्मृति, बुद्धि, तेज तथा आयु बढाउछ(अधिकारी, बि.स २०७५, पृः ३२) । मेधाजननका लागि सुन वा चादि वा अरु कुनै भाडामा घिउ (सकेसम्म गाईको) र मह असमान भाग (घिउ बढी मह अलि कम) पारेर मिसाउनूपर्दछ । अनि मन्त्र उच्चारण गर्दै सुन वा चादिको सानो चम्चा वा टुक्रा वा औठिसहित साहिली औलाले शिशुलाई चार पटक सम्म चटाउनूपर्दछ । यसपछि सुत्केरीका दुबै स्तन मनतातो पानीले धोएर पहिले दाहिने अनि बाया गरी शिशुलाई चुसाउन थाल्नूपर्दछ । सुत्केरी बस्ने कोठामा सुत्केरीको बिस्ताराको सिरानीपट्टी अलिपर अलिकति पोतेर वा सफा गरेर एउटा जलपुर्ण घडा राखिदिनु, यसरी राखिएको पानी १० दिनका दिन सेलाइदिनू, माटाको भए घडैसित र धातुको भए पानी मात्र । यसैगरी सुत्केरी कोठामा चोखो ठाउ वा भाडा (मकल आदि) मा अग्नि जलाउनूपर्दछ । कहि यस

अग्निलाई दश दिनसम्म ननिभाई राख्ने र प्रत्यक दिन बिहान र बेलुकी उक्त अग्निमा कनिका र सर्स्युले कम्तीमा दुई दुई आहुति दिने चलन पनि छ । कही यो काम न्वारनको दिन एकै पटक पनि गरिन्छ । यो संस्कार मेधाजननको तात्पर्य हो शिशुमा ज्ञानको प्रवेश गराउनु । यसका लागि बावुले बालकलाई आफ्नो औलाले घिउ र मह खुवाउछन् । घिउले वालकलाई शारीरिक विकासबाट मुक्त गराउछ भने महले उसको मानसिक प्रगति तीब्र गतिमा हुन्छ ।

शिशु जन्मने वेलामा शुभदिन को साइत पारेर सुतक हवन तयार गरिन्छ । प्रसव हुनुभन्दा अगाडी सुत्केरि हुने आमालाई त्यस ठाउमा राखि अनेक देवदेविको पुजा अर्चना गर्न लगाइन्छ । यस प्रकारको पुजावाट भुतप्रेत हटेर जान्छन् भन्ने विश्वास गरिन्छ । त्यस्तो हवनमा अग्नी, लठ्ठी, जल, वत्ति र हतियारहरु राखिन्छन् ।यि सवै वालकको रक्षाको लागि मानिन्छ । बालकले जन्म लिइसकेपछि पनि यस कार्यलाई दस दिनसम्म कायम राख्ने चलन छ । कास्की जिल्लाका ब्राह्मण समुदायमा यस्तो चलन अभिजनत्य वर्ग वाहेक सामान्य पुजा तथा ब्राह्मण दक्षिणा दिने रीतिहरु पुरा गरेर सम्पन्न पनि गरिन्छ । यसलाई सुतक वार्ने भनिन्छ ।

सामान्यतया जातकर्म शिशुको नाभि अलग्याउनु भन्दा पहिले गर्ने चलन रहिआएको छ । सुत्र साहित्यअनुशार यसमा लागि मुहर्त नपाएमा यसमा केही ढीलो पनि हुन सक्छ । बालक जन्माएकीमा प्रसवति आमालाई पनी धैरै प्रशंसा गर्ने चलन सुत्रकालमा थियो । अन्तमा, वालकको नाभि अलग्याउने काम सम्पन्न हून्थ्यो । नाभि काटेपछि बाबुले बालकलाई स्नान गराइथ्यो र फेरी भुतप्रेत आदि हानिकारक तत्वहरुलाई  घरवाट धपाइन्थ्यो । अहिले पनि हाम्रो हिन्दू समाजमा जातकर्म सम्पन्न गरिन्छ तर यसका लागी सुत्रहरुले प्रतिपादन गरेका सबै रीतिहरु अपनाउने गरेको पाइदैन । (खत्रि, बि.स २०५८, पृ: १२९) ।

अवलोकनका क्रममा कास्की जिल्लाका ब्राह्मण समुदायमा जातकर्म संस्कार वैदिक विधि अनुशार गनेको पाइयो । यदि घरैमा सुत्केरी गराउन लागिएको हो भने व्यथा लाग्नासाथ गर्भिणीलाई आरामदायी कोठामा लगेर राख्नुपर्छ (अधिकारी, बि.स.२०७५, पृ: ३०) । सुत्केरी गराउने सहयोगी व्यक्ति र सुत्केरी सामाग्रीको व्यवस्था सगै पतिले वा अन्य अभिभावकले हातमा तिलकुशसहितको पानी लिएर विनियोग र मन्त्र उच्चारण गर्दै सुत्केरी हुने महिलालाई सेचन गरिदिनु पर्दछ ।

कास्कीका ब्राह्मण समुदायमा पनि यसलाई अधिकाशं हरुले सामान्य पुजा तथा ब्राह्मण दक्षिणा आदि रीतिहरु पुरा गरेर सम्पन्न गरिन्छ । हिन्दू संस्कारमा जन्मको ज्यादै महत्व छ । तथापि छोरा जन्मदा वढी खुसी हुने र छोरी जन्मदा खुशी नहुने चलन पनि रहेको छ । हिन्दू धर्ममा छोराले पितृको काजकिरिया श्राद्ध गर्दछ । यसरी श्राद्ध गर्नाले स्वर्गमा पुगिन्छ भन्ने भनाइ छ (गरुण पुराण) । यहि आस्था र विश्वासका आधारमा छोरा नपाई तरिदैन अर्थात् स्वर्गमा पुगिदैन भन्ने विश्वास छ । त्यसैले छोराको पर्खाइमा धेरै सन्तान हुने, वहुविवाह हुने चलन पनि कायमै छ । आधुनिकरण र शहरिकरण सगैं कास्की क्षेत्रका ब्राह्मणहरुको संस्कारगत क्रियाकलापमा पनि परिवर्तन स्पष्ट देख्न सकिन्छ । वर्तमान समयमा कुनै व्यक्तिले सन्तान उत्पादन गरेपछि उसलाई वधाई ज्ञापन गर्ने चलन छ । सुतक कुनै चाडपर्वमा परेमा त्यो चाड पर्व, धर्म र परम्परा अनुशार त्यसवर्ष गरिदैन । यो कार्य आफ्ना भाइ वन्धुहरु सवैलाई लागू हुन्छ । यो समयमा अन्य विवाह, ब्रतवन्ध, रुद्री, पुराण, दशै, तिहार लगाएतका पर्वहरु सुतक लागेको कारण मनाउन हुदैन भन्ने भनाइ भएकोले मनाइदैन । जन्मदा सुत्केरो र मर्दा जुठो वार्ने चलन ब्राह्मण समुदायमा यद्यपि कायम छ । यसरी जुठो सुत्केरो वार्ने काम १३ दिने दाजुभाइभित्र मात्र हुन्छ । आजकाल जन्मपछिको समय राम्रो हो सुतक वार्न पर्दैन भन्ने भनाइहरु पनि यदाकदा सुन्नमा पाइन्छ । तथापि समाजले यस कुरालाइ स्वीकार गरेको छैन ।

**जन्मोत्सव**: प्राचीन कालदेखि वर्तमानसम्म शुभ संस्कारकै रुपमा जन्मोत्सव मनाउने चलन समाजमा पाइन्छ । अहीले आएर यो प्रचलन अझ बढ्दो छ । महत्वका दृष्टिले जन्मोत्सव अन्य संस्कारभन्दा कम छैन । यो उत्सव आफुबाट विगतमा भए गरिएका क्रियाकलापहरुको लेखाजोखा गरी आगामी दिनमा अझ असल कर्म र असल गुणको अवलम्बन गर्ने तथा कमसल गुण एवं कर्मको परित्याग गर्ने संकल्प लिने उपयुक्त अवसर हो । साथै आफूलाई जीवन दिने अवसर दिने, शक्ति सामर्थ्य र बुद्धि विवेक दिने अस्तित्वप्रति वा भगवानप्रति बाबुआमा प्रति, प्रकृति र परिवेशप्रति समाज र सभ्यताप्रति कृतत्रता वा धन्यवाद ज्ञापन गर्ने अवसर पनि हो । जन्मदिवसका बेला लिइएका सङ्कल्पले वर्षभरि व्यक्तिलाई त्यस दिशातिर लाग्न उत्प्रेरित गरिरहन्छन् त्यसैले जीवनमा जन्मोत्सव वा जन्म दिवसोत्सवले ठूलो महत्व राख्दछ ।

हामी आफ्नो समाज र संस्कृति अनुसार ती-ती क्षेत्रका महान् व्यक्तित्वको स्मरण गर्दै तिनका गुण र योगदानहरुको सम्मान गर्दै विभिन्न दिवस, जयन्ती जन्मोत्सवहरु मनाउछौ - शिवरात्री, रामनवमी, श्रीकृष्णजन्माष्टमी, बुद्ध जयन्ती, क्रिसमस, पृथ्वीजयन्ती, भानुजयन्ती इत्यादि । जसरी आफ्ना आदरणीय महान् व्यक्तिहरुको जन्मोत्सव मनाएर जीवनमा त्यस्तै महान गुणहरुको आव्हान गरिन्छ । त्यसै गरी आफ्नै जन्मोत्सव मनाएर आफ्ना जीवनलाई थप उन्नतिशील बनाउने प्रतिज्ञा गर्नु पनि उत्तिकै आवश्यक छ । यस किसिमको उत्सवले एकातिर जीवनमा उमङ्ग, उत्साह र कर्मठता थप्छ भने अर्कातिर आफ्ना छिमेकी, इष्टमित्र, परिजनहरुमा निकटता, प्रेम, सद्भावना, शुभेच्छा र आत्मीयता बढाउन सहयोग गर्छ । आत्मनिर्माण, सौभाग्य वृद्धि र चेतना विस्तारका लागि पनि जन्मोत्सव अत्यन्त उपयोगी हुन सक्छ । जन्मदिवसको सबैभन्दा मुख्य विषय हो शुभसङ्कल्प । वितेका दिन वा वर्ष जे जसरी बिते पनि अब आउने दिन शुभ कर्म गरेर बिताउनेछु, र जीवनलाई सार्थक पार्नेछु भन्ने सङ्कल्प वा प्रतिज्ञा यस अवसरमा लिइन्छ ।

### ३.३.२ नामकरण संस्कार

नयाँ जन्मिएको शिशुलाई नाम दिने वा नाम राख्ने संस्कार नामकरण संस्कार हो । यसलाई लोक भाषामा न्वारन वा नुवारन पनि भनिन्छ । हाम्रो परम्परामा यो चलन वैदिक र पुर्ववैदिक युगदेखीनै चलिआएको पाइन्छ । यो संस्कार सामान्यतया शिशु जन्मिएको एघारौ दिनमा गरिन्छ तर कहि जातकर्मसंगै नाम सुनाउने चलन पनि छ । यस वाहेक दसौ, बाह्रौ, तह्रौ, सोह्रौ, उन्नाइसौ, बत्तीसौ ,सयौ दिनमा, वर्ष दिनमा र दोस्रो वर्षको पहिलो दिनसम्म पनि नामकरण गर्न सकिने उल्लेख छ तर संक्रान्ति, ग्रहण र श्राद्धका दिन नामकरण गर्न राम्रो मानिदैन । (अधिकारी, वि.स २०७५, पृ: ४७) । यसको खास उदेश्य नवजात शिशुलाई नाम दिनु हो । यस्तो नाम राख्दा वालकले पृथ्विमा अवतरण गरेको तिथि, वार, नक्षत्र आदिलाई आधार लिइन्छ । आजिवन त्यही नाम उसको वैधानिक नामको रुपमा रहन्छ ।

बालकले पृथ्वीमा अवतरण गर्नासाथै उसले कुन तिथि , नक्षत्र र वारको कुन अंशमा जन्म लियो भन्ने कुरो तत्कालै टिपिन्छ । जुन अंशमा उसले जन्म लिएको छ, त्यसको आधारमा उसको नाम कायम हुन्छ । त्यहि नाम पछि उसलाई नामकरण संस्कारमा दिइन्छ र आजीवन उसले त्यसैलाई वैधानिक रुपमा प्रयोग गर्छ । नामकरण संस्कार शुभ दिनहरुमा मात्र सम्पन्न हुन्छ । यस दिन सर्वप्रथम बालकले जन्म लिएको घर, बालककी आमा तथा बालक स्वयम्लाई सफा गराइन्छ । गुह्यसुत्रहरुमा यस अवसरमा गरिने विधिहरुको पूर्ण विवरण पाइन्छ । यस अवसरमा गरिने पुजाहरुमा आफ्ना कुलदेवता, प्रजापति, अग्नि, सोम र गणेशको पुजा महत्वपुर्ण छन् । (खत्रि, बि.स.२०५८, पृः १३०) यसै क्रममा बालकलाई बाबुले नाम दिई नामले सम्बोधन गर्ने र पुरोहितहरुले त्यसलाई सहमति दीने काम हुन्छ । प्रायः हिन्दूहरुमा नाम दिने काम बाबुबाट नभई सोझै पुरोहितबाट हुन्छ । नवजात शिशुलाई आशिर्वाद दिएपछि विधिहरु सकिन्छ ।

त्यसपछि भोज आदिको कार्यक्रम हुन्छ । प्राचिन धर्मशास्त्रकारहरुले नाम प्रदान गर्ने अनेक विधिको चर्चा गरेका छन् । तापनि, जन्मदाको नक्षत्रअनुसार नाम दिने प्रचलन सर्वाधिक लोकप्रिय देखिन्छ । धेरै हिन्दूहरुमा बालक बालिकाको नाम राख्दा देवताको जस्तो राखिनुपर्छ भन्ने धारणा छ । न्वारनमा राखिएको नामको सीमित प्रयोग गरी व्यवहारमा नया र लोकप्रिय नाउँ चलाउने पनि प्रचलन छ । छोराको लागि देवतााहरु र छोरीमा लागि देवी, पर्वत, नदी, फुल आदिका नामबाट लोकप्रिय नाम राखिएको देखिन्छ । अर्कातिर कतिपय मानिसको के विश्वास छ भने राम्रो बालक बालिकालाई नराम्रो नामले सम्बोधन गरेमा उसको आयु लामो हुन्छ । तर यस्तो प्रचलन निकै कम देखिन्छ । यस्ता लोकप्रिय नाम राख्ने काममा नामकरण संस्कारको कुनै सम्वन्ध रहदैन ।

शतपथ ब्राह्मणअनुशार नया शिशुलाई उसको जन्मसमयको नक्षत्र र तिनका अधिपति देवीदेवता तथा भगवानको नाम दिनुपर्छ किनभने यस्ता नामहरु विशिष्ट ध्वनि वा वर्णहरुवाट बनाइएका हुन्छन् । जसले शिशुलाई अशुभ तत्वबाट बचाउन कवचको काम गर्छन् । नाम उसको व्यक्तित्वको परिचायक हुने भएकाले जीवनमा यसको ठुलो प्रभाव हुन्छ त्यसैले नाम राम्ररी चुनेर मात्र राख्नुपर्छ ।नाम राख्ने धेरै तरिका छन् । ज्योतिषअनुसार जन्मनक्षत्रको पाउका आधारमा जुराइने नाम, बाबुआमाले स्वेच्छाले दिने लौकिक नाम, गुरु वा पुरोहितले स्वेच्छाले दिइने नाम, गुणका आधारमा, वंशका आधारमा, बाबुआमाका नामका आधारमा, शारीरिक बनोटका आधारमा, बस्तु उपकरणका आधारमा, इष्टदेव र कुलदेवताका आधारमा, ऋतुका आधारमा, बार तिथी र तिथीका स्वामीका आधारमा आदि ( अधिकारी, बि.स २०७५, पृः ४७) । यी मध्य ज्योतिषअनुसार र बाबुआमाले स्वेच्छाले नाम राख्ने चलन हामिकहा बढी छ ।

शिशुलाई नाम सुनाउदा नक्षत्रअनुशार रहन गएको नाम शिशुका पिता वा अभिभावकले जन्मेकै दिन शुद्धिकरण पछि शिशुका कानमा सुनाईदिनू पर्दछ र त्यो

नाम गोप्य राख्नू तर एघारौ दिनमा ब्यापक शुद्धीकरणपछि सुनाईने नाम गुरुपुरोहीत वा आर्चायले विधिपूर्वक घोषणा गरिदिनू तथा शिशुका कानमा सुनाइदिनू भन्ने शास्त्रमा निर्देशन छ ।

**पिताले नाम सुनाउदा निम्नानुसारका वाक्यहरु भन्ने**:हे शिशु , हाम्रा इष्टदेवका अनुसार तिम्रो नाम हाहाहा राखिएको छ । तिमी हाहाहा महिनामा  जन्मेको हुनाले तिमीलाई हाहाहा पनि भनेको छ । तिमी हाहाहा नक्षत्रको हाहाहा पाउमा जन्मेको हुनाले त्यसअनुसार तिम्रो नाम हाहाहा हो तर हामि मातापिताले तिमीलाई प्रेमपूर्वक हाहाहा भनेर बोलाउनेछौ । (अधिकारी, बि.स २०७५, पृः ३५)

न्वारनको अघिल्लो दिन अर्थात शिशु जन्मिएको दसौ दिन सुत्केरीलाई ब्यापक शुद्धि गराइन्छ जसअनुसार सुत्केरीलाई राम्रोसंग नुवाइधुवाइ गर्न लगाइन्छ अनि सुनपानी खान र वरपर तथा शरीरमा छर्किन लगाइन्छ । उसले प्रयोग गरेका सम्पूर्ण लुगा कपडा भाडाहरु धोएर माझेर शुद्ध पारिन्छ । गाउघरमा परालहरु ओच्छयाएका भए फ्याकिन्छ वा त्यसलाई बालेर सुत्केरीले आगो ताप्छन । माटाका भाडा प्रयोग गरेका भए फुटालेर फालिन्छ । सुत्केरीको कोठा पनि लिपपोत, धोइपखालि गरी सफा र चोखो बनाइन्छ अनि सुत्केरीलाई अर्को सफा सुविधायुक्त बिस्तारा दिइन्छ । त्यस दिन सुत्केरी र सुत्केरीका सुसारेहरुलाई मेथीजाउलो खान दिने चलन छ । एघारौ दिन शिशुलाई विधिपूर्वक मनतातो पानी वा अन्य औषधिय उपचारले नुहाइदिएर सफा लुगा फेराइन्छ  र शिशुका आमा र बाबुले पनि विधिपूर्वक स्नान गरेर सफा शुद्ध वस्त्रहरु पहिरी अभिमन्त्रित पञ्चगव्य खाने र घरमा सबैतिर छर्किने गरिन्छ । ज्येष्ठा, अश्लेषा र मुल नक्षत्रमा तथा कृष्णपक्षको चतुर्दशी तिथीमा शिशु जन्मीएमा दुष्टयोग शान्ती गरेर मात्रै नामकरण गर्नुपर्छ । जुम्ल्याहा र दाँतसहित जन्मिएको भए पनि शान्ति गर्नुपर्छ ।

**नामाकरणविधि**: प्रथमतः शिशुका बाबु वा कर्ता बन्नेले स्नान, पाठ आदि आफ्नोनित्यक्रिया सप्पन्न गरेपछी जनै फेरेर शुद्ध वस्त्र धारण गरी यज्ञस्थलमा

वस्नू र कर्मपात्र (पुर्वाङ्गकर्म अनुशार) तयार पारी तीन टुक्रा कुशसहित जल हातमा लिएर मन्त्र उच्चारण  गर्दै आफु र वरपर छर्किनूपर्दछ । यसपछि आचमन गरेर जौतिलकुशसहित पानी समातेरप्रतिज्ञासङ्कल्प तथा ब्राह्मण वरण गर्नूपर्दछ ।

**नामश्रवण वा नामघोषणा**ः कुनै राम्रो नयाँ स्लेट, पाटी वा त्यस्तै सुन्दर बोर्ड वनाएर त्यसमा सुन्दर ढङ्गले रङ्गीविरङ्गी उपकरणहरुले नाम लेखेर त्यस्तै चोखो कपडाले छोपेर राख्ने अनि नाम घोषणा गर्ने बेला भएपछि त्यसलाई पुर्वोक्त विधिले पुजा गरी मङ्गलध्वनि र मङ्गलवाद्यका साथ मन्त्रहरु उच्चारण गर्दै अनावरण गरेर सबैलाइ देखाउने र त्यहा उपस्थित भएका सबैलाई गुरुपुरोहित पछि पछि शिशुको नाम जयजयकारसहित उच्चारण गर्नु पर्दछ (अधिकारी, बि.स २०७५, पृ: ५२) ।

**मेखलाबन्धन**ः शिशुलाई हेरेर बाबुआमाले मेखला बाधिदिनू पर्दछ । अर्थात (हे पुत्रा।पुत्री तिमी मरै आत्मा हौः मेरो अङ्गअङ्गबाट र मेरो हृदयबाट तिम्रो जन्म भएको छः तिमी सय वर्षसम्म बाँच ) ।

**मेधाजनन**ः चोखो भाँडामा असमान भाग बराबर नहुने गरी मह र घिउ मिसाएर सुन वा चाँदीको सानो टुक्रा वा औंठीसहितको हातले चलाउँदै अभिभावकले चार पटकसम्म शिशुलाई चटाईदिनु पर्दछ ।

**अभिषेक**ः शिशु र शिशुकी आमालाई पल्लवसहित पवित्र जलले अभिषेक गरिदिनु पर्दछ ।

न्वारन भनेको बच्चाको नाम राख्ने दिन पनि हो । त्यसैले  भन्ने गरिन्छ मेरो न्वारन खाएको थिइस र नाम राख्छस । न्वारनकै दिन आफ्नो  गच्छे अनुशार दाजु, भाइ, इष्टमित्र आदिलाई निमन्त्रणा गरी भोज भतेर र मिष्ठान्न खुवाउने प्रचलन आजकल वढि मात्रामा भएको पाइन्छ ।

### ३.३.३ अन्न प्राशन

यो संस्कार वालकको उज्वल भविस्यको कामना गर्दै पुजा, होम जस्ता समारोह आयोजना गरेर भात ख्वाइन्छ । जन्मेर कैयौ हप्तासम्म बालकले आमाको दुध र अन्य तरल पदार्थको भरमा बाच्नुपर्दछ । यो भन्दा कठोर वस्तुलाई उसको पाचनशक्तिले जित्न सक्दैन । तर बालक ५,६ महिनाको भएपछि उसलाई दुध वाहेक अन्य खाद्य वस्तुहरु पनि दिन सकिन्छ । उसको तथा आमाको समेत हितका लागि यसो गर्नु उचित पनि छ । यसरी बालकलाई सर्वप्रथम अन्न खुवाउन शुरु गरिने अवसरलाइ पनी एक संस्कार मानियो र अन्य संस्कारहरुझै यसका लागि पनि विधिहरु तयार भए, यद्यपि यसको महत्व धार्मिकभन्दा वढि स्वास्थ्यसम्बन्धी छ । हिन्दूहरु बाहेक पारसीहरुमा पनि बालकलाई सर्वप्रथम अन्न खुवाउने समयलाई एक संस्कारकै रुपमा मनाउने चलन छ । यसैलाई आर्यहरुमा यो चलन उनिहरु भारतिय उपमहाद्विपतिर पस्नुभन्दा पहिल्यैदखि रहिरहेको बुझिन्छ । (खत्रि, बि.स  २०५८, पृ: १३१) । नया शिशुलाई पहिलोपटक अन्न खुवाउने वा भात खुवाउने संस्कार भएकोले यसलाई अन्न प्राशन वा भातखुवाई भनिएको हो । कसैले यसलाई पास्नी पनि भन्दछन ।

यो संस्कार छोराको भए छ वा आठ महिनामा र छोरीको भए पाचँ महिनामा गर्ने चलन छ । यदी शिशुको स्वास्थ्य र अन्य कारणले त्यस समयमा खुवाउन सम्भव नभए छोरीको नौ महिना वा एघार महिनामा र छोराको दश वा बाह्र महिनामा गर्नैपर्ने वर्ष कटाउनुहुदैन(अधिकारी,वि.स २०७५, पृ: ६२) ।

**विधिः** शिशुका बाबु वा कर्ता हुने व्यक्तिले आफ्नो प्राप्तः कालीन नित्य क्रिया ( स्नान, जप, पूजा पाठ आदि) सकेर सफा शुद्ध वस्त्ररु लगाएर यज्ञस्थलमा बस्नु पर्दछ । सम्भव भए शिशुकी आमा पनि सँगै बस्नु बेस हुन्छ । आचमन प्राणायाम गरिसकेपछि कर्मपात्र (पूर्वाङ्गकर्म अनुसार) बनाएर त्यसैले जल हातमा लिनु पर्दछ।

मन्त्र पढ्दै आफूलाई र वरपर छर्कनु पर्दछ । घरमा ब्राह्मणहरुमार्फत विशेषरुपले गर्ने भए गोदान सङ्कल्प, ब्राह्मणवरण, आभ्युदयिक श्राद्ध, विधिपूर्वक अग्निस्थापना आदि गर्न सकिन्छ । यदि सामान्य रुपले कोठामा आफैँ गर्ने भए पवित्र ठाउँमा बसेर दीयो, कलश, गणेशको स्थापना गरी तिनलाई पञ्चोपचारले पूजा गर्नु पर्दछ । कलशमै नवग्रहको, गौर्यादि षेडाश मातृकाको, षण्ठीदेवीको आवहन र पूजा गर्नु पर्दछ । कलशको अघिल्तिर आडमा एउटा थालीमा अष्टदल कमलको रेखी बनाएर त्यसमा क्रमैले अष्टचिरञ्जीवीको पूजा गर्नु पर्दछ । बालकका बाबुले अन्नप्राशन सम्बन्धी सम्पूर्ण अरिष्ट नाश होस भन्ने भावले केही पैसा वा सुन दान दिनका निमित्त बालकलाई छुवाउर एकातिर राख्नु वा तत्कालै दान दिनु पर्दछ । अनि एउटा सानो पतरी वा दुवा वा भाँडामा त्यहाँ भएको खाने कुराबाट थोरै थोरै झिकेर छुट्याउनु (यो पछि गाईलाई खुवाउनु) पर्दछ । त्यसपछि सुन चाँदी वा अन्य किसिमको नयाँ थाली वा प्लेटमा त्यहाँ ठूलो पतरीमा पस्किएका परिकारहरु थोरै-थोरै राख्नु र तलको मन्त पढ्दै मह र घिउ (असमान मात्रामा) वा पञ्चामृतले मुछनु पर्दछ । अनि सुनको असर्फी वा पैसा सहितको हातले सर्वप्रथम शिशुकी आमाले मन्त्र उच्चारण गर्दै वा गराउँदै पाँच पटक सम्म खुवाइदिनु ( मार्कण्डेय पुराणयमा भनिएको छ) ।

यसरी आमाले खुवाइसके पछि शिशुका बाबुले खुवाउनु र त्यसपछि परिवार तथा अन्य इष्टमित्रहरुले खुवाउने गरिन्छ । आगन्तुक निमन्त्रितहरुले खुवाउनका लागि चाँदी वा कुनै भाडामा मह घिउ (असमान मात्रा) र सानो चम्चा राखिदिनु उनीहरुले बालकलाई त्यही चटाइदिन्छन् । यसरी बालकलाई भात खुवाइसकेपछि ब्राम्हणहरु, कन्या कुमारीहरु तथा भान्जा भान्जीहरुलाई दक्षिणा दिई आमन्त्रितहरु सबैलाई भोजन गराएर आफुले पनि भोजन गर्ने गरिन्छ । बालकलाई खुवाएको पतरीका परिकारहरु बालकका धाई सुसारे वा अन्य मानिसहरुलाई बाँडिदिनु र अलिकता पतरीमा नै बाँकी राखेर नजिकको दोबाटो वा चौबाटोमा लगेर राखिदिनु पर्दछ(अधिकारी,वि.स २०७५, पृ: ६६) ।

बालकलाई भात खुवाउँदा अनेक मङ्गलध्वनी बाजा गाजा बजाउने माङ्गलिक स्तुतिहरु पाठ गर्ने वा कीर्तन पनि गर्ने गरिन्छ । भातख्वाइ गरेपछि त्यो दिन सहित पाँच दिनसम्म लगातार भात खुवाइदिनु पर्दछ। भातख्वाइ सकेपछि बालबालिकालाई मन्दिरमा लगेर भगवानको दर्शन गराउने चलन पनी छ ।

अन्नप्राशनमा पनि अन्य संस्कारहरुमा जस्तै केही मुख्य विधिहरु छन् ।बालकको उज्जल भविष्यको कामना गर्दै घरमा अनेक ढङ्गले पुजा र होम गरिन्छ । यस अवसरमा आफन्तहरुलाई बोलाई अन्नप्राशनमा सरिक गराइन्छ । सर्वप्रथम अनेक व्यञ्जनहरु तयार पारी बुवाले बालकलाई क्रमशः ति पदार्थहरुको स्वाद गराउने चलन धेरै पुरानो हो । अहिले हाम्रो समाजमा के विश्वास रहिआएको छ भने अन्नप्राशनको अवसरमा खाएका पदार्थहरु उसले जीवनभरी खान पाइरहन्छ । त्यसैले अनेक पदार्थहरुको घेरा बालकका सामु लगाइन्छ । प्राचिन कालमा बालकमा स्पष्ट बोली, शक्ति, मानसिक सन्तुलन, दीर्घायु, पवित्रता, बुद्धि आदि गुणहरु स्थायी रुपले रहिरहुन् भनेर अनेक प्रकारका पशुपंक्षिको मासु पनि दिने चलन थियो । आमालाई दुध चुसाइरहने भार हल्का गर्नु र वालकलाइ उसको शारीरिक वृद्धिको अनुपातमा आवश्यक ठोस खाद्यपदार्थ दिनु यस संस्कारको विशेषता हो ।

भात खुवाउने कार्य सकिएपछि बालकलाई बिस्तारामा लगेर आरामसित सुताइन्छ । अनि उसका वरपर दायाँबायाँ कपडा, पुस्तक, कलम, कुची, भाँडा, हतियार आदि राखिनछ । अनि बालकले तत्कालै वा सुतेर बिउँझेपछि सर्वप्रथम जुन वस्तु छुन्छ वा जे मा हात राख्छ त्यही वस्तु वा व्यवसायबाट उसले आफ्नो जीवनवृत्ति चलाउँदछ भन्ने विश्वास गरिन्छ । यो संस्कारको बास्तबमा धार्मिक दृष्टीकोणले मात्र नभै बैज्ञानिक दृष्टीकोणले पनि महत्वपुर्ण मानिन्छ । प्राय यसलाई अन्नेत्र लगेर भन्दा पनि घरमै बसेर सम्मन्न गरिने गरिन्छ । धर्मशास्त्रमा उल्लेख गरीयजस्तो नभएपनि कास्कीका ब्राह्मणहरुले यसलाई सामान्य रुपमा

मनाउने गरेका छन् । आफ्ना इस्टमित्र तथा नातागोताका मानिस तथा साथिभाइहरुलाई बोलाएर ब्राह्मण सहित दक्षिणा तथा भोजन गरि यो संस्कार मनाउने गरिन्छ ।

## ३.३.४ चुडाकर्म

बालक जन्मेपछि निश्चीत उमेर नभएसम्म केश नकाट्ने र शुभ साइतमा मुंडन गर्ने संस्कार हिन्दूहरुमा छ । यसैको नाम चुडाकर्म हो । हिन्दू साहित्यमा यसलाई चुडाकरण संस्कार भनि वर्णन गरिएको छ । चुडाकरण खासगरी तीन देखि पाच वर्ष उमेर मा उपनयन गर्नुभन्दा अगाडी गर्ने संस्कार हो । यो प्राय बालकको हकमा मात्र मामा तथा बाबुले सम्पन्न गर्ने गर्दछन् ।

अधिकांश शिशहरुको जन्मदा नै कापाल पलाइसकेको हुन्छ । त्यस्तो गर्भे कपाल शिशु छ महिना देखि एक वर्ष हुँदा सम्म काटिदिनुपर्छ किनभने त्यस्तो कपाल एकातिर शास्त्रीय दृष्टिले अपवित्र मानिन्छ भने अर्कातिर त्यो कपला काटिदिएपछि पलाउने नयाँ कपाल बढी सुन्दर बलियो र सघन हुन्छ । (अधिकारी, वि.स २०७५, पृः ७१) त्यसैले यस अवस्थाका बालक होस वा बालिका दुबैको कपाल मुण्डन गरिदिनुपर्छ । शरीर विज्ञान अनुसार छ महिना देखि बाह्र महिना सम्मको अवधि बालबालिकाको नयाँ दाँत निस्कने बेला हो । यति बेला बालबालिका अनि निर्बल हुन्छन् र यसको लगत्तै शरीरमा छाला सम्बन्धी रोगहरु निस्कने सम्भावना हुन्छ । यी कुराहरुबाट बचाउन र बालकको आयु, आरोग्य र तेजवृद्धि गर्ने उद्देश्यले यो संस्कार गरिन्छ । यस सम्बन्धमा यजुर्वेदमा भनिएको छ ( हे बालक, तिम्रो दीर्घायुका लागि तिमीलाई अन्नग्रहण गर्न सक्ने बनाउनका लागि, तिम्रो सौन्दर्य र सृजनशक्तिको अभिवृद्धिका लागि तथा ऐश्वर्य, बल र पराक्रमप्राप्तिका लागि तिम्रो मुण्डन गर्दछौ)।

यस कार्यका लागि सर्वप्रथम उपयुक्त ठाउँमा, घरभित्र, बाहिर, नदीकिनार मन्दिर वा तीर्थमा पञ्चभू संस्कार गरेर रेखीले वेदी तयार गरिन्छ । घरमा गरिंदा दिदी बहिनी वा सम्बन्धित महिलाहरुद्धारा निर्दिष्ट ठाउँमा जिउँती पनि लेखिन्छ । यस संस्कारका लागि विधिपूर्वक निर्मित देवीमा पूर्वाङ्गकर्ममा उल्लेख गरिए अनुसार सत्य नामका अग्निको आवाहन तथा स्थापना आदि पूर्वाङ्गकर्म गर्ने गरिन्छ (अधिकारी,वि.स २०७५, पृः ९५) । यज्ञस्थलमा चूडाकरण गर्ने बालक वा बालकका बाबु वा दुबैलाई उपयुक्त आसनमा पूर्व फर्केर बसन लगाई जल, तिल, कुश सहित तलको सङ्कल्प गराउने गरिन्छ । कर्ताले पुरोहितलाई तपाईलाई ( जुटिका बन्धन कर्मणि त्वामहं वृणे) अर्थात यो कार्य सम्पन्न गर्नका लाग आचार्यका रुपमा वरण गर्छु, भनेर टिका लगाइ दिने चलन छ । कर्ता र पुरोहित दुबैले हात जोडेर- आजको दिन र यो कर्म पुण्यमय होओस, शुभ होओस, समृद्धिपूर्ण होओस, उन्नति गराउने खालको होहोस, कल्याण्कारी होओस्, शान्तिपूर्ण होओस, शोभायुक्त होओस् भनेर प्रार्थना गर्न गर्दछन् । कर्ताले यज्ञमा स्थापित दीप, गणेश, कलश, ग्रह मातृका, अग्नि आदिको पूजा गरी पुष्पाञ्जलि चढाउने, भोग लगाउने अनि इष्टदेव, कुलदेव र गुरुदेवलाई सम्भ्केर प्रणाम गर्नुपर्दछ । अब यदि चूडाकर्म संस्कार भन्दा पहिले गरिनुपर्ने गर्भाधानादि कुनै पनि संस्कारगर्न बाँकी रहेको भए त्यसको प्रायश्चित्तस्वरुप त्यही वेदीमा मन्त्र अनुसार हवन गर्ने । कपाल काटिदिने मानिसलाई यज्ञदेवीको दक्षिणतर्फ आसनमा राखेर टीका र माला लगाइदिनु पर्दछ ।

**तातो र चिसो पानी मिसाउने मन्त्रः**- हे वायु ! तिमी तातो जलसँग मिसिन आऊ, हे अदिति ! तिमी केश काट्ने तातो चिसो पानी मिसाउने काममा सहयोग गर ।

**कपाल भिजाउने मन्त्रः** सुर्य बाट उत्पन्न दिब्य जलले बालकको आयु र तेज बढाउन गरिने चूराकरणमा केश भिजाईदिऊन ।

**छुरा वा कपाल काट्ने यन्त्र हातमा लिने मन्त्रः** बज्रका सन्तान हो कल्याणकारी छुरा ! तिमीलाई नमकस्कार छ । तिमीले मलाई आघात नपुऱ्याऊ ।

**दाहिने तिरको केश काट्ने मन्त्रः** जुन छुराले स्वयं सोम र वरुणको केश काटेका थिए, त्यही छुराले हे ब्राह्मण हो यस बालकको केश काटेर यसलाई पूर्णायु बनाइदेऊ । अनि पछिल्तिरको केश काट्ने र देब्रेतिरको कपाल काट्नु पर्दछ ।

**सामग्रीः** पूजन सामग्री, हवन सामग्री, रेखी (रङ्गवल्ली), पहेलो कपडा, तातो चिसो पानी, छुरा, बाच्छाको गोबर, पतरी वा प्लेट, बुकुवा वा नौनी घिउ, सिधा, दक्षिणा वा भेटी आदि हुन ।

यसरी काटिएको केशलाई दिदी बहिनीले गोबरमा राखेर माथि बाट कपडाले छोपेर नदी वा पवित्र ठाउँमा लगेर सेलाउनू पर्दछ । मुण्डन गरिएको शिरमा दिदी बहिनीले/नौनी घिउ/दही/बुकुवा आदि घसिदिनू र बालकलाई नुहाउन लाउनूपर्दछ । केश काटिदिनेलाई दक्षिणा दस्तुर सीधा फलफूल आदि दिने गुरु, पुरोहित, आचार्य तथा अन्य आगन्तुकहरुलाई यथेष्ट दक्षिणा भेटी र प्रसाद अर्पण गर्ने गरिन्छ । कायेनवाचा भनेर सबै कर्म भगवानमा अर्पण गर्ने गरिन्छ ।

हाम्रा धार्मिक ग्रन्थहरुमा मात्र नभइ प्राचिन आयुर्वेदिक ग्रन्थहरुमा पनि चुडाकरणको महत्व वढि रहेको पाइन्छ । प्रशिद्ध आयुर्वेदाचार्यहरु चरक, सुश्रुत आदिले केशको मुण्डन शरीर स्वच्छ रहने र शरिरलाइ आरोग्य प्राप्त भइ जीवनमा स्फुर्ति, प्रगति, साहस र सुख उपलब्ध हुने कुराको उल्लेख गरेका छन् । (खत्रि, बि.स २०५८, पृ १३२) यसमा बाबुको भुमिका रहन्छ ।यसै संस्कारमा टाउकोको शिरोभागमा शिखा वा टुपि राख्ने काम हुन्छ । टुपीको आकारप्रकार आफ्नो खानदान, गोत्र वा प्रवरअनुसार हुन्छ । यसको सम्वन्ध व्यक्तिको आयुसित हुन्छ भन्ने सामान्य धारणा छ । केश काट्ने व्यक्तिलाई उपहार र ब्राह्मणलाई दानदक्षिणा दिने काम हुन्छ । काटेको केशलाई कुनै अदृश्य अशुभ शक्तिले फेला

नपारोस् भन्ने हेतुले सुरक्षित ठाउमा लगी विसर्जन गरिन्छ  परम्परा रही आएको छ ।

यो संस्कार घर वा अन्य पवित्र स्थलमा पनि सम्पन्न गरिन्छ । नदिकिनारमा तथा मन्दिरहरुमा पनि चुडाकरण गर्ने गरीन्छ । कुनै महत्वपुर्ण तिथि मितिमा पनि यो संस्कार गरिने चलन रहेको छ । कास्कीका केहि धार्मिक स्थलहरुमा समेत सामुहिक रुपमा यो संस्कार गरिने गरिन्छ । चुडाकर्म सामान्यतया तीनदेखि पाच छ वर्षको उमेरमा उपनयन गर्नुभन्दा पहिले गरिने संस्कार हो । धेरै विद्धानहरुको रायमा यो संस्कार सानो उमेरमा नै गरिनु उपयुक्त हुन्छ भनिएको पाइन्छ ।

अवलोकनको क्रममा कास्की जिल्लामा चुडाकर्म संस्कार बर्तमान समयमा विधिविधान अनुसारनै गराइएको पाइयो । वर्तमान समयमा चुडाकर्म गर्दा अलग्गै नगरिकन उपनयनकै समयमा सगै गरिने चलन बढ्दै गएको छ । यसको छुट्टै प्रयोजन भने कम भएको देखिन्छ । चुडाकर्म, ब्रतवन्ध र उपनयनलाई सगै एकै समयमा गरिने गरेको देखिन्छ ।

## ३.३.५ उपनयन

यसलाई ब्रतबन्ध पनि भनिन्छ । यस अनुशार हिन्दू बालकलाई उसको निश्चीत उमेरमा सर्वप्रथम जनै प्रदान गरिन्छ । यो जनै प्रदान गरेपछि उसलाई कर्म माण्डमा सहभागी हुन योग्य ब्यक्तिको रुपमा लिइन्छ । बैदिककालमा यो उपनयन गरेपछि मात्र वेद पढ्न आरम्भ गरिन्थ्यो ।

व्रतबन्ध संस्कार खास गरी दुई वटा प्रतीक सबैले देख्ने गरी धारण गरिन्छन् । टुपि र जनै ।प्रारम्भमा यी दुई वस्तु मात्र प्रतीक थिए तर पछि यी कुराहरु जातीयतासँग पनि जोडिन पुगे । शिखा र सुत्र हिन्दूत्वको प्रमुख पहिचान नै बन्न पुग्यो । तर, अहिले आएर यिनैको औचित्यमाथि प्रश्न उठिरहेको छ ।

व्रतबन्ध एउटा सांस्कृतिक कर्मकाण्डका रुपमा जीवित रहे पनि टुपी र जनै हदैसम्म अपेक्षित बनिरहेका छन् । जनै सम्म लुगाले छोपिने हुनाले शरीरमा रहन पाएको छ तर टुपीको भने नामोनिसान मेटिने अवस्था छ किनकि टुपी बाहिरै देखिन्छ रदेखाउनु भनेको मानौ आधुनिकताको अपमान हो (अधिकारी,वि.स २०७५, पृ: ८१) ।

उपनयनको अर्थ हो समीप वा नजिक बस्नु । हिन्दूहरुका लागि उपनयन संस्कार अनेक दृष्टिकोणले महत्वपुर्ण रहिआएको छ । यस संस्कारवाट सर्वप्रथम एक हिन्दूले आफ्ना सही जातिय स्थिति प्राप्त गर्दछ । दोस्रो , यस संस्कारबाट उसको शिक्षादीक्षा विधिवत् प्रारम्भ हुन्छ । प्राचिनकालमा विद्याध्ययन शुरु उमेर भएपछि बालक बालिकालाई गुरुद्धारा उपनयन संस्कार गराई उनको जिम्मा लगाइन्थ्यो । यसरी बाबु आमालाई केहि वर्षका लागि अलग भई गुरुका समीप जानुपर्ने संस्कार भनियो । कालान्तरमा छोराहरुले मात्र पढ्न पाउने भए । फलत: उपनयन संस्कार पनि छोराको मात्र हुने भयो । पच्चीस वर्षको उमेरसम्म गुरुका साथ अध्ययन गरेपछि विद्या पूर्ण भएको र ऋषिऋणवाट पनि मुक्त भएको मानिन्थ्यो । (खत्रि, बि.स २०५८, पृ: १३३) यसरी उपनयन संस्कारवाट शिक्षाको प्रारम्भ हुने हुनाले हिन्दूहरुका लागि यस संस्कारको महत्व भएको हो । विद्यारम्भ बाहेक उपनयन संस्कारको अर्को महत्वपुर्ण पक्ष पनि छ र त्यो हो शुद्धता । संस्कारवाट शुद्ध नभएसम्म द्धिजपुत्र पनि शुद्रसरह नै रहन्छ । परिवारका ठुला सदस्यसित उसको खानपान हुन सक्दैन । यस उपलक्ष्यमा उसलाई जनै लगाउन दिइन्छ र मन्त्र प्रदान गरिन्छ । अनिमात्र उ द्धिज हुन सक्छ । अन्य वर्गले वेद पढ्न सक्दैनन् । द्धिजहरुका लागि उपनयन सातदेखि दश एघार वर्षको उमेरमा गर्नु उपयुक्त हुन्छ भन्ने कुरामा सवैजसो ऋषिमुनीहरु सहमत छन् । सुविधाअनुशार यसमा अगिपछि हुन सक्छ तर क्षत्रिय वा वैश्यभन्दा ब्राह्मणको उपनयन कम उमेरमा गरिन्छ । ब्राह्मण चाडै परिपक्क हुन्छ भनेर यसो गरिएको मानिन्छ (खत्रि, बि.स २०५८, पृ: १३३) ।

यसरी ठिक उमेरमा पुगेको बालकलाई ज्योतिषले जुराएको शुभ साइतमा उपनयन का लागी तयार पारिन्छ । यसका लागि सुर्य उत्तरायणपथमा रहेको समय शुभ मानिन्छ । तोकिएको दिनमा आफ्ना नातासम्बन्धिहरुलाई बोलाइन्छ । उपनयनका खास विधिहरु दिनको प्रातः पक्षमा नै सम्पन्न हुन्छन् । यिनमा पनि शिक्षारम्भ र मन्त्रदान निश्चित मुहुर्तमा सम्पन्न गरिन्छ । सवैभन्दा पहिले बालकलाई मुण्डन गरिन्छ र सुगन्धीत तेलहरु शरीरमा लगाई स्नान गराइन्छ । त्यस दिन उसलाई भिक्षुको जस्तो गेरु रङ्गको कपडा लगाउन दिइन्छ । प्राचिन गुरुकुलमा गई पढ्ने ब्रह्मचारीले विनम्र स्वभावको हुनका लागि भिक्षाद्धारा जीवनयापन गर्नु पर्दथ्यो । यसको साङ्केतिक रुपमा अहिले पनि उपनयन गरिदा ब्रह्मचारीलाई झोली र लाठी दिइ आफन्तहरुसित भिक्षा माग्न लगाइन्छ ।

बालकलाई द्धिज बनाउन सर्वप्रथम जनै प्रदान गरिन्छ । यसलाई उसको रक्षक र पवित्रताको प्रतिक मानिन्छ । अवसरअनुसार जनैको फरक फरक प्रयोग हुने कुरो पनि ब्रह्मचारिलाई तीनपटक पन्त्र पढाउछन् । त्यसपछि उसले त्यसलाई कण्ठस्थ पार्दछ । ब्राह्मणले प्राप्त गर्ने मन्त्रलाई गायत्री, क्षत्रियलाई त्रिष्टुप् र वैश्यका लागि जगति भनि शतपथ ब्राह्मणले उल्लेख गरेको छ । हुनत, अथर्ववेदमा पनि उपनयन संस्कारको उल्लेख भएको छ , तापनि सर्वप्रथम शतपथ ब्राह्मणमा र त्यसपछि गृह्यसुत्रहरुमा नै उपनयनका विशेषता तथा यस सम्वन्धी अन्य विवरण पाइन्छ । प्राचिन कालमा उपनयन संस्कार सम्पन्न गरेर गुरुले जिम्मा लिएका विद्यार्थि (ब्रह्चारी) पच्चीस वर्षको उमेरसम्म गुरुसित अध्ययन गरी त्यसपछि घर फिर्दथ्यो । (खत्रि, बि.स २०५८, पृ: १३४) घर फिर्ने कार्यलाई समावर्तन भनिएको छ । आजकालको उपनयन संस्कारमा चाँहि उपनयन गरिएकै दिन गुरुले विधि पुरा गर्ने हेतु नाटकिय रुपमा ब्रह्मचारीलाई केही शिक्षा दिन्छन् र उपनयन का अन्य विधिहरु सकिएपछि अन्तमा समार्वतन पनि सम्मन्न गर्छन । अथवा , ब्रह्मचारीलाई गृहस्थ बन्ने आदेश दिई बाबु आमाका जिम्मा दिन्छन् ।

यसको विधिमा मन्त्र सुनाउँदा बाहिरका अरु कसैले नसुनुन भनेर मङ्गलधुनहरु बजाउने, कीर्तन गाउने आदि गरिन्छ । मन्त्र सुनाइसकेपछि आचार्यले कुमारलाई पहिलेझैं तीन पटक आचमन गराई हात धुन लगाउन अनि शिष्यले पहिले ठिक पारिराखेका गुरुभेटीहरु गुरुलाई अर्पण गरेर पहिलेझैं गुरुका चरणमा ढोग गर्नु पर्दछ । गुरुले पनि कुमारका शिरमा हात राखेर आशीवाद दिनूपर्दछ । यसपछि कुमार आफ्नो आसनबाट उडेर अग्निलाई दायाँ पारेर वेदीको पश्चिमतिर बस्नु र मन्त्रहरु पढ्दै अग्निमा एक-एक ओटा समिधा हवन गर्नू । (अधिकारी, वि.स २०७५, पृः ९८) । यसपछि कुमारले देब्रे हातले दाहिने कान र दाहिने हातले देब्रे कान समातेर भुइँमा झुकी मन्त्रहरु पढ्दै क्रमशः अग्नि, वरुण, सूर्य र गुरुको दर्शन गर्नु पर्दछ ।

यसपछि गुरुदक्षिणाका लागि कुमारलाई आफन्तसँग भिक्षा माग्न लगाइन्छ । यसका लागि देब्रे काँधमा एउटा लठ्ठीमा झोली झुण्ड्याएर बोक्न लगाइन्छ र दाहिने हातमा भिक्षापात्र लिएर वेदीका वरिपरि बसेका आफन्तहरुसँग तीन पटक सम्म घुमेर भिक्षा माग्न लगाइन्छ । भिक्षा सर्वप्रथम कुमारकी आमासँग र त्यसपछि मान्यता क्रममा पर्ने दुईजना अरु महिला (हजुरआमा आदि) सँग लिएपछि अनि अरु सम्बन्धीहरुसँग लिने चलन छ । (अधिकारी, वि.स २०७५, पृः ११०) भिक्षामा चामल, फल, पैसा, असर्फी सुनचाँदी आदि पनि दिन सकिन्छ । आमाले भिक्षा दिंदा प्रथम चुलुवा पाथी, सिङ्गो फल र अन्य सामग्री, दोस्रो पटक चुलुवा मानो र अन्य सामग्री अनि तेस्रो पटक मुठीभरि चामल र अन्य वस्तुहरु दिने चलन छ । अरुले थोरै-थोरै गरेर तीन पटक वा एकै पटकमा सबै गरेर दिन सक्छन् ।ब्राह्मण कुमारले भिक्षा माग्न जाँदा दाताका अगाडि पुगेर ॐ भवति ! भिक्षां मे देहि (हजुर ! मलाई भिक्षा दिनुहोस्) भन्नुपर्छ (अधिकारी,वि.स २०७५, पृः १११) । यसरी भिक्षाबाट प्राप्त पैसा, चामल आदि  सामग्री गुरुका अगाडि राखिदिएर गुरुलाई प्रणाम गर्नु पर्दछ ।

उपनयन संस्कार सकिएपछि दानदक्षिणा र भोजको कार्यक्रम सम्पन्न हुन्छ । यसरी प्राचिन कालको उपनयनको संस्कारको रुप अहिले धेरै बदलिएको छ । उसबेला यो संस्कार ब्रह्मचर्यब्रतमा रही शिक्षा प्राप्त गर्नका लागि नै मुलतः सम्पन्न हुन्थ्यो भने अहिले यो विवाह गर्नु पहिले पालन गर्नु पर्ने एक औपचारिकता वा पुर्वशर्तमात्र थालिएको छ ।

## ३.३.६ विवाह संस्कारः

हिन्दूहरुमा विवाह  एक महत्वपुर्ण संस्कारको रुपमा रहेको छ । विवाह सवै संस्कार र जीवन चक्रमा केन्द्रविन्दुको रुपमा स्थापित छ । यहि संस्कार वाट मानिसले वास्तविक र अर्थपूर्ण जीवन शुरु गरेको मानिन्छ । यसपछि नै व्यक्तिले पुर्णता प्राप्त गर्दछ । यो संस्कार संगै विविध यज्ञ कर्म आदि सम्पन्न गरिन्छन् । हिन्दु परम्परामा विवाह दुई व्यक्तिको सम्वन्ध मात्र नभई यो विशुद्ध धार्मिक अनुष्ठानको आयोजना वाट गरिने दुई व्यक्ति, दुई परिवार, गोत्र वा कुटुम्भ बिच चिरस्थाई सम्बन्धको स्थापना गरिने संस्कार हो । हिन्दू धर्म ग्रन्थ अनुसार ऋग्वेद र अर्थववेदमा विवाह सम्वन्धी संस्कारको उल्लेख पाईन्छ । हिन्दू समाजमा विवाह नगर्ने व्यक्तिलाई समाजमा हिन स्थान प्राप्त हुने मान्यता छ । अतः हिन्दू पारिवारिक एवंम सामाजिक र सांस्कृतिक संगठनमा विवाह अति महत्वपूर्ण संस्कार हो । चार आश्रम मध्यको वेशि जिम्वेबार पुर्ण आश्रम गृहस्थ आश्रमको शुरुवात यहीवाट सुरु हुन्छ । जुन अघिल्लो ब्रह्मचार्य आश्रमा र पछिल्लो वानप्रास्थ आश्रम यहि आश्रममा निर्भर गर्दछ ।

परिवार गठनको आधारनै विवाह हो ।यसपछि सन्तानको निरन्तरता कायम हुन्छ । विवाह गरी सन्तानको निरन्तरता कायम गर्दै वंशको अस्तीत्व वचाउन हिन्दू विवाहको उदेश्य रहेको हुन्छ । हिन्दू ब्राह्मणहरुमा विवाह नगरेको मानिस एक्लो हुन्छ र कर्म काण्ड, यज्ञ गर्नको लागि योग्य मानिदैन । यति मानियतापनि यो अधुरो रहन्छ भन्ने सास्त्रको मान्यता छ । वैवाहिक जीवनमा प्रवेश गरेपछि

विविध यज्ञ, कर्म काण्ड, दान, धर्म गर्नु ग्रन्थको कर्तब्य ठानिन्छ । यो आवस्यकता पनि छ । दान धर्म पुजा जस्ता कार्यमा एक्लै नभई स्त्रीको पनि सहभागिता आवस्यक ठानिन्छ । र यहि दान, कर्म मार्फत पितृ तथा आफनै मोक्षको कामना पनि यज्ञमार्फत गर्ने चलन छ । यस सन्दर्भमा मनु र यज्ञवल्क्यले पनि पत्नीको मृत्यु भएमा पतिले तुरुन्तै विवाह गर्नु एक्लै नवस्नु भनेका छन् । विवाह गरी सन्तान त्यसपा पनि पुत्र प्राप्त गरि त्यसलाई शिक्षा दिक्षा दिई हुर्काउने र आफ्नो तथा आफना पुर्खाहरुको लागि कर्म गर्न योग्य बनाउनु जिवनको आर्दश मानिन्छ । जुन विवाहवाट हुने गर्दछ ।

वैदिककालमा विवाह सामान्यविधिबाट सम्पन्न गरिन्थ्यो । अनेक देवदेवताको प्रार्थना र अर्चना गरी वरवधुको सफल दाम्पत्य जीवनको कामना गरन्थ्यिो । यस अवसरमा एक जुलुसको पनि आयोजना गरिन्थ्यो र वर कन्यालाई आशिर्वाद दिइन्थ्यो । वधुलाई दिइने आशिर्वचनमा उनलाई अनेक सन्ततिहरु पैदा गर्न, सासु ससुरा अनि कुटुम्वको अन्य कतिपय विधिहरु आज पनि हिन्दू विवाह विधिमा समाविष्ट छन् । पारस्कर गृह्यसुत्रले यस्ता तीसवटा विधिहरुको उल्लेख गरेको छ । भने बौद्धायानमा पनि पच्चिस विधिहरु पाइन्छन्  (खत्रि, बि.स.२०५८, पृः १३७) । पछि यिनमा  स्थानिय विधिहरु समावेश गरिए । हिन्दू समाजमै पनि विवाहका विधिहरु फरक फरक ढङ्गले प्रयोग गरिएको देखिन्छ । जुन विधिहरु वैदिक कालदेखि चलेर आए, तीचाही याथावत नै छन् । यो पद्धति अनुसार विवाह वाग्दानवाट सुरु भएर चतुर्थी कर्ममा टुङ्गीन्छ । बीचमा मुख्यमुख्य विधिहरुमा गणपतिपुजन, वरगमन, मधुपर्क, नान्दीश्राद्ध, कन्यादान, वरपुजा, मङ्गलसुत्रबन्धन, विवाहहोम, लाजाहोम, सप्तपदी, पाणिग्रहण, अश्मारोहण, सिन्दुरदान, ध्रुवदर्शन, गृहप्रवेश, चतुर्थीकर्म आदि हुन् । उपनयन संस्कारबाट ब्रह्मचारीले विद्याध्ययन गरी ऊ ऋषिऋणबाट मुक्त हुन्थ्यो भने विवाह गरेर गृहस्थ भई उसले देव तथा पितृऋण तिर्न सक्छ भन्ने वर्णाश्रम धर्मको उद्धेस्य हो ।

विवाह नगरी एक्लै कुनै धार्मिक कार्य गरेमा त्यो अपवित्र हुन्छ भन्ने धारणा प्राचिन हिन्दूहरुमा थियो । पुत्र प्राप्त गरेपछि नै स्वर्गको बाटो खुल्छ भन्ने विश्वासले पनि वर र कन्या  एकअर्कालाई वैवाहिक जीवनमा प्रवेश गर्न उत्साहित गर्दथ्यो । यसरी धार्मिक, सामाजिक वा नैतिक र जैविक कारणले समेत हिन्दू समाजमा विवाह एक अनिवार्य आवश्यकता मानिन्थ्यो । यति हुदाहुदै पनि प्राचिन हिन्दू समाजमा विवाह गरेर सांसारिक सुखभोग मा अलमलिन नचाहनेहरु पनि प्रशस्त हुन्थे । सामाजिक  दवावको कारण वृद्धावस्थामा पुगेका त्यस्ता योगिहरु पनि बेलाबेलामा विवाहका लागि तयार हुन्थे भने कतिचाही त्यस्ता दबाव र गृहस्थ जीवनबाट मोक्षको लालच नगरी आफ्नै ढङ्गले मोक्ष प्राप्त गर्न दृढ रहन्थे । (खत्रि, बि.स.२०५८, पृः १३७) तर व्यवहारिक हिन्दूहरुका लागि भने विवाह एक पवित्र र अत्यन्त महत्वपुर्ण संस्कारका रुपमा राखिएको छ ।

विवाहका लागि उमेर अवस्था र परिस्थितिको कुरा गर्दा मध्यकालमा बालविवाह, अनमेल विवाह, बहुविवाह जस्ता विकृतिहरु देखिए पनि वैदिक ऋषिहरुले कन्यालाई १६ वर्ष र कुमारलाई २४ वर्ष भन्दा पहिले विवाह गर्ने अनुमति दिएका छैनन् । यसका पछाडि दुईवटा कारण देखाइएको छ, पहिलो कुरा त्यस अवधि भन्दा पूर्व उनीहरु शारीरिक रुपले सक्षम र बौद्धिक रुपले परिपक्क भइसकेका हुँदैनन् भने दोस्रो १६ र २६ वर्ष भन्दा कम उमेरका स्त्री पुरुषको संयोगबाट उत्पन्न हुने सन्तान प्रायः अल्पायु, अस्वस्थ र अधम खालका हुने हुनाले त्यस्तो व्यवस्था गरिएको हुनसक्छ (अधिकारी, बि.स २०७५, पृः १४४) ।

वैदिक कालमा यसका भेदहरुको स्पष्ट व्याख्या नगरिए पनि स्मृतिकालमा विवाह आठ प्रकारका हुने कुरा स्वीकारियो । अर्थात - ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी आठ प्रकारका विवाह हुन्छन् । यी मध्ये प्रथम चार (ब्राह्म, दैव, आर्ष र प्राजापत्य) लाई प्रशंसनीय र पछिका चार ( असुर, गन्धर्व, राक्षस र पैशाच) लाई निन्दनीय मानिएको छ । त्यसमा पनि

अन्तिमका दुई (राक्षस र पैशाच) लाई त अति निन्दनय मानिएको छ । अहिले ब्राह्म र आसुर खालको विवाह समाजमा बढ्ता चलेको देखिन्छ तर ऐतिहासिक दृष्टिले हेर्दा निन्दनीय मानिएका विवाहरु अझ पहिलेका हुन् जस्तो लाग्छ त्यसैले यहाँ त्यहि क्रमले चर्चा गरिन्छ ।

**पैशाच विवाह** : कन्या तथा उसका अभिभावक निदाएका बेलामा नशाले मातेका बेलामा वा अचेत भएका अवस्थामा वा छलकपटपूर्वक यौन सम्बन्ध कायम गर्नु वा कन्या अपहरण गर्नुलाई पैशाच विवाह मानिएको छ ।

**राक्षस विवाह**ः राक्षसी किसिमको विवाहका सम्बन्धमा मनुको भनाइ छ ( अभिभावकहरुबाट खोसेर, तिनलाई पिटपाट पारेर रुँदै कराउँदै गरेकी कन्यालाई बलपूर्वक हरण गरेर गरिने विवाह राक्षसी विवाह हो । )

**गान्धर्व विवाहः** विवाहको यस प्रकारलाई पैशाच र राक्षस विवाह भन्दा राम्रो मानिन्छ किनभने यसमा कन्या र वर दुबै राजीखुसी एक अर्कालाई मन पराउँछन्, स्वीकार्छन् । यो विवाह सबभन्दा स्वाभाविक देखिन्छ किनभने वयस्क भएपछि विपरीत लिङ्गीपूति आकर्षित हुनु प्राकृतिक नियम हो त्यसैले विवाहको यो रुप सम्भवतः सबभन्दा पुरानो हो । जहाँ कन्या र वर दुबैले स्वेच्छाले आ-आफ्नो जीवनसाथी छान्दछन् र त्यही आधारमा पति पत्निको सम्बन्ध गाँस्दछन् त्यसलाई गान्धर्व विवाह भन्दछन् ।

**आसुर विवाह**ः आसुरविवालाई पैशाच, राक्षस र गान्धर्व भन्दा राम्रो मानिन्छ । यस विवाहको पचिय दिँदै महाराज मनुले भनेका छन् (कन्यालाई वा कन्यापक्षका बाबुआमा दाजुभाई आदि सम्बन्धीत हरुलाई यथाशक्ति धनसम्पत्ति दिएर कन्यासंग स्वच्छन्दतापूर्वक गरिने विवाहलाई आसुर विवाह भन्दछन । (मनुस्मृति ३, ३२)

**प्राजापत्य विवाह**: आसुर भदा अलि श्रेष्ठ हो प्राजापत्य विवाह । (तिमी दुई सँगसँगै धर्मको (गृह्स्थ धर्मको) परिपालन गर भन्ने वाणीद्धारा सम्झाएर पुजापुर्वक कन्याको दान गर्ने विवाह विधि प्राजापत्य हो । मनुस्मृति ३, ३०)

**आर्ष विवाहः**शास्त्रकारहरुले आर्षविवाहलाई प्राजापत्य विवाह भन्दा उत्तम मानेका छन् । यस्तो वैवाहिक विधिको प्रयोग विशेषत: ऋषिहरुको कुलपरम्परामा गरिन्थ्यो । त्यसैले यसको नाम आर्ष राखिएको हुनुपर्छ । ऋषिहरु धर्ममूलक यज्ञकर्ममा संलग्न रहन्थे । उक्त कार्यमा सहयोग पुऱ्याउनका लागि कन्यार्थी वरले कन्याका पितालाई एकजोर गाई मगनी स्वरुप उपहार दिनुपर्थ्यो । (अधिकारी, बि.स २०७५, पृ: १४९)

**दैव विवाहः** कुनै किसिमको शर्त नराखिकन र कुनै प्रतिदानको पनि आशा नराखिकन निःस्वार्थ भावले गरिने हुनाले दैवविवाहलाई पूर्वोक्त छ विवाह मध्ये श्रेष्ठ मानिएको छ । देवयज्ञमा संलग्न सुयोग्य पुरोहितसँग देवयज्ञकै अवसरमा यजमानले आफ्नी कन्याको विवाह गरिदिने हुनाले यस किसिमको विवाहलाई देव वा दैव विवाह भनिएको हो । आश्वलायन गृह्यसुत्रमा भनिएको छ । बस्त्राभाषणले अलङ्कृत कन्या देवयज्ञका ऋत्विजलाई विवाह गरेर दिनुनै दैवविवाह हो ।

**ब्राह्म विवाह**: विवाहको यस विधिलाई सर्वोत्तम मानिएको छ किनभने यो विवाह विवाह व्यवस्थाकै सबभन्दा परिष्कृत रुप हो । ब्राह्मविवाहका सम्बन्धमा भनिएको छ । कन्याका पिताले आफ्नी कन्याका लागि उपयुक्त गुण, शील, विद्या, रुप, यौवनले युक्त वरको चयन गरी आफ्ना घरमा विधिवत् आमन्त्रित गर्छन् । वरबाट कुनै किसिमको शुल्क, उपहार आदि नलिईकन आदर सम्मानका साथ वस्त्रालङ्कारले यक्त आफ्नी सुयोग्य कन्या यथाशक्य दक्षिणा सहित विधिपुर्वक विवाह गरेर सुम्पिन्छन् ( मनुस्मृति ३, २७) ।

**विवाह विधिः** अवलोकनका क्रममा कास्की जिल्लाका ब्राह्मण समुदायमा विवाहकको विधिविधान निम्नअनुसार हुने गरेको पाइएको छ । विवाहभन्दा पहिले विवाहकै दिन वा अघिल्लो दिन वर र वधूले आ-आफ्नै घरमा वा मन्दिरमा निर्मित विवाहमण्डपका वेदीमा अग्निस्थापनासहित पूर्वाङ्गकर्म सम्पन्न गर्छन् जसमा वरले ग्रहशान्ति, नान्दीमुखी वा आभ्युदयिक श्राद्ध आदि गर्दछन् भने वधुले इन्द्रायणी पूजा वा गौरीपूजा गर्दछन् ।

**वरयात्राः** पूर्वाङ्गकर्म सकेपछि वरलाई वस्त्राभूषण पहिराएर शुभ समयमा, स्वस्तिवाचन, मङ्गलगान, मङ्गलबाद्यका साथ पुजामण्डप तथा जिउती कोठामा लगेर पूजित देवदेवी र इष्टदेव आदिलाई पुष्पाञ्जलि अर्पण गर्न लगाइन्छ । अनि आमालाई उपहार भेटी राखेर ढोग्न लगाइन्छ र आमका हातबाट दूध, दही आदी मङ्गल पेय ग्रहण गरायर पूर्ण कलश तथा मङ्गल शकुनहरु अघि लगाउँदै वरलाई घरबाट बिदा गरिन्छ जसलाई दुलाहा अन्माउने भनिन्छ । वरका साथमा जाने अन्य मानिसहरुको समूह वरियात वा जन्ती पनि सँगै बिदा हुन्छन् जसलाई जन्ती अन्माउने भनिन्छ । (अधिकारी,वि.स २०७५, पृ: १५२)

**वरियात स्वागतः** निर्दिष्ट ठाउँमा वरियात आइपुगेपछि कन्यापक्षका पिता, दाजुभाइ, इष्टमित्र आदिले जन्तीलाई पुष्पवर्षा गरेर, जलअक्षता छर्किएर, टीका लगाइदिएर स्वागत गर्दछन् र उपयुक्त ठाउँमा राख्दछन् । यस कार्यलाई वरियात स्वागत वा जन्ती पर्सिने भन्दछन् ।

**स्वयंवरः** कन्याले स्वयं आफैले आफ्ना लागि उपयुक्त वर छान्ने कार्य नै स्वयंवर वा स्वयंवरण हो । तर अहिले यस कार्यले एउटा औपचारिक रुप लिएको छ । जसअनुसार कन्याले कलशको जल चुहाउदै तीन पटकसम्म वरको प्रदक्षिणा गर्ने अनि वधूले वरलाई र वरले वधुलाई टीका, माला, औंठी आदि अगाइदिने गरिन्छ ।

**वाग्दान तथा वरणी**: स्वयंवरपछि वरलाई उपयुक्त ठाउँमा वा यज्ञवेदीको पश्चिमपट्टि लगेर पूर्व फर्काइराख्नु र वाग्दान दिनेले शुद्ध वस्त्र लगाई हातगोडा धोएर आचमन गरी हातमा तीन टुक्रा कुश लिएर कर्मपात्रको जलले आफुलाई सेचन गर्नु । अनि जौ, तिल, कुशसहित कर्मपात्रको जल लिएर सङ्कल्प पढ्ने, यसपछि कन्यादाताले वरलाई पिर्का वा आसनमा राखी टिका लगाइदिने अनि यथोचित दक्षिणा तथा चन्दन अक्षता फूल दूबो हातमा लिएर बरको हातमा दिनू अनि बरले पनि हात जोडेर प्रतिज्ञा गर्नू यसपछि वरलाई भोजन गराउन लगिन्छ (अधिकारी,वि.स २०७५, पृ: १५५) ।

**कन्यादान**:कन्यादानका लागि कन्या र वरलाई यज्ञस्थल नजिकै ल्याएर उपयुक्त आसनमा राख्ने । वर, कन्या र कन्यादान गर्नेले स्नान गरेर सफा शुद्ध वस्त्राभूषण लगाएको हुनुपर्छ । कन्यादानकर्ताले कन्यादान सम्पन्न नगरुन्जेल केही नखाने चलन पनि छ । वरवधुलाई आसन ग्रहण गराएपछि कन्यादाताले पवित्र आसनमा बसेर तीन पटक आचमन गरी, तीन टुक्रा कुश सहित कर्मपात्रको जलले आफुलाई सेचन गर्ने । त्यसपछिएउटा प्रायश्चित्त गोदान गर्ने चलन छ ।

**गोडा धुने**: वरवधूको गोडा धुनका लागि जल, जलपात्र (अंखोरा, भ्रारी कलश आदि) को व्यवस्था गरेर ताउलो वा खड्कुलोमाथि वरवधूका गोडा अड्याएर राख्ने । अनि दुलहीपक्षकाले पाद्यं प्रतिगृह्यताम् (गोडा धुने जन लिनुहोस्) भनेर दुलाहालाई जल दिने र दुलाहाले ऊँ पाद्यंप्रतिगृहणामि (जलं ग्रहण गर्छु) धनेर उक्त जल ग्रहण गर्ने । त्यसपछि पहिले वरको दायाँ  बायाँ गोडामा अनि वधुको बायाँ । दायाँ गोडामा पानी खन्याउदै गोडा धुने । यसरी पानी राखिदिने काम गोडा धोइदिनेहरु स्वयंले पनि गर्दछन् । गोडा धुँदा पहिले मुख्य कर्ताले र पछि क्रमैसँग उपर्युक्त मन्त्र दोहोर्‍याउदै कन्यापक्षका सबैले इच्छाअनुशार वरवधूका गोडा धुने, टिका लगाइदिने र उपहारहरु दिने गरिन्छ ।

**मधुपर्क दिने**: गोडा धुने र उपहार दिने काम सकिएपछि काँसका भाँडामा घिउ, मह र दही (एक भाग घिउ, दुई भाग मह र चार भाग दही) मिसाएर बनाएको मधुपर्क ॐ मधुपर्क प्रतिगृह्यताम् भन्दै कन्यापक्षकाले दुलाहालाई दिने गर्दछन् । दुलाहाले ॐ मधुपर्क प्रतिगृहणामि भन्दै उक्त मधुपर्क हातमा लिएर दाहिने हातको बूढी र साहिली औंलाले चलाउदै तीनपटक थोरै थोरै भुइँमा छर्किने र बाँकी मधुपर्क तीन पटक खानु पर्दछ । (अधिकारी,वि.स २०७५, पृ: १५७) अनि हात धोएर तीन पटक आचमन गर्ने गर्दछन् ।

**वस्त्रदान**: वरले आफूले ल्याएका वस्त्र वधुका हातमा दिने, त्यसैगरी दुलहिका गलामा सङ्गलसुत्र, लगनको पोते आदि अलङ्कार लगाइदिने त्यसपछि कन्यापक्षकाले पनि वरलाई यथायोग्य वस्त्र आभूषणहरु समर्पित गर्ने र वरले ग्रहण गर्ने वा लगाउने गर्दछन् ।

**आँचल/लगनगाँठो**: वर र वधू दुबै पक्षबाट सात-सात हात लम्बाइ भएका सफा र शुद्ध कपडाका टुक्रा ल्याएर दुबैका टुप्पा एक हात जति कन्याको माथि र वरको तल पारी खप्टेर राख्नु पर्दछ । त्यसमा दुबैपक्षबाट जनै सुपारी, पैसा, सर्सु, कुंकुम र हलेदो (बेसार) को टुक्रा राख्नु र त्यसैमाथि ब्रह्मा, विष्णु, महेश्वरको आव्हान गर्दै पूजा गर्नू अनि लग्नको बेला भएपछि त्यहानेर बलियो गाँठो पारेर बाँध्नू पर्दछ । यसरी बाँधिएको लगनगाँठो कन्यादान सकिनासाथ एउटा टुप्पो कन्याको गलामा वा ढाडमा र अर्को टुप्पो वरको गलामा राखिदिनू । विवाह सकिएपछि यो कपडा कन्याले राख्नू र चतुर्थीका दिनमा फुकाउने गरिन्छ ।

अब वरबधूलाई कन्यादान कक्षबाट विवाहमण्डपमा लगिन्छ । वरवधू दुबैले अग्निलाई दाहिने परिक्रमा गरी मण्डपको दक्षिणपट्टि वधू दायाँ र वर बायाँतिर भई उत्तर फर्किएर परस्पर हेराहेर गर्दछन् । अनि फेरि अग्निको प्रदक्षिणा गर्दै पश्चिमपट्टि पुग्नू र वधू दाहिने हुने गरी पूर्व फर्केर शुद्ध आसनमा बस्नूपर्छ । अनि वरले हातमा तीन टुक्रा कुश लिएर कर्मपात्रको जलले आँफु र वधूलाई तीन

पटकसम्म सेचन गर्नु पर्दछ (अधिकारी, वि.स २०७५, पृ: १६०)। वरवधु दुबैले मण्डपमा स्थापित दीप, कलश र गणेशलाई क्रमैसँग पुष्पाञ्जलि अर्पण गरेर नमस्कार गर्नू पर्दछ ।

**आज्यसंस्कार**: हवनीय घिउको कचौरा वेदीको अग्निमाथि तीन पटक घडीको दिशामा घुमाएर भुइँमा राखेपछि कर्मपात्रको जल छर्किनु पर्दछ । त्यसै गरी सुरोलाई पनि पञ्चपात्रको जल छर्किएर अग्निको उत्तरतर्फ तीन पटक घुमाउने, मन्त्र उच्चारण गर्दै अग्निमाथि जल छर्किनेगरिन्छ । उपयुक्त आहुतिपश्चात् आचार्यले पञ्चपल्लवव कर्मपात्रको जलमा चोबेर वरवधूलाई अभिषेक गर्ने गरिन्छ । (अधिकारी, वि.स २०७५, पृ: १६७)

यसपछि प्रायश्चित्तहोम, राष्ट्रभृद्होम, जयाहोम, अभ्यातानहोम, आदि सपन्न गर्ने गरिन्छ । यसपछि वरवधुले नदेख्ने गरी तिनका आँखा अगाडि पर्दा राखी आचार्यले अग्निमा यी आहुति प्रदान गर्ने  गरिन्छ ।

**वरवधू प्रतिज्ञा**: विवाह भनेको वर र वधूबीच गाँसिने एउटा अटुट सम्बन्ध हो । योसम्बन्धसुत्रलाई चिरस्थायी र सृदृढ बनाउनका लागि दुबै पक्ष उत्तिकै सचेत र समक्षदार हुनुपर्छ । यस अवसरमा वर र वधू दुबैले अग्नि, ईश्वर र इष्टमित्रहरुका साम् छुट्टैछुट्टै प्रतिज्ञा गर्छन् । विवाहमा सबैलाई साक्षी राखेर गरिने यी प्रतिज्ञाहरु जीवनभर सम्झिराख्नका लागि हुन् ।

**सिन्दूरदान (वधू अभिमन्त्रण)**: दुलाहले तीन पटक सिन्दूर लगाइदिएपछि अन्तमा बधूका निधारमा पनि सिन्दुरको टीको लगाइदिने र बाँकी रहेको सिन्दूर बट्टासहितै बधूलाई दिने गर्दछन ।

**ठाउँ सार्ने**: यसपछि मन्त्र पढ्दै वधूलाई जुरुक्क उचालेर आफ्नो देब्रेपटि विशेष आसनमा बसाल्ने गर्दछन । यसपछि वधूले वरलाई लुगाको फेर समातेर बस्न लगाउने र वर बसिसकेपछि वधुले वरका गोडाम ढोगिदिने गर्दछन् ।

**माहुर खुवाउने:** काँसको भाँडामा दही, घिउ, मह एकै ठाउँमा राखेर कचौराले छोपी बरबधुका अगाडि ल्याउनु पर्दछ । वधूले उक्त भाँडो उघारी आगोमा देखाएर अगाडि दुबैका विचमा राखेर चलाउने र साहिंली औंलाले अलिकति झिकेर देवतालाई चढाउने गरिन्छ अनि कान्छी औलाले विच बाट चिरेर दुई भाग गर्ने त्यसपछि बर बधु दुबैले तँछाड्मँछाड् गर्दै उक्त माहुर एक अर्कालाई चटाउनु पर्दछ । अनि हात धोएर आसमान गर्ने गरिन्छ ।

**चतुर्थी कर्म:** विवाह सम्पन्न भएको चौथो दिन सम्पन्न गरिने हवन आदि कर्मलाई चतुर्थी कर्म भन्दछन् । हाम्रो समाजमा व्यावहारिक सरलताका लागि विवाहको भोलिपल्ट वा विवाहको लगत्तै पछि वा विवाहकै वेदीमा पनि चतुर्थी गर्ने चलन छ । यो विवाहको अन्तिम संस्कार हो ।

विवाह जीवनकै अति महत्वपूर्ण र प्रमुख संस्कार हो । यसलाई अन्य सबै संस्कार र सबै आश्रम तथा पुरुषार्थहरुको पनि आधार मान्न सकिन्छ । शब्दगत अर्थ गर्दा विवाहले समाज तथा परिवारप्रति विशेष दायित्व वहन गर्ने अवस्था बुझाउँछ भने प्राकृतिक रुपमा विवाह पुरुष र स्त्रीको स्वाभाविक संयोग हो जहाँबाट सन्तति सृजनाको शृङ्खला पनि सुरु हुन्छ । अझ व्यापकतामा जाँदा विवाह एउटा त्यस्तो अवस्थाको प्रतीक हो जहाँ पुरुषत्व र स्त्रीत्व वा प्रकृति र पुरुषको परस्पर संयोजन हुनछ र विश्वब्रह्माण्डका चर अचर प्राणीहरुको सृष्टि प्रक्रिया सुरु हुन्छ । मानव होस कि पशुपक्षी, जलचर होस् वा थलचर सबैका जन्मको मूल कारण यही हो । चेतन प्राणीहरु मात्र नभएर वृक्ष वनस्पतिहरुको उत्पादनमा समेत स्त्रीत्व र पुरुस्त्वको संयोग अपरिहार्य मानिन्छ । परागकण वा पुष्परेणुको सेचनविना फलफूल तथा अन्नबाली आदिको पनि उत्पादन हुँदैन । अतः विवाह एउटा यस्तै जैविक तथा प्राकृतिक व्यवस्था हो ।

विवाह भन्नासाथ अहिले हामी मानिसहरुको जस्तो विधि र व्यवस्था बुझ्छौ पहिले त्यस्तो थिएन । पर्स्परको यौन आकर्षणले जसरी पशुपक्षीका भाले

पोथिहरुको संयोग हुन्छ त्यस्तै अवस्था थियो प्रारम्भिक कालका मानिसहरुको पनि । त्यहि पशुतुल्य यौनजन्य मानवीय व्यवहारलाई परिष्कृत र व्यवस्थित गर्दै लाखौवर्षपछि मानिसले विवाह संस्थाको विकास गऱ्यो । भनिन्छ - विवाहलाई सृदृढ र व्यवस्थित संस्था बनाउने पहिला आचार्य भगवान् शिव हुन् त्यसैले अझसम्म पनिविशेष गरी विवाहका अवसमा उमामहेश्वर वा शिवपार्वतीलाई प्रथम आदर्श दम्पती भनेर पूजा गरिन्छ ।

संसारका सबै देशहरुमा अति विकसित, शिक्षित र सभ्य अवस्था देखि अत्यन्त अविकसित, अशिक्षित र असभ्य अवस्थासम्मका मानवजातिहरुमा विवाहका आ-आफ्नै रीति, नीति, विधि र परम्पराहरु छन् । तिनमा प्रायः शारीरिक आवश्यकताको पूर्ति सांसारिक सुख र वंश विस्तारकै भाव बढी पाइन्छ तर यता हाम्रो पूर्वज ऋषिमुनीषीहरुले विवाह व्यवस्थालाई शारीरिक वासनातृप्ति, सांसारिक सुखभोग र वंशविस्तारमा मात्र सीमित नराखी गृहस्थधर्मको पालना गर्दै मोक्षको अवस्था सम्म पुग्ने माध्यम बनाएका छन् । यहाँ विवाहलाई दुई शरीर र दुई मनबीचको सम्झौता मात्र नभएर जीवनलाई अझ सुसंस्कृत र अझ विकसित बनाउने एउटा महत्वपूर्ण संस्कार नै ठानिन्छ । अझ भनूँ हाम्रो विवाह शारीरिक र मानसिक तह पार गर्दै आत्मिक एकताको तहसम्म पुगेको छ र आँध्यात्मिक उपलब्धिमा सहयोगी समेत बनेको छ । त्यसैले यो लामो सहयात्रामा दाम्पत्य जीवनलाई स्थायी र सुमधुर बनाउनका लागि बाहिरी रुप, गुण, पद, सम्पन्नता मात्र नहेरेर ज्योतिषशास्त्रको सहयोगले आन्तकरि गुण, वृत्ति, स्वभाव, संस्कार र ग्रहहरुको मैत्री, अमैत्री आदि कुराहरुको पनि गम्भीरतापूर्वक विचार गरिन्छ, जुराइन्छ ।

कास्की जिल्लाका ब्राह्मण समुदायमा विवाह वन्धन विगोत्रीका बीचमा हुन्छ । सगोत्री र विगोत्री भन्नाले के कुरा बुझाउदछ भने एउटै रक्त समूह (वंश) भित्रकालाई सगोत्री भनिन्छ त अर्को वंशकोलाई विगोत्री भनिन्छ । आजकाल एक

जना पुरुषले एकजना महिलासंग गरिने विवाहलाई विश्वव्यापी रुपमा मान्यता दिइएको छ । यस्तो विवाहलाई उत्तम मानिन्छ । यस किसिमको विवाहलाई एकल विवाह भनिन्छ । ब्राह्मण समुदायका मानिसहरुमा एकल विवाह प्रचलनमा रहेको छ । एकजना पुरुषले धेरै महिलासंग गर्ने विवाहलाई बहुविवाह भनिन्छ । वहुविवाह ब्राह्मण समुदायका केहि परिवारमा मात्र देखिन्छ । एक जाति समुदायको मानिसले अर्को जातिसमुदायका मानिससंग गरिने विवाहलाइ अन्तर जातिय विवाह भनिन्छ । ब्राह्मण समुदायका मानिसले क्षेत्रीसंग वा अन्य जाति गुरुङ, मगरसंग गरिने विवाह अन्तर जातीय विवाह हो । ब्राह्मण समुदायका व्यक्तिले क्षत्रीसंग तथा अन्य जातिसंग विवाह गरेको पाइएन । आजकाल केटाकेटी प्रेम विवाह गर्न मन पराउदछन । तथापि मागी विवाह बढी प्रचलनमा छ । विवाह पनि आआफ्नै आर्थिक हैसियत अनुसार दाजु , भाई, इष्टमित्रलाई निमन्त्रणा गरी सम्पन्न गर्ने गरिन्छ । हिन्दू धर्म र संस्कृतिमा मागी विवाह प्रचलित छ । वीसौ शताब्दी अन्तसम्म केटी माग्ने चलन थियो । आजकाल यो चलन हट्दै गएको छ । र केटीका अभिभावक वा आफन्तले केटा पक्षसंग प्रस्ताव गरी कुराकानी गर्ने प्रचलन बढेको छ । घर खेत बेचेर भए पनि दाइजो दिनु पर्ने प्रचलनले आर्थिक अवस्था कमजोर हुने व्यक्तिहरुलाई ज्यादै कठिन वनाएको अवस्था छ । विवाह सम्पन्न भै सकेपछि गाउँ विकास समितिको कार्यालय, नगरपालिकाको वडा कार्यालयमा विवाह दर्ता गर्नु पर्ने कानुनी व्यवस्था छ ।

**विवाह उत्सव**ः विवाह दाम्पत्य जीवनको जग हो र दाम्पत्य गृहस्थजीवनको आधार हो अनि गृहस्थजविन समाजका चारै आश्रम र चारै पुरुषार्थको मेरुदण्ड हो (अधिकारी, वि.स २०७५, पृः २०५)। अतः सांसारिक दाम्पत्यको त्यही सुमधुर भावलाई जीवनभर जीवन्त राख्न प्रत्येक वर्ष विवाहदिवसका उपलक्ष्यमा विवाहोत्सव मनाउने व्यवस्था गरिएको छ । कास्की जिल्लाका ब्राह्मण समुदायमा विवाह उत्सव मनाउने गरेको देखिन्छ । यस अवसरमा आफ्ना नातेदार तथा साथिभाईलाई बोलाएर भोजन गराउने र रमाइलो गर्ने गरिन्छ । यस उत्सवमा

खास गरी पारस्परिक प्रेमलाई अझ प्रगाढ बनाउन सहयोग गर्छ । विवाह उत्सवमा खास गरी शिवपार्वती वा लक्ष्मीनारायणको पूजा, अखण्डस्नेह, पूर्ण उज्वल भविस्यको प्रतिक युगलदीप प्रज्वालन, उपहारको आदानप्रदान र दैनिक जीवनमा आउनसक्ने कटुता निवारणका लागि पारस्परिक प्रतिज्ञा सङ्कल्प गरिन्छ ।

## ३.३.७ अन्त्येष्टि संस्कार

मनिसको भौतिक जीवन मृत्युमा टुङ्गिन्छ । बाचुञ्जेल उसले आफ्नो तथा आफ्ना निकटतम आफन्तहरुको सम्बन्धवाट अनेक संस्कारहरु सम्पन्न गरी जीवनलाई स्वच्छ र फलदायी बनाउने, दिर्घायु प्राप्त गर्ने र आफ्ना कर्तब्यहरु पूरा गर्ने प्रयास गर्दछ । मृत्युको सम्मुख पुग्नुअघि नै मानिस आफुलाई ऋषि, पितृ, देवऋण जस्ता बन्धनहरुबाट मुक्त गर्न खोज्दछ र अन्तमा मोक्षमार्गको रुपमा मृत्युलाई स्वीकार्दछ । जन्म लिनुअघि र शैशवावस्थामा उसका बाबु आमा र आफन्तहरुले अनेक संस्कारहरुले उसलाई परीमार्जित गर्दै माथि उठाएका थिए । त्यसैगरी मृत्युपछि पनि उसका सन्तत्तिहरुले उसलाई यस संसारबाट चिन्तामुक्त अवस्थामा विदा गर्छन् र अनेक संस्कारहरु सम्पन्न गरी उसलाई जन्म मरणको बन्धनबाट पुर्णत मुक्ति वा सुखमय पुनर्जन्मको बाटो सफा गराइदिनुपर्छ भन्ने धारणा रहेको छ ।

मृत्युको सम्मुख पुगेपछि र मृत्योपरान्त गरिने यी संस्कारहरुलाई नै अन्त्यष्टि भनिन्छ । यसरी अन्त्यष्टि संस्कारको सम्वन्ध मुलतः मोक्ष र पुनर्जन्मसित छ । हिन्दुहरु पुनर्जन्ममा विश्वास राख्ने हुनाले त्यसका लागि पनि केहि गरिनुपर्छ भन्ने भावना हिन्दूहरुमा छ । (खत्रि, वि.स २०५८, पृ: १३८) । यस संस्कारको प्रारम्भ मृत्युसितको डरबाट भएको जस्तो प्रतीत हुन्छ । आफ्नो वरिपरिका प्राकृतिक घटनाहरुलाई पनि अत्यन्त आश्चार्य र भयको भावले हेर्ने प्राचिन हिन्दुहरुका लागि आफ्ना परिवारका कुनै सदस्यको मृत्युले निश्चय नै

एउटा विस्मय र त्रासको वातावरण ल्याइदियो । मृत्यु एक अपरिहार्य घटना हो भन्ने बुझ्नुअघि मानिसले यसबाट बच्ने बचाउनअनेक उपक्रमहरु रच्यो । तर यसलाई त्राण दिन मानिस सफल भएन । बल्ल उसले मृत्युको अनिवार्यतालाई बुझी स्वीकार गर्‍यो अनिनै अन्त्यष्टि जस्तो संस्कारको सृजना भयो । अन्य संस्कारझै पछिका युगहरुमा यसका अनेक विधि, उपविधिहरु थपिदै गएर यो एक स्वतन्त्र र महत्वपूर्ण संस्कार हुनपुग्यो ।

हिन्दू धारणामा आत्मा र शरीर अलग हुनु नै भौतिक अर्थमा मृत्यु हो । शरीरबाट आत्मा अलग भइसकेपछि शरीरको कुनै मुल्य नरहने विश्वास भएकोले त्यस शरीरलाई विसर्जन गरिन्छ । यसवाट जीवितहरुलाई उनिहरुको स्वास्थ्यमा अनुकुल असर पर्न र मृतकलाई पनि मोक्षमार्ग तिर अग्रसर हुन सजिलो पर्दछ । यसो नगरि मृत शरीरको विसर्जनमा अनियमितता भएमा दुवैथरीलाई वाधा पुग्ने हुन्छ । अन्यन्त प्राचीनकालदेखि नै मृत शरीरलाई ठीकसित विसर्जन गरिएको प्रमाण प्राचिन हिन्दू तथा अन्य सभ्यताको इतिहास पाइन्छ ।(खत्रि, बि.स २०५८, पृ १३९) । प्रारम्भमा शरीरलाई जमिनमा गाड्ने वा जलाउने चलन नभएको बुझिन्छ । वैदिककालदेखि मात्र यस्तो चलन लोकप्रिय हुनथाल्यो । बालक, महामारीबाट मृत्यु भएकाहरु वाठुला सन्तहरुलाई अग्निका नराख्ने पुरानो चलन हिन्दू समाजमा अहिले पनि छ ।

आरण्यक साहित्यले मृत शरीरको दाहसंस्कार गर्नु अघि सम्पन्न गर्नुपर्ने केही विधिहरुको उल्लेख गरेको छ । अहिले पनि शरीरबाट प्राण निस्कन लागेपछि केहि अन्तिम दानहरु गरिन्छन् र प्राण गइसकेपछि मृतकको मुखमा पवित्र जल, तुलसी आदि राखिन्छन् । अन्तिम अवस्थामा कुनै नदीछेउ लगेर विरामीहरु खुट्टाहरु पानिमा डुवाई उसको प्राण गएको उपयुक्त मान्ने चलन पनि हिन्दु समाजमा कहीकही पाइन्छ । प्राण गइसकेपछि दाहसंस्कार हुने ठाउमा गर्नुपर्ने विधिहरु पनि वैदिक साहित्यमा दिइएका छन । मृतकलाई आफ्ना नातासम्वन्धी

वा समान वर्णका बाहेक अरुले छुनु हुदैन भन्ने स्मृतिहरुमा उल्लेख छ । दाहसंस्कार गरिने ठाउमा लगिने काममा मृतकको छोरा र भाईहरुको मुख्य भुमिका हुन्छ । अरुले उनिहरुलाई साथ लिन्छन् । निश्चित ठाउमा पुगेपछि एक पवित्र स्थान छानेर त्यहा चिता बनाई दाह गरिन्छ । चितामा चन्दनजस्तो सुगन्धित काठ राख्नु आवश्यक ठानिन्छ ।

सुत्रस्मृतिकालदेखि लोग्नेमानिस मरेमा मृतककी विधवालाई पनि एकसाथ चितामा राखेर जलाउने चलन चल्यो । यो अमानवीय परम्परा हाम्रो समाजमा धेरै कालसम्म रहिह्यो । यसलाई सतीप्रथा भनिन्छ । नेपाली र भारतिय हिन्दू समाजमा यो प्रथा बीसौ र उन्नाइसौ शताब्दीमा कानूनी प्रतिवन्ध लाग्नाले हट्यो । दाहसंस्कार सकेपछि मृतकको घरमा अन्य संस्कारहरु गरिन्छन् । पुरा एक वर्षसम्म यो घर अपवित्र हुन्छ र मृतकका छोरा, जहानले त्यस अवधिसम्म आशौचको नियममुताविक बस्नुपर्दछ । यसका विधिहरु विशाल हिन्दू सम्प्रदायहरुमा एकनास छैनन् । तर प्रथम बाह्र तेह्र दिन मुख्य काजकिरिया सम्पन्न गर्ने, प्रति महिना श्राद्ध गर्ने र वर्ष दिन पुगेपछि एक मुख्य श्राद्ध (वर्षान्त) गरि त्यसपछिका वर्षहरुमा मृत (पितृ) लाई मरेको तिथिमा तर्पण पिण्ड दिन वार्षिक श्राद्ध गरिरहने प्रथा छ । वर्षभरि ब्राह्मणलाई दान दिइन्छ । तर यो आशौच बार्ने, श्राद्ध गर्ने काम मृतकको उमेरमा भर पर्दछ । बालकका लागि यतिका विधिहरु आवश्यक छैनन् । बौद्धायानले आफ्नो पितृमेधसुत्रमा अन्त्यष्टि संस्कारका अनेक विधिहरुको चर्चा गरेका छन् । उनको निर्देशानुसार गर्भवति स्त्री, विदेशमा मर्ने मानिस, परिब्राजक (साधु), बालक वा दुर्घटनामा परी मर्नेहरुका लागि संस्कारका अलग अलग प्रक्रियाहरु छन् । गर्भवती स्त्रीको मृत्यु भएमा बालकलाई अलग गरी स्त्री लाई जलाउनु पर्दछ । साधु र दुघटनाबाट आकस्मिक मृत्यु हुनेहरुलाई जलाउनु हुदैन भन्ने उनको विचार छ (खत्रि, वि.स २०५८, पृ: ६८) ।

यसप्रकार, शास्त्रोक्त विधिअनुशार अन्त्यष्टि क्रिया सम्पन्न गरेमा मृत ब्यक्तिको आत्माले शान्ति पाउछ भन्ने विश्वास छ । कतिपय विधिहरुमा स्थानिय परम्पराले असर पारेको पनि प्रष्ट देखिन्छ । कास्की जिल्लाका ब्राह्मण समुदायमा अन्त्यष्टि संस्कारका विधिहरु एकैनासका छन् । प्रथम बाह्र तेह्रदिन मुख्य काजकिरिया सम्पन्न गर्ने, प्रति महिना श्राद्ध गर्ने र वर्ष दिन पुगेपछि बर्षान्त गर्ने प्रथा छ ।

जन्मपश्चात् मरणको संस्कार र संस्कृति हिन्दू धर्म र संस्कृतिमा के कस्तो छ त्यही अनुशार ब्राह्मण समुदायमा पनि मृत्युपश्चात् दाहसंस्कार गरी काजकिरिया गरिन्छ । मृत्युवरणपश्चात् सर्वप्रथम एकोहोरो शंङ्ख वजाएर दाजु भाइ इष्टमित्रलाई सुचना दिइन्छ । त्यही सूचनाको आधारमा मृत्युवरण भएको ठाउँ वा घरमा दाजु, भाइ इष्टमित्र भेलाभै दाहसंस्कारको तयारीमा जुट्दछन् । मृत शरीरलाई तुलसीको मठ नजिक वा गाईको गोवरले लिपेर राखिन्छ । तत्पश्चात छोराहरुलाई दाह्रीकपाल खौरेर नया वस्त्र धोती पहिरन गराइन्छ । मुर्दा (जो मृत्यु भएको छ ) लाई हरियो वाँस माथि राखी फूल माला, अविरले अन्तिम श्रद्धाञ्जली अर्पण गर्दछन् । सर्वप्रथम छोराहरुले काँधीकाठ गरी गंगाजीमा अन्तिम दाहसंस्कारका लागि उपस्थित जनसमुदाय लावालस्करका साथ मलामीका रुपमा जाने प्रचलन छ । त्यस समयमा अघि अघि शङ्खघोष गर्दै एकजना हिड्दछन् । त्यसपछि कात्रो (सेतो कपडा लठ्ठीमा वाँधेर सांकेतिक रुपमा ) लिएर हिड्दछन् ।

त्यसरी कात्रो लिएर हिडने मानिस पछाडि नफर्की हिडनुपर्ने चलन र परम्परा रहेको छ । त्यसपछि वुर्की छर्दै हिड्दछन् । त्यसपा छ मुर्दा (लास) वोकेर चदुवाले मोडेर लिएर हिड्ने गरिन्छ । आधा बाटो पुगेपछि लासलाई चौतारामा विसाई दीप प्रज्वलन गरी श्रद्धा व्यक्त गर्ने काम हुन्छ । जव नदी किनारमा पुगिन्छ तव श्रीखण्डको काठमा चिता वनाइ मृत लासलाई लम्पसार गरी राखिन्छ । सधै श्रीखण्डको काठ नपाइने हुदा श्रीखण्ड को टुक्रा मिसाई अरु

काठलाई श्रीखण्ड सम्भिन्छ । छोराहरु तथा सम्पूर्ण मलामीहरुले अन्तिम श्रद्धाञ्जली अर्पण गर्दछन् । फूलमाला अविरद्धारा श्रद्धा व्यक्त गरि १ मिनट मौनधारण गरी श्रद्धाभक्ति प्रकट हुन्छ । अन्तमा छोराहरुले चितामा राखिएको लासलाई तीन पटक प्रदक्षिणा गरी अन्तिम दर्शन गर्दछन् । त्यसपछि एकमाना चामल छातीमा र मुखमा राखी जेठो छोराले दागवत्ती दिने काम गरेपछि लासलाइ अग्निद्धारा भष्म खरानी बनाइन्छ र अवशेषलाई अन्य ठूला गगांजी वा तीर्थमा लगी सेलाउने पनि चलन छ । त्यसो नभए शेषलाई तिनै ठूला तीर्थ सम्भी गंगाजीमा बगाइन्छ । र एउटा शिलाजी पहिले ल्याइएको घडामा राखी जलभरी घरमा फर्किने काम हुन्छ । त्यसपछि नुहाएर मात्र मलामी र किरियापुत्री छोराहरु छुट्टा छुट्टै हिँडदछन् । बाटोमा चुत्राको काडो राखिन्छ त्यसैमाथि टेकेर हिँड्ने काम हुन्छ । यसको मतलव मृतात्मा अव फर्केर नआऊन् स्वर्गमा बास गरुन् भनी सवै मलामीले काडोमा टेक्दछन् । यसरी बाटोमा थाकेका र भोका मलामीहरुलाइ फलफुल तथा चिया भुजा खुवाइने चलन छ ।

घरमा पुगेपछि छोराहरु कोराभित्र पस्दछन । कोरा भन्नाले भकारीले बारेको १३ दिनसम्म क्रिया पुत्री वस्न बनाइएको ठाउलाई बुझाउदछ । एउटा कोठामा यसरी वनाइएको कोरा अन्य मानिस र जीव जन्तुसंग नछोइयोस् भन्नाका लागि वनाइएको हुन्छ । यसरी कोरा भित्र बस्न पराल ओछ्याउने र कम्वल वा च्यादर ओढ्ने एक छाक अल्नु खाने गरिएमा मृतात्मा स्वर्गमा पुग्दछ भन्ने भनाई र मान्यता यद्यपि कायम छ । त्यसैगरी श्रीमान्को निधनमा श्रीमती पनि १३ दिन सम्म कोरा भित्र वसी काजक्रिया गर्दछन् । तर श्रीमतीको निधनमा श्रीमानले नुन मात्र छोड्दछन्, क्रिया छोराहरुले गर्दछन् । यसरी अन्त्यष्टि कार्यका लागि अर्थात् काजकिरिया छोरा, बुहारी, श्रीमती, छोरी आदिले गर्दछन् । वा किरिया वस्दछन् । पहिलो दिन केही नखाइ भोकै बस्ने परम्परा छ । भोलिपल्ट नजिकको धारा, कुवामा गई स्नान गरी ज्वाइ, भानिजले गेडा हालेपछि त्यही जलले तीनपटक स्नान गरी नया वस्त्रालंकार गरी गगांजीवाट अघिल्लो दिन ल्याइएको शिलाजीलाई

धारा कुवाको नजिक एक ठाउँमा राखी जल चढाइ जल लिएर डिकुरो वनाउने काम गरिन्छ । गेडा हाल्ने भन्नाले भानिजले तिल, कुश, जौ क्रियापुत्रीले नुहाउन प्रयोग गरिने जलको घडामा राख्ने र त्यही जलले नुवाई हरेक दिन शुद्ध हुने कुरालाई वुझाउदछ ।

गाईको गोवरले लिपपोत गरी निर्माण गरिएको ठाउमा एउटा डिकुरो निमार्ण गरिन्छ । त्यही डिकुरामा हरेक दिन पूजा, पाठ र श्राद्ध गर्ने काम गरिन्छ । श्राद्ध गर्दा गाईको दूधमा खीर पकाई पिण्डको रुपमा अर्पण गरिन्छ । हरेक दिन यसरी मृतात्माको चिरशान्तिको कामना साथ श्रद्धाभक्ति अर्पण गर्ने क्रम चल्दछ । त्यसपछि जेठो छोराको आज्ञा अनुशार अन्य छोराहरुले खाना वनाई केरको पातमा राखि सवै मिलेर एक छाक खान्छन । यसरी एकछाक मात्र खाँदा शक्ति कम हुन्छ भनि परापूर्वकाल देखि घिउमा पकाएर खाने चलन छ । साथै अदुवाका टुक्राको सितनमा खाना खाने चलन छ ।

त्यसैगरी हरेक दिन गेडा हाल्ने काम हुन्छ । साथै अघिल्लो दिन राखिएको शिलाजीमा हरेक दिन जति दिन भयो त्यति नै औजुली जल चढाउने काम हुन्छ । श्राद्ध हरेक दिन गर्ने गरिन्छ । हरेक दिन डिकुरो गाईको गोवरले लिपी श्राद्ध गर्ने गर्नुपर्दछ भन्ने चलन कायम छ । भौतिक शरीरको अभावमा पनि धार्मिक विश्वासका आधारमा यसरी संस्कार  र संस्कृतिको संरक्षण गर्ने काम ब्राह्मणहरुले गर्दै आएको देखिन्छ । हरेक दिन सवै कार्य सकि घर फर्कने बेलामा प्वाल भएको एउटा माटाको भाडो नजिकको कुनै रुखमा झुण्डाई त्यहा पानी राखेर छोड्ने चलन पनि छ । यी हरेक कार्यका एउटा एउटा अर्थ छ र लगाइन्छ पनि ।

छोरीहरुले वावुआमाको किरिया ५ दिनमात्र गरे हुन्छ । तर आजकल यदि छोरा छैनन भने कपाल खौरेर १३ दिन छोरीले क्रिया गरेका एका दुई घटनाहरु

भने पाउन सकिन्छ । छोरीले पाँच दिन क्रिया बसेपछि छोइ छिटो बार्नु पर्दैन, नुन पनि खाए हुन्छ, छुट्टै बस्नु पनि पर्दैन ।

यसैगरी मानिस निधन भएको पाचौ दिनदेखि खाना खाइसकेर घरमा फर्किसकेपछि गरुड पुराण सुन्ने र सुनाउने काम हुन्छ (गरुड पुराण) । गरुढ पुराण १६ अध्यायमा विभाजन गरिएको एउटा हिन्दू धर्मको अठार पुराणमध्ये एक हो । यसमा कुनै मानिसको निधन भएपछि के कसरी श्रद्धाञ्जली अर्पण गर्ने ? काज किरिया नगरेमा के हुन्छ ? किन काजकिरिया गरिन्छ ? यदि काजकिरिया गरिएन भने के हुन्छ ? मृतात्मालाई कसरी स्वर्गमा वास गराउने ? आदि इत्यादिका बारेमा उल्लेख गरेको पाइन्छ । अर्कोतर्फ किरिया पुत्रीलाई यस्ता पुराणका कथा सुन्दा समय वितेको कुरा थाहा हुदैन । साथै उक्त दुखको घडिमा मन वहलाउने अर्थात् पिरलाइ मोड्ने काम यसले गरिरहेको हुन्छ । यसरी पुराण सुन्ने र सुनाउने कामले बितेको मानिसको आत्माले स्वर्गमा बास गर्दछ भन्ने लगायतका कथाहरु सुनाउने काम पण्डितले गर्दछन् । साथै शोक व्यक्त गर्न आएका व्यक्तिहरुलाई यो कथा सुनाउनाले परमधाम भएपछि यो जीवनमा गरेका राम्रा नराम्रा कार्यको फल पाइन्छ भन्ने अध्यात्मवादी विचार रहेको छ । साथै जीवनमा जे जस्तो काम गरे पनि यो पुराण लगाउनाले स्वर्गवास हुन्छ भन्ने मान्यताले हिन्दू धर्मावलम्विको मन मस्तिष्कमा जरा गाडेको छ । यदि काज किरिया नगर्ने हो भने स्वर्गवास हुदैन भन्ने भनाइकै कारण हरेक मानिस मरिसकेपछि क्रिया गर्ने चलन टुट्न सकेको छैन ।

कुनै व्यक्तिको निधन भएपछि सो घरपरिवारमा भेटन जादाँ केही चीज लिएर जाने चलन हुन्छ । यसरी भेटन जाँदा लाने चीजलाई भेटी भनिन्छ । निधन भएको पाचौं दिनदेखि दाजु, भाइ, इष्टमित्र, शुभचिन्तकहरुले दुखको बेलामा शोक व्यक्त गर्न र समवेदना प्रकट गर्न आउँदछन् । यसरी भेट्न आउँदा फलफुल, रुपैयापैसा, घिउ, चामल आदि लिएर आउँदछन् । यसरी भेट्न नआउने व्यक्तिको

घरमा जादा वर्ष दिनसम्म पानी खान हुदैन भन्ने एउटा मान्यता छ त अर्को रित्तो हात भेट्न हुदैन भन्ने पनि छ । यसरी राखिएको भेटी १३ औं दिनको दिन फर्काउनु पर्दछ भन्ने मान्यता छ । तर यस मान्यतामा परिवर्तन गरि भेटि फर्काउन छोडेको पनि पाइन्छ । यसरी दुखको वेलामा गरेको भेटी फर्काउन उचित हुदैन भन्ने मान्यताले प्रशय पाउदै  गएको देखिन्छ । नेपालीमा एउटा उखान छ मर्दाको मलामी जिउदाको जन्ती । अर्थात दुखको वेला शोक व्यक्त गर्नु इष्ट मित्र दाजु भाइको कर्तव्य हो ।

किरिया वसेको ११ औ दिनको दिन क्रियापुत्रीले टायकाले हानेर डिकुरो फोर्नु पर्ने चलन छ । त्यसरी डिकुरो फोरेपछि त्यही ठाउँमा मास, नुन छर्ने काम गरिन्छ । र अन्य ठाउँमा अर्को अग्गिया वनाई पूजा, पाठ, श्राद्ध गरिन्छ । साथै गाईका बाच्छा, बाच्छी डामेर साँढे साढी छोडने चलन छ, छोड्नु पर्दछ भन्ने प्रचलन कायम छ । आजकाल एघारौ दिनको दिन गाईको बाच्छा बाच्छीको सट्टामा जौको प्रतिमा बनाइ छोडे पनि हुन्छ । यसरी छोडेपछि मृतात्माले स्वर्गवास गर्दछन् भन्ने कुरा गरुढ पुराणमा उल्लेख गरेको पाइन्छ । त्यसैगरि तामाको प्रतिमा बनाई साँढे साँढीको रुपमा छोड्ने चलन पनि चलाउन लागेको देखिन्छ । यसरी साँढे साँढीलाई हलो जुवा वनाइ आगामी दिनमा हामी र हाम्रा सन्तानले तिम्रो प्रयोग गर्ने छैनन् भनि छोड्ने चलन चलेको हुनु पर्दछ । यसरी छोडेका वहर अन्जानमा पनि जोतन नपरोस् भनी आजकाल तामाका प्रतिमा वनाएर छोड्ने गरेको पाइन्छ ।

निधन भएको १२ औं दिनको दिन घरैमा श्राद्ध आदि खाना पकाएर तरकारीसहित एक छाक नुन खान, वेलुका गुन्द्रीमा सुत्न हुने प्रचलन छ । १३ औं दिनको दिन पूजा पाठ, वेद, चण्डी पाठ गर्नुको अलवा श्राद्धगरी अन्य पितृसंग मिसाउने काम हुन्छ । त्यस दिन गाईको दूधमा पकाइएको पिण्ड अन्य सवै पितृसंग मिसाइन्छ । र सवै कूलहरुलाई एकै ठाउँमा राखेर पूजा गरिन्छ । यसलाई

सपिण्डी भनिन्छ । स्वर्गमा वास होस् नर्कमा वास गर्न नपरोस भन्ने मान्यताको आधारमा विभिन्न किसिमका दानहरु गर्ने काम त्यही दिन हुन्छ । दानहरुमा गाईदान, मक्षदान, बैतर्णिदान, सजिया दान गर्ने चलन छ । त्यसैगरी पञ्चदान, दशदान आदि दानहरु गरिन्छ । सेजिया दानमा विस्तारा, लगाउँने कपडा, छाता, जुत्ता, भाँडाकुँडा आदि दान गरिन्छ । सेजिया दान गेडा हाल्ने भानिज वा ज्वाईलाई गरिन्छ । त्यसैगरी अन्य दान पण्डितहरुलाई गरिन्छ । यसरी दान गरिएमा स्वर्गवासी आत्माले पाउँछ भन्ने भनाइ रहेको देखिन्छ । न्यही दिन गहुत मन्त्रणा गरी क्रियापुत्रीलाइ खान दिएपछि र त्यो खाए पछि शुद्ध हुन्छ भन्ने मान्यता छ । त्यसैगरी सवै दाजुभाई इष्टमित्रलाई गहुत खुवाइन्छ ।

छोराहरुले १३ औं दिनको दिन वाहिर निस्के पनि १ वर्ष सम्म वाहिर नखाने, माछा मासु नखाने, सेतो कपडाको पहिरन गर्ने हरेक मासिकामा (तिथिमा) श्राद्ध गर्ने, वर्षदिन पुगेपछि श्राद्ध गरेर सकेपछि मात्र शुद्ध हुन्छ । त्यसपछि बल्ल अन्य चाड, पर्व मनाउनका साथै अन्य कार्य गर्न पाइन्छ र शुद्ध मानिन्छ ।

**श्राद्ध (पिण्ड) त्रिपिण्डः** श्राद्ध वा पिण्डदान गर्ने भन्नाले कुनै मानिस मृत्यु भएको दिनको आधारमा हरेक वर्ष श्राद्ध गरिन्छ । साथै सोह्र श्राद्धमा पनि मृत्यु भएको दिनको तिथिका दिन श्राद्ध वा पिण्डदान गरिन्छ । हिन्दूधर्म र संस्कृति अनुसार ब्राह्मण समुदायमा पनि यो संस्कार प्रचलनमा रहेको छ । यसरी पिण्डदान गर्दा तीन पुस्ता सम्झने र तर्पण दिने गरिन्छ । श्राद्ध पनि वर्षमा २ पटक (एकोतिष्टि र महालय) गरिन्छ । यसरी तर्पण दिदा आफ्ना बाबु, आमा, हजुरबा, हजुरआमा, बूढा हजुरबा, बूढी हजुरआमा, मावली तर्फ मामा, माइजू, मावली हजुरवा, मावली हजुरआमा, मावली बूढा हजुरबा र मावली बूढी हजुरआमा र समुराली तर्फ ससुरा, सासू, ससुरा हजुरबा, ससुरा हजुरआमा, बूढा ससुरा हजुरआमा, बूढा ससुरा बा र बूढी सासुआमालाई तर्पण दिने गरिन्छ । यसलाई त्रिपिण्ड भन्ने गरिन्छ ।

नेपाल २०६२/०६३ सालको लोकतान्त्रिक जनआन्दोलन पश्चात् धर्मनिरपेक्ष राज्य घोषणा भएको छ । पुनस्थापित संसदले नेपाललाई धर्मनिरपेक्ष राज्य भनेर २०६३ साल जेठ ४ गते घोषणा गरी सकेको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ४ मा नेपाल राज्य धर्मनिरपेक्ष हुने (नेपालको अन्तरिम संविधान, २०६३:१) भन्ने व्यवस्था भै सकेको छ । यसअघि नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाल हिन्दू अधिराज्य भनि घोषणा गरिएको थियो । यसरी नेपाल राज्य धर्मनिरपेक्ष घोषणा गरिए पनि आमुल परिवर्तन भै आफ्नो धर्म र संस्कृतिबाट अलग्गिने, अन्य कुनै धर्मले नयाँ स्थान ओगट्ने संभावना भने देखिदैन । यहा अध्ययनको विषय ब्राह्मण समुदायको छ । ब्राह्मण समुदायका मानिसहरु अधिकांश हिन्दू धर्मावलम्वी छन् । यो धर्मनिरपेक्ष राज्यको घोषणाले यस समुदायलाई कुनै असर गर्दैन वरु कुनै व्यक्तिले कुनै धर्म मान्न नचाहेमा स्वतन्त्र पूर्वक बस्न पाउँछ । ब्राह्मण समुदायका मानिसहरु अधिकांश हिन्दू धर्मालम्वी भएका हूँदा तिनको धर्म संस्कृति र परम्परा र संस्कार एउटै रहेको छ । समग्रमा हिन्दू धर्म, परम्परा र संस्कृतिका आधारमा सबै संस्कारहरु भएको पाइन्छ ।

अध्याय चार :

# उपसंहार

जातकर्म, चुडाकर्मजस्ता संस्कारहरु घरपरिवार तथा सम्वन्धित व्यक्तिको स्वास्थ्य तथा सफाईसित सम्बन्धित हुनाले तिनीहरुको साङ्केतिक महत्व छ । नामकरण, उपनयन, अन्त्यष्टि आदि संस्कारहरुको सामाजिक र धार्मिक महत्व छ । विवाहको सामाजिक, धार्मिक र नैतिक महत्व छ । विवाहबाट दुई अलग अलग व्यक्तिहरुको सम्वन्ध भई एकअर्काको निकट आउने अवसर प्राप्त हुन्छ । यसबाट व्यक्तिले गृहस्थ बनेर आफ्ना सामाजिक तथा अन्य दायित्वहरु पुरा गर्ने अवसर प्राप्त गर्छ । विवाह नगरी बसे पितृ ऋणबाट मुक्त हुन नसकिने र देवताहरु पनि रिसाउने हुनाले यसको धार्मिक महत्व पनि छ ।(खत्रि, बि.स  २०५८, पृ: १४१) अवलोकनका क्रममा विवाहका सबै विधिहरु धर्मशास्त्रअनुशार नै सम्पन्न गरिएको पाइयो । यो बन्धनको साक्षी अग्नि तथा अनेक देवदेवतासमेत हुने हुनाले यसबाट सजिलै अलग हुन र सम्वन्धलाई खारेज गर्न सकिदैन । यसमा नैतिकताको प्रश्न अघि सर्छ ।विवाह अघि सम्पन्न गरिने उपनयन र वेदारम्भ संस्कार शैक्षिक संस्कार मानिन्छन् । उसबेला शैक्षिक केन्द्र वा प्रतिष्ठान हुदैनथ्यो । तसर्थ यस्ता संस्कार गरेपछि व्यक्तिले शिक्षा आर्जन गर्नुपर्थ्यो । उपनयनको उमेरमा पुगेपछि व्यक्तिलाई उसको कर्तव्यबोध हुने हुनाले यस्ता संस्कारवाट उसको चेतनाको जागृति पनि हुन्थ्यो अथवा, संक्षेपमा भन्ने हो भने व्यक्तिको सर्वाङ्गीण विकास गर्नु उस बेला संस्कारहरुको लक्ष्य थियो र अहिले पनि छ । जीवनको अन्तिम संस्कार अन्त्यष्टि मृत्युसित सम्वन्धित छ । स्मृतिकालमा संस्कारहरु जन्मबाट शुरु भएर अन्त्यष्टिमा सकिन्छन् भन्ने धारणा लोकप्रीय भयो । यसभन्दा पहिले भने संस्कार विवाहबाट शुरु भएको मानिन्थ्यो । अन्त्यष्टि संस्कारको एकमात्र मुख्य लक्ष्य हो मुक्ति, किनभने जीवनभरि सुख र दुखसित सङ्घर्ष गर्दै आएको व्यक्ति एक दिन मृत्युसम्मुख पुग्दछ । थकित बटुवाले विश्राम वा खोजेझै उसले पनि विश्रामको

आवश्यकता अनुभव गर्छ । सबै प्रकारका कष्टहरु, खास गरी जन्म मरणको चक्रबाट व्यक्ति मुक्ति चाहन्छ । यसैले मृत्यु मुक्ति पनि हो ।

हिन्दू संस्कारहरुपनि वैदिककालदेखि अहिलेसम्मको इतिहास हेरेमा समयानुसार बदलिएका देखिन्छन । वर्तमान युगमा भने यो गति तीब्र भएको देखिन्छ । पश्चिम सभ्यताको प्रभाव, संस्कारहरुमै निहित अपरिवर्तनशीलता र अव्यावहारिक तथा जीवनप्रतिको धारणामा आउन लागेको परिवर्तन आदि कारणहरुले हाम्रा संस्कारहरुको स्थिति पहिलेजस्तो छैन । हिन्दू समाजमा संस्कारहरुको मान्यता त्यति कम हुदैगएको छैन, तापनि विधिहरुमा धेरै हेरफेर र काटछाट भएको देखिन्छ । त्यसैले हाम्रा धेरै संस्कारहरुमध्य कतिपय घट्दैजाने र बाकि संस्कारहरुको पनि विधिमा लघुता आउने कुरालाई उपेक्षा गर्न सकिदैन । कास्किमा ब्राहमण समुदाएमा प्रचलित प्रमुख संस्कारहरुमा जातकर्म, नामाङकरण, अन्नप्राशन, चुडाकर्म, उपनयन, विवाह र अन्त्यष्टि नै प्रमुख हुन । यसबाहेकजन्मोत्सव र विवाह उत्सव पनि प्राचिन कालदेखि मनाउदै आएको देखिन्छ । यि उत्सवहरु  अहिलेको अवस्थामा अझ बढि भव्य रुपमा गरिने गरिन्छ ।

# सन्दर्भ सामग्री सुची


अधिकारी, नारायण प्रसाद (बि.स २०७५), *हाम्रा सोह्र संस्कार,* सङ्गम काठमाण्डौ : बुक्स पब्लिकेसन प्रा. लि ।

केन्द्रीय तथ्याकं विभाग (बि.स २०६८), *जनगणना प्रतिवेदन* , काठमाडौ : केन्द्रीय तथ्यांक विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (बि.स २०७४), *कास्कीको तथ्याङ्कीय झलक,* तथ्याङ्क कार्यालय, कास्की ।

कानुन तथा न्याय मन्त्रालय (बि.स २०६३), *नेपालको अन्तरिम संविधान २०६३,* काठमाण्डौ, किताव व्यवस्था समिति ।

खत्री, प्रेम (बि.स २०४४), *नेपाली समाज र संस्कृति,* काठमाण्डौ : साझा प्रकाशन ।

चापागाई, निनु (बि.स २०६४), *समाज र संस्कृति,* काठमाडौ : विबेक सिर्जनशील प्रकाशन ।

पाण्डे, राजबली (सन् १९८५), *हिन्दु संस्कार,* वाराणसी : खम्बा प्रकाशन ।

प्रभु, पि. एच, (सन् १९७९), *हिन्दु सोशियल अर्गनाईजेसन,* बम्बई, पपुलर प्रकाशन ।

बराल, वासु (बि.स. २०४४), *हिन्दु सामाजिक संगठनको प्रारुप,* काठमाण्डौ, : साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर (बि.स २०६६), *सबै जातको फुलबारी,* काठमाण्डौ : हिमाल बितरण प्रा. लि ।

राइट, ड्यानियल (सन् १९९०), , *हिष्ट्री अफ नेपाल,* न्यु दिल्ली :एशियन पब्लिकेशन सर्भिस ।

रेग्मी, जगदीश चन्द्र (बि.स २०३१), *नेपालको धार्मिक इतिहास,* काठमाण्डौ : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनकलाल (बि.स २०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाण्डौ : साझा प्रकाशन ।

शर्मा, बालचन्द्र (वि.स २०२०), *नेपाली संस्कृति,* काठमाण्डौ :साझा प्रकाशन ।

हप्किन्स, ई. डब्ल्यु (सन् १८९५), *रिलिजन्स अफ इण्डिया,* लण्डनः गिन एण्ड कम्पनि ।

क्षेत्री गणेश र खतिवडा सोम (बि.स.२०५४), *हिन्दु समाज र धर्म,* विराटनगर : शिवा प्रकाशन ।

क्षेत्री, दिल बहादुर (बि.स २०७४), *खस समुदायः आन्दोलन र उपलब्धी,* पोखरा : ओजन अफसेट प्रेस ।

# सान्दर्भिक तस्वीरहरु :



फोटो नं. १: हिन्दु परम्परा अनुशार अन्न प्राशान संस्कार अर्न्तगत बालकलाई अन्न खुवाइदै



फोटो नं २: चुडाकर्म अर्न्तगत कपाल मुण्डन गरिदै गरेको अवस्था



फोटो नं. ३: उपनयन संस्कार गरिदै गरेको अवस्थामा



फोटो नं. ४: विवाह संस्कार अन्तर्गत विवाहको लागी तयार अवस्थामा टिका लगाउदै दुलाहा



फोटो नं. ५: विवाह संस्कार सकियपछिको दुलाह र दुलहिको संयुक्त तस्वीर



फोटो नं. ६: अन्त्यष्टि संस्कार अर्न्तगत दाह संस्कार गरिदै मृतक र परिवार